Vol. 1, No. 1, 2020

ISSN: 2738-9502

# Kanakai Journal

Published by

**Research Management and Publication Cell**

**KANAKAI MULTIPLE CAMPUS**

**Surunga, Jhapa**

Website: www.kanakaicampus.edu.np

Email: kanakai.campus47@gmail.com

Telephone: 023-550153

**Advisory Board**

Rajendra Adhikari, Lecturer, Mechi Multiple Campus, Jhapa
Ganesh Dahal, Lecturer, Sukuna Multiple Campus, Morang
Dilli Prasad Bhattarai, Lecturer, Damak Multiple Campus, Jhapa

**Reviewers**

Prof. Dr. Parashmani Bhandari
Prof. Dr. R.K. Shah
Prof. Dr. Ganga Prasad Adhikari
Associate Prof. Dr. Jiban Khadka
Associate Prof. Dr. Kamal Paudel
Punya Prasad Bhattarai

**Editorial Board**

Jibnath Subedi (Editor-in-Chief)
Rudra Bahadur Thapa (Member)
Yonden Sunuwar (Member)

Published by

**Research Management and Publication Cell**

**Kanakai Multiple Campus**

**Surunga, Jhapa**

Website: www.kanakaicampus.edu.np
Email: kanakai.campus47@gmail.com
Telephone: 023-550153

Journal : Kanakai Journal

ISSN : **2738-9502**

Published Year : 2020 (2077 B.S.)

Publisher : Research Management and Publication Cell (RMPC)

Kanakai Multiple Campus, Surunga, Jhapa, Nepal

Price : NRs. 500.00 (US $ 10.00, Outside Nepal)

Printed by : Buddha Offset Press, Birtamod, Jhapa

9852682233, 9842710233

**Special Note**:
The Editorial Board and Publisher have no responsibility regarding the statements and opinions expressed by the authors of each article published in this journal.

**Kanakai Multiple Campus, Surunga, Jhapa**

**Research Management and Publication Committee**

Coordinator: Sher Bahadur Baniya
Member: Kamala Bhandari
Member: Yonden Sunuwar
Member: Rudra Gautam
Member: Amit Prasai

# Editorial

Kanakai Multiple Campus has spent several years to witness its first journal 'Kanakai Journal' in the hands of the readers. As it is our very first attempt of this kind, we believe our errors are forgiven though the Editorial Board has taken reasonable care in the preparation of this book.

The Journal includes peer-reviewed and non peer-reviewed articles from different genres and faculties like Management, Humanities, Education, Language, Literature and Economics. The editors take no expressed or implied warranty of any kind and assume no responsibility in connection with any articles. However, the liability of the editors can be sought in the fundamentals of research like article format and technical aspects.

We are thankful to the Campus Management Committee, Advisory Board, Peer-reviewers, Campus Administration and concerned all who have helped us in the odyssey of publication of this Journal.

Editorial Board

## Table of Contents


| S.N. | Title of the article | Author | Page |
|---|---|---|---|
| 1 | A Comparative Study of Campuses under TU | Bikash Prasad Uprety | 1 |
| 2 | कार्यमूलक व्याकरण: अवधारणा र प्रयोग | Sher Bahadur Baniya | 13 |
| 3 | *ऋतुविचार* खण्डकाव्यको 'शरद्विचार'मा उपमा अलङ्कार | Jibanath Subedi | 25 |
| 4 | औपचारिक शिक्षामा सामाजिक न्यायको नीतिगत व्यवस्था | Thakur Prasad Rasaili | 36 |
| 5 | सङ्कथन निर्माणमा सम्बद्धन र सम्बद्धकको भूमिका | Bishnu Prasad Koirala | 47 |
| 6 | English Medium Instruction in Community Schools: Institutional Readiness and Sustainability | Rudra Bahadur Thapa | 58 |
| 7 | 'चुनौती' कथामा नारीवाद | Kamala Devi Bhandari (Subedi) | 69 |
| 8 | Criteria for Ranking Community Schools through the Lens of Different Qualities : Context of Nepali Schools | Yonden Sunuwar | 78 |
| 9 | Determinants of Inflation in Nepal | Rudra Gautam | 95 |
| 10 | यौनमनोविज्ञानका आधारमा श्वेतभैरवी कथाको विश्लेषण | Dinesh Kumar Timsina | 108 |
| 11 | आधारभूत तहका बालबालिकाको चिठीलेखन | Arun Bastola | 116 |
| 12 | Reflection of Fishermen Community in Bikal's *Abiral Bagdachha Indrawati* | Durga Kafle | 128 |
| 13 | Core Issues in the The Blue Mimosa by Parijat | Amit Prasai | 143 |

# A Comparative Study of Campuses under Tribhuvan University

- Bikash Prasad Uprety*

**Abstract**

*This research makes a comparative analysis between the different types of campuses under Tribhuvan University. The issues like number of campuses with their increasing pattern, enrollment trend of students, public financing upon the universities/campuses and Gender Parity Index have been analyzed on the basis of EMIS report form 2009/10 to 2017/18. Upon the closer inspection on the data, the ratio of public financing as per the students number was found very high in the constituent campuses and Gender parity index was in favor of girls in the community and private campuses.*

***Keywords:*** *Public financing, gender parity index, enrollment, higher education*

## Introduction

Tribhuvan University was established in 2016 B.S. (1959 A.D.). It is one of the oldest and largest universities of Nepal. On the basis of control and funding, it has two types of campuses i.e. constituent and affiliated. Affiliated campuses are also categorized into two types i.e. community and private campuses. Since a couple of decades, the university has adopted the policy to increase affiliation instead of increasing constituent campuses. Tribhuvan University contains four faculties to offer courses of management, humanities and social science, education and law. The institutes are technical in nature offering some specialized technical courses on: Science and Technology, Forestry, Agriculture and Animal Science, Medicine and Engineering. For the research activities of different field of economic, social & other aspects, it consists of four research centers i.e. center for Economic Development and Administration (CEDA), Research Centre for Educational Innovation and Development (CERID) Centre for Nepal and Asian studies (CNAS) and Research centre for Applied science and Technology (RECAST). T.U. holds around 80 percent students of the total higher education including more than 173 academic programs at the Bachelor, Master, M.Phil. & Ph.D. levels.

In the history of Higher Education Institute in Nepal, the first Higher Academic Institute was Tri-Chandra College established in 1975 B.S. (1918 A.D.) during the Rana regime under the affiliation of Patan Calcutta University of India.

In the present context Eleven Universities and some medical academies having their constituent and affiliated colleges are providing education on various programs of different faculties and levels to the students.

The eleven full Universities are: Tribhuvan University, TU (1959 A.D.), Nepal Sanskrit University, NSU (1986 A.D.), Kathmandu University, KU (1991 A.D.), Purbanchal University, PU (1995 A.D.), Pokhara University, PokU (1997 A.D.), Lumbini Bouddha University, LBU (2005 A.D.), Agriculture and Forestry University, AFU (2010 A.D.), Mid-Western University, MWU (2010 A.D.), Far-Western university, FWU (2010 A.D.) Nepal Open University NOU (2017) and RajarshiJanak University, RJU (2017) providing higher academic education and research activities.

The several autonomous Medical Academic institutions B.P. Koirala Institute of Health Science, B.P.KIHS (1993 A.D.), National Academy of medical sciences, NAMS (2002 A.D.), Patan Academy of Health Science, PAHS (2009 A.D.) and Karnali Academy of Health Sciences KAHS (2011 A.D.) beside them Rapti Academy of Health Sciences, Gandaki Academy of Health Sciences etc. are providing medical services, Medical education and research activities in medical Field in the nation.

To relate to the context of the study, is to analyze different types of campuses, subjects number of students, increasing or decreasing trend of different types of campuses and students, policy implement of government funding in higher education, discrimination in funding, gender parity index of different types of campuses.

These some subject of theoretical analysis of different position of higher education in Tribhuvan University may reflect the real scenario of various aspects.

## Theoretical Framework

In this study I have used management science theory which is also known as mathematical or quantitative theory of management. This theory uses the mathematical and statistical tools and tabulations for describing the different indicators or variables relating to the types of campus, number of different types of campuses, enrollment position, student teachers' ratio, government funding towards different types of campuses, Gender Parity Index of different types of campus. As the largest university of

Nepal, How Tribhuvan University (TU) holds different types of campuses and their numbers including increasing or decreasing trends are studied in mathematical bases.

**Research paradigm and methods**

The study builds on the interpretive, analytical and suggestive paradigm which provides a framework for understanding operation and control system of TU in connection to the analysis of ratios of number of campuses and number of students during 2009/10 to 2017/18, i.e. the period of nine years. Mathematical or numerical figures indicate the different situations of constituent, community and private campuses of TU.

This study has adopted secondary method of data collection. Having a checklist of analyzing the increasing numbers of community and private campuses during 2009/10 to 2017/18 and increasing trends of students during the same period. But the constituent campuses remained constant during nine years period whereas number of students decreased around 44%. The concepts of reliability and validity are relevant to the quantitative research. Most of the data of this study have been taken from the EMIS report on Higher Education 2017/18, Nepal published by University Grants Commission Nepal.

In this study comparison of mathematical figures are used to analyze the various status of different campuses during the period 2009/10 to 2017/18 of TU.

## Results and Discussion

Three relevant topics are analyzed separately in presorting the situation during the period responses: Comparative study among campuses, public financing for Higher Education in Nepal and current Gender Parity Index (GPI) of Higher Education in Nepal.

**A. Campuses of Tribhuvan University and Enrollment Pattern**

The main objectives of all campuses are to provide quality higher education and to produce graduates of higher academic levels. Constituent campuses are the university's own campuses and fully operated by public fund. They are managed and controlled by the university's own rules and regulations. The huge numbers of community and private campuses are also affiliated in TU. Their objectives, organizational structure, operational and management system are quite different than that of the constituent campuses. The operation and management system between community and private campuses are also quite different with each other. Generally the

community and private campuses are autonomous from operational and financial perspective.

In this research, increasing or decreasing trends, number of students and average number of students in constituent, community and private campuses are analyzed comparatively.

### A. i Number of campuses and their increasing or decreasing Trends

Table 1

*No. of TU campuses and enrollment since 2009/10 to 2017/18*

| Campus | 9/10 | 10/11 | 11/12 | 12/13 | 13/14 | 14/15 | 15/16 | 16/17 | 17/18 |
|---|---|---|---|---|---|---|---|---|---|
| No. of Constituent campus | 60 | 60 | 60 | 60 | 60 | 60 | 60 | 60 | 60 |
| No. of Community campus | 294 | 530 | 336 | 442 | 424 | 425 | 524 | 524 | 500 |
| No. of Private Campus | 438 | 296 | 525 | 559 | 639 | 638 | 577 | 577 | 580 |
| **Total** | **792** | **886** | **921** | **1041** | **1123** | **1123** | **1161** | **1161** | **1140** |
| Enrollment | | | | | | | | | |
| Constituent | 196826 | 159394 | 156104 | 196985 | 126590 | 110194 | 102085 | 121241 | 110615 |
| Community | 126174 | 140323 | 128186 | 171191 | 149044 | 127971 | 110013 | 105646 | 127470 |
| Private | 51706 | 75290 | 77535 | 132541 | 108865 | 95739 | 72355 | 144297 | 97041 |
| **Total** | **374706** | **375007** | **361825** | **500717** | **384499** | **333904** | **284453** | **289566** | **335126** |
| Total Average no. Students per campus | | | | | | | | | |
| Constituent | 3280 | 2657 | 2602 | 3283 | 2110 | 1837 | 1701 | 2021 | 1844 |
| Community | 429 | 265 | 382 | 406 | 352 | 301 | 210 | 202 | 255 |
| Private | 118 | 254 | 148 | 237 | 170 | 150 | 125 | 250 | 167 |
| Share of students in percentage | | | | | | | | | |
| Constituent | 52.53 | 42.50 | 43.14 | 39.34 | 32.92 | 33 | 35.89 | 41.87 | 33 |
| Community | 33.67 | 37.42 | 35.43 | 34.19 | 38.76 | 38.33 | 38.68 | 36.48 | 38.04 |
| Private | 13.8 | 20.08 | 21.43 | 26.47 | 28.32 | 28.67 | 25.43 | 21.65 | 29.96 |

Source: EMIS, Report on higher education 2017/18




Figure 1. Trend lines of number of campuses

**The increasing or decreasing trend of No. of campuses of different categories**

On the study of Table 1, the numbers of constituent campuses were 60 in the year 2009/10. But they remained constant during nine years i.e. as in the year 2017/18 also. The numbers of community campuses in the year 2009/10 were 294, in the year 2013/14 community campuses were increased by the number of 130 and has become total 424, it means after four years the number of community campuses were increased by 42.22%. Whereas at the last of the year 2017/18 the total number of community campuses were increased by the number 206 and has become total 500. It shows the increase of community campuses of TU was 70%.

In the fiscal year 2009/10, the numbers of private campuses were 438. In the year 2013/14 the number private campuses were increased by 201, it means after four year the number of private campuses were increased by 45.89%, whereas at the last of the year 2017/18 the total number of private campuses have become 580. So, during the nine years period in Fiscal year 2017/18, the numbers of private campuses were increased by 32.42%. It denotes that in comparison with the mid seassion the number of private campuses has decreased but it is increased in comparison with the starting year. So, more fluctuation has been seen in the number of private campuses during nine years period.

### A. ii Enrollment in different types of campuses of Tribhuvan University

The enrollment of students in different levels and faculties and institutes of constituent campuses in the year 2009/10 was 196826. In the year 2013/14 the enrollment of constituent campuses has become 126590, it means the number of students after four years were decreased by 35.68%. In the year 2017/18 the numbers of students were 110615 which denotes that the decrease of students after eight years was 43.8% of constituent campuses of TU.

The enrollment of students in different levels of faculties and institutes of community campuses in the year 2009/10 was 126174. In the year 2013/14 the enrollment of community campuses was 149044. It means the enrollment after four years has increased by 18.13%. in the year 2017/18 the number of students has found 127470 which denotes the increased students after eight years has been 1%.

The enrollment of students in different levels and faculties and institutes of private campuses in the year 2009/10 was 51706. In the year 2013/14 the enrollment of private campuses was 108865. It means the enrollment after four year has increased by 110.55%. In the year 2017/18 the number of students has been 97041 which shows the increasing trend after eight year has found 87.68%.

**Enrollment position of different types of campuses in TU**




Figure 2. Enrollment position of different types of campuses in TU

**A. iii Average numbers of students per campus.**

The average number of students of different types of campuses during eight years has a vast difference among the constituent, community and private campuses. In the year 2009/10, the average numbers of students of constituent campuses were 3280 whereas the community campuses and private campuses were 429 and 118 respectively. It shows the average number of students of constituent campuses were 7.65 and 27.8 times more than average number of students of community and private campuses respectively. It shows that, the large numbers of students study in constituent campuses but the numbers of campuses were limited in comparison to the community and private campuses.

In the year 2013/14, the average numbers of students of constituent campuses were 2110 while the average number of students of community and private campuses were 352 and 170 respectively. It shows that the average number of students of constituent campuses after four year were decreased by 35.67%/, in the same period the average number of students of community campuses has been decreased by 17.95% but the average number of students of private campuses has been increased by 44%. On the analysis of these deviation it is found that the attraction of students in private campuses were in increasing trend.

In the year 2017/18, the average number of students in constituent campuses were 1844 while the average number of students of community and private campus were 255 and 167 respectively. It shows that the average number of students of constituent campuses after nine years were decreased by 43.78%. During the same period the average number of students of community campuses has been decreased by 40.56% but the average number of students of private campuses after nine years period has been increased by 41.52%. On the analysis of deviation during nine years period, it is found that the attraction of private campuses has found satisfactory form.




Figure 3. Average number of students per campus

**A. iv Share of students in different campuses.**

The share of students denotes the total percentage of students in different types of campuses of Tribhuvan University. In the year 2009/10 constituent campuses contained 52.53% of total students of T.U. In the same year the community campuses and private campuses contained the student's ratio were 33.67% and 13.8% respectively.

In the year 2013/14 constituent campuses contained 32.92% of students, the community campuses and private campuses contain the student's ratio were 38.76% and 28.32% respectively., which also denotes that the share of number of students of private campus were increased where during four years period the share of constituent campuses were decreased around 20%. In the year 2017/18 the share of students in constituent campuses were 33% that community campuses and private campuses contained 38.04% and 29.96% respectively.

**B. Public Financing for Higher Education in Nepal**

Public financing in higher education plays crucial role in most of the developing countries. Because most of the people of developing and under developed countries are unable to bear entire higher education expenditure themselves. In the reference of Nepal, all university receive financial aids from ministry of education via university Grants commission. Comparative volume of budget provided to different universities via university Grants Commission in the year 2017/18 are different in numeric form.

Table 2

*Budget distributed in different universities*

| S.N. | University | NRs. In Billion | Students Enrollment | Budget per student in NRs. |
|---|---|---|---|---|
| 1 | Tribhuwan University | 6.73 | 110615 | 60,842 |
| 2 | Nepal Sanskrit University | 0.57 | 3190 | 1,78,683 |
| 3 | Purbanchal University | 0.13 | 2607 | 49,866 |
| 4 | Pokhara University | 0.13 | 2080 | 62,500 |
| 5 | Kathmandu University | 0.15 | 7806 | 19,216 |
| 6 | Lumbini Bouddha University | 0.11 | 192 | 5,72,917 |

| | | | | |
|---|---|---|---|---|
| 7 | Mid Western University | 0.38 | 3224 | 1,17,866 |
| 8 | Far Western University | 0.28 | 3686 | 75,963 |
| 9 | Agriculture and Forestry University | 0.67 | 1978 | 3,38,726 |
| 10 | Nepal Open University | 0.10 | 593 | 1,68,634 |
| 11 | Rajarshi University | 0.05 | 81 | 6,17,284 |
| Total | | 9.31 | | |

Source: EMIS, Report on higher education 2017/18

The distribution of budget of different university in the year 2017/18 contained the capital as well as revenue/general expenditure. But per student budget distribution of different university have a big gap. Per student expenditure of Rajarshi Janak University is Rs.617284. This is the highest student expenditure whereas per student expenditure of Kathmandu University is Rs.19216. In comparison between two indicator, the per student expenditure of Rajarshi Janak University is 32.12 times more. So, the indicators of per student cost are not distributed equally even in all university.

Table 3

*Budget distributed to community campuses in the year 2017/18*

| S.N. | Types of Grants | In million | Students Enrollment | Budget per students |
|---|---|---|---|---|
| 1. | Regular grants | 320.49 | 127470 | 2514 |
| 2. | Physical Development Grants | 196.02 | | 1538 |
| Total | | 516.51 | | 4052 |

Source: EMIS, Report on higher education 2017/18

In the year 2017/18, the University Grants Commission distributed Rs.730 million to the different constituent campuses of different three universities of total number of student 2251.

Table 4

*Comparative study of public financing for constituent and community campuses*

| S.N. | Campuses | Budget distributed in million | No. of students | Cost per students in NRs. |
|---|---|---|---|---|
| 1. | All constituent campuses of eleven universities | 9310 | 136052 | 68430 |
| 2. | Constituent campuses of three universities with higher rank cost. | 730 | 2251 | 324300 |
| 3. | All public campuses | 516.51 | 127470 | 4052 |

Source: EMIS, Report on higher education 2017/18

Above figure shows the public financing to the community campuses are very nominal rather than constituent campuses. Even the public campuses have no any other strong financial resource except student's fees. There is also major constraint to increase fee structure in community campuses because most of the community campuses are established to provide quality higher education in different sub urban, rural and remote areas in nominal fees rate to provide higher education to the poor Nepalese people.

**C. Gender Parity Index in Tribhuwan University**

Gender parity index refers to the access of female students in education. In this study it refers the access of female students in higher education of Tribhuwan University.

Table 5

*The accessibility position of female students in different types of campuses of TU in 2017/18*

| S.N. | Campuses | No. of campuses | Male students | Female students | GPI |
|---|---|---|---|---|---|
| 1. | Constituent | 60 | 59562 | 51053 | 0.86 |
| 2. | Community | 500 | 44860 | 82610 | 1.84 |
| 3. | Private | 580 | 47282 | 49759 | 1.05 |
| Total | | 1140 | 151704 | 183422 | 1.21 |

*Source: EMIS, Report on higher education 2017/18.*

$$\text{GPI} = \frac{Female\ Enrolment}{Male\ Enrolment}$$

The GPI value of 1 indicates parity between male and female, GPI less than 1 indicates a disparity in favour the male students; where as a GPI more than 1 indicates a disparity in favor of female students.

Above table shows the GPI of constituent campuses of Tribhuwan University in the year 2017/18 is 0.86. It reveals in every female students, there are 100 male students. Which refers a disparity in favour of male students.

The GPI of community campuses of Tribhuwan University in the year 2017/18 is 1.84. It denotes in every 184 female students, there are 100 male students. Which indicates a disparity in favour of female students.

The GPI of private campus of Tribhuwan University in the year 2017/18 is 1.05. It denotes in every 105 female students, there are 100 male students. So, it indicates a disparity in favour of female students.

The Total GPI of Tribhuwan University in combined form of constituent, community and private campuses in every 121 female students, there are 100 male students which indicates a disparity in favour of female students as a whole.

In totality, it reflects that the attraction and participation of female students in higher education is greater than the participation of male students. The contribution of community campuses in female higher education is in higher position.

## Findings and Conclusion

TU is the oldest and the largest university of Nepal. The average enrollment of students in Tribhuvan University is 79.30% which shows that it is still the first choice of the students so far. However, in between the different types campuses under TU, the allocation of the fund does not seem to have judiciously distributed. The community campuses, where the majority of the students are enrolled, are not proportionately supported by the government in comparison to the constituent campuses. Moreover, the GPI of the community and private campuses is higher than the constituent campuses and less financial support they receive means, the female students still do not enjoy the adequate support from the government as per the policy.

As per the average students per campus in different category campuses, the private campuses have witnessed an increase however there is a decreasing trend in the other two. The number of affiliated campuses seems to have increased during the last decade. In the analysis of public funding in higher education, the government of Nepal seems to bear an expenditure of almost one third students. In the year 2017/18, the government fund to one of the constituent campuses named Rajarshi Janak University was allocated Rs.50 million while there were only 81 students enrolled. In the same year Rs.516.57 million was allocated to the community campuses where the total number of

students was 127470. It shows a distinct disparity in between two institutions. While the students from the campus of Rajarshi Janak University entertain 152 times more financial support from the government, it is really questionable. At the same time, the government has no policy to provide grants to the private sector higher education.

During the nine years period, the number of constituent campuses remained constant i.e. 60 which shows that adding the number of constituent campuses is no longer a priority of the government of Nepal and TU. During the same period, the number of affiliated campuses has been increased by 47.54% indicating that they are going to have a large share in the recent future in higher education.

In general, the total number of students in TU in between a decade has declined by 10.56% despite the fact that the total number of population has increased by 25,39,000. Although it is a matter of thorough research, however the general assumptions in the decrease can be the establishment of other universities, study abroad pattern, foreign employment, government policy, people's distraction towards higher education etc.

**References**

Central Bureau of Statistics. (2068). *Census*. Kathmandu: Author.

Poudyal, S.R.& Pradhan, G.M. (2019). *Principle of Management*. Kathmandu: Advance Saraswati Prakashan.

University Grants Commission. (2017/18). *EMIS Report on higher education*. Kathmandu: Author.

---

* Lecturer, Campus Chief, Kanakai Multiple Campus, Surunga, Jhapa, Nepal.
email: bikashuprety416@gmail.com

# कार्यमूलक व्याकरण : अवधारणा र प्रयोग

**- सेरबहादुर बानियाँ** *

## सारकथन

*कार्यमूलक व्याकरणले सन् १९७० देखि भाषा विज्ञानको क्षेत्रमा विभिन्न विदेशी विद्वानहरूको ध्यान खिचेको देखिन्छ तापनि नेपाली व्याकरण शिक्षणका क्षेत्रमा अझै पनि नयाँ छ । कक्षा शिक्षणमा यसको प्रयोग सम्बन्धमा प्रशस्त विरोधाभासहरू छन् । व्याकरण शिक्षणका सन्दर्भमा यसका थुप्रै फाइदाहरू छन् । यसले भाषा र व्याकरण शिक्षण सिकाइमा सरलता ल्याउन मद्दत गर्ने निश्चित छ । भाषा प्रयोग, सम्पादन र व्याकरणिक तत्त्वले भाषामा गर्ने कार्य कार्यका आधारमा सिक्ने सिकाउने व्याकरण नै कार्यमूलक व्याकरण हो । यसलाई भाषा-व्याकरण, प्रयोग-प्रयुक्ति र व्याकरणिक सचेततासँग सम्बन्धित तुल्याई बझ्नु पर्दछ । यो परम्परागत व्याकरण शिक्षणभन्दा भिन्न प्रकृतिको छ । यस परिप्रेक्ष्यमा प्रस्तुत लेखमा पुस्तकालय विधिमार्फत आवश्यक पृष्ठभूमिका साथ कार्यमूलक व्याकरणको अवधारणा, परम्परागत व्याकरण र कार्यमूलक व्याकरणबिच भिन्नता, प्रयोग र प्रयुक्तिका रूपमा कार्यमूलक व्याकरण, व्याकरणगत सचेतताको विकासका लागि कार्यमूलक व्याकरणको भूमिका र कार्यमूलक व्याकरण शिक्षणका प्रयोग र अभ्यास सम्बन्धी चर्चा गरिएको छ ।*

**मुख्य शब्द :** कार्यमूलक, सामर्थ्य, सम्पादन, प्रयोग, प्रयुक्ति, व्याकरणगत सचेतता, परम्परागत, प्रायोगिक, उत्पादन, अनुभावाश्रित, संरचनागत, स्तरण, भाषातत्त्व, आलेख ।

## परिचय

भाषाको नियम र व्यवस्थालाई व्याकरण भनिन्छ । यसले शुद्ध लेख्न र बोल्न सिकाउँछ । कुनै पनि भाषालाई शुद्ध, स्तरीय, मानक र व्यवस्थित बनाउन व्याकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । व्याकरण शब्दको निर्माण वि+आ+कृ+अन बाट भएको पाइन्छ, जसको अर्थ भाषिक नियम भन्ने हुन्छ । व्याकरण भन्नाले भाषाको व्यवस्था भित्र रहेका नियमहरूको उदाहरण सहित वर्णन र व्याख्या बुझिन्छ (प्रधान, २०७४: १) । नेपाली बृहत् शब्दकोश (२०४०) मा 'व्याकरण' शब्दको अर्थ कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनका संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनुका साथै शब्द, वाक्यको शुद्ध प्रयोग गर्ने, नियमहरूको निरूपण गर्ने शास्त्र; शब्द तथा वाक्य सम्बन्धी नियम र उदाहरणको संकलन गर्ने शास्त्र भनेर दिइएको छ । यसै गरी प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) का अनुसार भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिमा अन्तर्निहित व्यवस्था तथा भाषाको व्यवस्था भित्र रहेका नियमहरूको उदाहरण सहित वर्णन तथा व्याख्या भनिएको छ । साथै कार्यमूलकको अर्थ कार्य नै मुख्य उद्देश्य भएको, व्यवहार वा प्रयोगमा जोड दिने, व्यावहारिक भनी उल्लेख गरिएको छ ।

यस प्रकार कार्यमूलक व्याकरण भन्नाले भाषाको प्रयोग र कार्यका आधारमा सिक्ने सिकाइने व्याकरणका रूपमा बुझ्नु पर्दछ । व्याकरणिक तत्त्वले भाषामा गर्ने कार्यका आधारमा व्यवस्थित व्याकरण नै कार्यमूलक व्याकरण हो ।

परम्परागत व्याकरण र कार्यमूलक व्याकरणमा ठूलो अन्तर पाइन्छ । परम्परागत रूपमा शुद्ध बोल्न र लेख्न सिकाउने शास्त्रलाई व्याकरण भनिन्थ्यो तर आधुनिक भाषा विज्ञानले यसलाई भाषाको स्वरूप व्याख्या गर्ने माध्यमका रूपमा लिन्छ । सिकाइलाई प्रयोग र अभ्यासका माध्यमबाट शुद्ध प्रयोग गर्ने आदत बसाउन मद्दत गर्दछ । सिकारुले प्रयोग गरेको भाषाभित्रको स्वरूप व्याख्या गर्छ । संरचनाको व्याख्या गर्दछ । व्याकरणलाई नियमबाट होइन, प्रयोगबाट सिकाउने अभ्यास गराउँछ । वर्तमान पाठ्यक्रम अनुसार माध्यमिक तहसम्मको पाठ्यपुस्तकका अभ्यास खण्डमा कार्यमूलक व्याकरण राखिएको छ । साथै अभ्यासमूलक तरिकाले सिकाउन खोजिएको छ । उदाहरणका माध्यमबाट व्याकरणका धारणा दिनुपर्छ र पाठका अनुच्छेदबाट अभ्यास गराउनु पर्छ भन्ने दृष्टिकोण राखिएको छ ।

व्याकरण त्यो विधा हो, जसद्वारा कुनै भाषा शुद्ध  बोल्न शुद्ध पढ्न र शुद्ध लेख्न सकिन्छ । कुनै पनि विकसित भाषा बोल्न, पढ्न र लेख्न भाषाका निश्चित नियमहरूको आवश्यकता पर्दछ । भाषाको शुद्धता र सुन्दरता कायम राख्न तथा बचाइ राख्न नियमहरूको पालना गर्नु पर्दछ । व्याकरण भाषा प्रयोग, अनुशासन र अध्ययनको महत्त्वपूण पक्ष हो । भाषाको उपयुक्त र स्तरीय प्रयोग नै व्याकरण हो । व्याकरण शिक्षणका क्रममा त्यसका नियमहरू छुट्टै नपढाई पाठको प्रसङ्ग वा त्यहाँ प्रयोग भएका व्याकरणका पक्षहरूलाई ध्यान दिएर पाठ प्रसङ्गसँगै व्याकरणको धारणा दिनुलाई कार्यमूलक व्याकरण भनिन्छ । प्राथमिक तहमा व्याकरणका नियमभन्दा प्रयोगमा जोड दिने कुरा उपयुक्त हुन्छ ।

कार्यमूलक व्याकरण माइकल ह्यालिडे (सन् १९६०) द्वारा विकास गरिएको आधुनिक व्याकरणको अवधारणा हो । व्याकरणले  भाषा प्रयोग र संरचना पक्षको व्याख्या गर्दछ । भाषाको नियम बुझ्नु र घोक्नु मात्र व्याकरण होइन । कुनै भाषिक एकाइ कसरी प्रयोग भएको छ र त्यसले खास स्थानमा आएर के काम गरेको छ भनी बुझ्नु र प्रयोग गर्नु खास अर्थमा व्याकरण हो । व्याकरणका नियम बुझेर तथा घोकेर मात्र शुद्ध भाषा प्रयोग गर्न सकिन्न । यो भाषाको प्रयोग पक्षको महत्त्वपूर्ण आधार हो ।

भाषा र व्याकरण प्रयोगको विषय हो । एकातिर जीवनमा औपचारिक शिक्षा नलिएका मानिसले शुद्ध भाषा प्रयाोग गरेको प्रशस्त उदाहरणहरू पाइन्छन् भने अर्कातिर पठित शिक्षितहरूले प्रयोग गरेको भाषामा पनि त्यतिकै अशुद्धता हुने गरेको यत्रतत्र देखिन्छ । त्यसैले व्याकरण पढ्दैमा र नियम घोक्दैमा भाषिक शुद्धता आउछ भन्न सकिदैन । यसर्थ परम्परागत विधिबाट भाषा र व्याकरण सिकाउदैमा भाषिक शुद्धता आउदैन । प्रयोग र प्रसङ्गबाट अभ्यासमूलक तरिकाले व्याकरण सिकाउनु आवश्यक छ । व्याकरण शिक्षण सिकाइको यो अवधारणा नै कार्यमूलक व्याकरण हो ।

आधुनिक मान्यता अनुसार व्याकरणलाई भााषासँग जोडेर हेरिन्छ । भाषा र व्याकरण एक अर्काका पूरक हुन् । भाषा वैज्ञानिकहरू व्याकरणलाई भाषाका रूपगत एवम् वाक्यगत संरचनाको वर्णन र विश्लेषण गर्ने साधन हो भन्ने धारणा राख्दछन् (शर्मा र पौडेल, २०६०, पृ. १६३) । भाषाविना व्याकरणको कल्पना

गर्न सकिदैन । त्यसैले भाषाबाट व्याकरणलाई अलग गरी शिक्षण गरेमा कृत्रिमता मात्र आउँछ । व्याकरण भनेको सम्बन्धित भाषाका मूल वक्ताहरूको भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हो । कुनै बालकले भाषा सिक्ने क्रममा ६/७ वर्षको हुदा हुदै मातृभाषाको व्याकरणसँग परिचित हुन थाल्छ र भाषा सिकाइसँगै व्याकरण सिकाइ पनि स्वत हुदै जान्छ । त्यसबेला व्याकरणलाई बढी औपचारिक तथा सैद्धान्तिक बनाउन खोज्नु हुदैन । सरल प्रयोगबाट व्याकरणसम्मत भाषा सम्प्रेषणमा अभ्यस्त गराउनु उपयुक्त हुन्छ ।

## समस्याकथन र उद्देश्य

नेपाली भाषा शिक्षणका सन्दर्भमा विद्यालय स्तरका भाषा पाठ्यपुस्तकमा कार्यमूलक व्याकरण शिक्षणको अवधारणा ल्याइएको छ । यो व्याकरणिक र भाषा शैक्षणिक दृष्टिकोणले केही नयाँ धारणा हो । कार्यमूलक व्याकरण भनेको के हो ? परम्परगत व्याकरण र कार्यमूलक व्याकरण बिच के कस्तो अन्तर छ ? भाषा र व्याकरणको सम्बन्ध के हो ? व्याकरणमा प्रयोग र प्रयुक्ति के हो र कसरी गराउने र व्याकरणगत सचेतताको विकास कसरी गर्न सकिन्छ भन्ने कुरालाई आवश्यक पृष्ठभूमिका आधारमा स्पष्ट पार्नु यस शोधलेखका मुख्य समस्या हुन् ।

यस शोधलेखका उद्देश्य आवश्यक पृष्ठभूमिका आधारमा तथा भाषा र व्याकरणका सापेक्षतामा कार्यमूलक व्याकरणको परिचय दिनु, प्रयोग र प्रयुक्तिका रूपमा कार्यमूलक व्याकरणलाई पुष्टि गर्नु, व्याकरणगत सचेतताको विकासका माध्यमबाट कार्यमूलक व्याकरणलाई स्पष्ट पार्नु र परम्परगत व्याकरण र कार्यमूलक व्याकरण बिच तुलना गर्दै यसको प्रयोग पक्षलाई उदाहरणबाट पुष्टि गर्नु रहेको छ । ।

## पूर्वकार्यको समीक्षा

हालसम्म गरिएका अनुसन्धानका आधारमा नेपाली भाषाको प्रथम व्याकारणकार र व्याकरण अंग्रेज विद्वान् जे एटनको कलकत्ताबाट प्रकाशित **अ ग्रामर अफ द नेपाली ल्याङ्ग्वेज** (सन् १८२०) लाई मानिन्छ । ६० पृष्ठमा संरचित उक्त पुस्तकमा व्याकरणका आधारभूत विषय वस्तुको सामान्य चर्चा गरिएको पाइन्छ । यस आधारमा नेपाली व्याकरण लेखनको दुई शताब्दीको यात्रा पूरा भएको देखिन्छ । यस क्रममा दुईसय भन्दा बढी व्याकरण पुस्तकहरू प्रकाशन भइसकेका छन् (प्रधान, २०७४ : ३) । यसैगरी दोस्रो व्याकरण पुस्तक चाँहि दार्जिलिङ्गबाट प्रकाशित टर्नबुलको **नेपाली ग्रामर एण्ड इङलिस नेपाली, नेपाली इङलिस भोकाबोलरी** (सन् १८८७) हो । नेपाली विद्वान्हरूमा पहिलो व्याकरणकार वीरेन्द्र केसरी अर्ज्याल हुन् (पन्त २०१८ : २३) । अर्ज्यालको **नेपाली व्याकरण** पुस्तक अनुसन्धान कर्ता जयराज आचार्यले आफ्नो शोधपत्र *ट्रेडिस्नल ग्रामर इङलिस एण्ड नेपाली : अ इस्टडी* (सन् १९८०) को परिशिष्टमा राखेका छन् । यी प्रारम्भिक पुस्तकहरू परम्परागत व्याकरण लेखन र प्रयोगका नमुना हुन् । यिनले व्याकरणका आधारभूत पक्षहरूको सामान्य सैद्धान्तिक ज्ञान मात्र दिने प्रयास गरेका छन् ।

राणा प्रधानमन्त्री  देव शम्सेरको पालामा नेपाली भाषा तथा व्याकरणको स्तरवृद्धिका लागि ठोस प्रयासहरू भए । **गोरखापत्र** (१९५८) को प्रकाशनले नेपाली भाषाको मानक प्रयोगतर्फ पाइला चालेको दखिन्छ । यसका साथै भाषा पाठशाला खोलिए पछि पाठपाठनका लागि पाठ्यपुस्तक र व्याकरण पुस्तक प्रकाशनमा आएका थिए र नेपाली भाषा र व्याकरणका व्यावहारिक प्रयास भएका थिए । यस क्रममा जय

पृथ्वी बहादुर सिंहद्वारा लिखित **प्राकृत व्याकरण** (१९६९), हेमराज पण्डितको **चन्द्रिका गोरखा भाषा व्याकरण** (१९६९), सोमनाथ शर्माको **मध्यचन्द्रिका** (१९७६) आदि महत्त्वपूर्ण व्याकरणका पुस्तकहरू छापिए । यी पनि सबै परम्परागत व्याकरण लेखनका नमुना नै हुन् (प्रधान, २०७४, पृ. ३) ।

हालसम्मका व्याकरणकार र कृतिलाई सामान्य अध्ययन गर्दा भाषा शास्त्रीहरूले पाणिनीय व्याकरण परम्परा, पाश्चात्य परम्परावादी व्याकरण परम्परा र आधुनिक भाषा वैज्ञानिक परम्परामा आधारित भएर लेखिएका पाइन्छन् । नेपाली विद्ववानका प्रारम्भिक कालखण्डमा प्रकाशित सबै व्याकरणहरू परम्परागत मान्यतामा आधारित छन् । वीरेन्द्र केशरी अर्ज्याल देखि जय पृथ्वीबहादुर सिंह हुँदै हेमराज पण्डित, सोमनाथ शर्मा, पारसमणि प्रधान, पुष्कर शमशेर, गोपाल पाँडे, कृष्णप्रसाद पराजुली लगायतका विद्वान्हरूले लेखेका विभिन्न व्याकरण पुस्तक पनि परम्परागत प्रवृत्तिबाटै अभिप्रेरित छन् । उक्त पुस्तकहरूमा नियम एवम् परिभाषाका आधारमा उदाहरण दिई विषयवस्तु स्पष्ट पार्ने यथेष्ट प्रयास भएको देखिन्छ ।

वि.स. २०२० को दशकदेखि नेपाली विद्वान्हरूले पाश्चात्य व्याकरणिक मान्यता एवम् आधुनिक भाषा वैज्ञानिक मान्यतामा रही व्याकरण लेख्न थालेको आभास हुन्छ । यस्ता पुस्तकहरूमा व्याकरणलाई उदाहरण र प्रयोगमा केन्द्रित गरिएको पाइन्छ । चूडामणि रेग्मीको **नेपाली भाषाको उत्पत्ति** (२०२५), चूडामणि बन्धुको **भाषा विज्ञान** (२०३०), मोहनराज शर्माको **शब्द रचना र वर्ण विन्यास भाषा वैज्ञानिक पद्धति** (२०३६), हेमाङ्गराज अधिकारीको **समसामयिक नेपाली व्याकरण** (२०४९), माधवप्रसाद पोखरेलको **नेपाली वाक्य व्याकरण** (२०५४), बालकृष्ण पोखरेलको **नेपाली व्याकरण शारदा** भाग एक (२०६३), मोहनराज शर्माको **प्रज्ञा नेपाली सन्दर्भ व्याकरण** (२०७१) आदि व्याकरण पुस्तकहरू आधुनिक मान्यतालाई आत्मसात गरी लेखिएको पाइन्छ । यिनै प्रयासहरूबाट व्याकरण शिक्षण पनि कार्यमूलक पद्धतितर्फ अभिप्रेरित भएको पाइन्छ । यहाँ केही महत्वपूर्ण पुस्तकहरूको सार सङ्क्षेप समीक्षा उल्लेख छ जसले कार्य मूलक व्याकरणको प्रयोगप्रति थप प्रस्ट्याइदिन सक्छ ।

बन्धु (२०४५) को सम्पादकत्वमा प्रकाशित *नेपाली व्याकरणका केही पक्ष* नामक पुस्तकमा सङ्कलित अनुसन्धान मूलक लेखहरूमा व्याकरणलाई भाषा सम्पादनको आधारभूत पक्षका रूपमा राखेर चर्चा गरिएको छ । जसमा सागरनाथ ओलीले भाषिक विविधता र त्रुटिलाई उल्लेख गर्दै वाक्य गठनको प्रयोगात्मक शिक्षण गर्दा ध्यान दिनुपर्ने शिक्षणीय प्रविधि सुझाएका छन् । त्यसै गरी वाच्यको प्रयोग, काल र पक्षका व्यावहारिक सन्दर्भहरू करण र अकरणको प्रयोग, आदरार्थी प्रयोग र लिङ्ग व्यवस्थाका प्रायोगिक सन्दर्भहरू यथोचित रूपमा चयन गरिएको देखिन्छ । कार्यमूलक व्याकरणको मान्यता र प्रयोगका लागि उक्त पुस्तक उपयोगी साबित हुने देखिन्छ । व्याकरणलाई भाषा सम्पादनको महत्त्वपूर्ण पक्षका रूपमा राखेर कार्यात्मक दृष्टिकोण अनुसरण गरेको देखिन्छ ।

चापागाई (२०५५) द्वारा लिखित *भाषातत्त्व* पुस्तकमा व्याकरणमा देखिएका विविधता र अनेक दृष्टिकोणहरू उल्लेख गर्दै माध्यमिक तहसम्म व्याकरणलाई आधुनिक रूपबाट बुझेर शिक्षण गर्न सकिने दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । व्याकरणलाई प्रयोगमूलक र प्रयोजनमूलक दृष्टिकोणनुसार सिकाउन सकिने धारणा प्रस्तुत गरिएको छ । व्याकरणलाई स्वतन्त्रलेखन एवम् भाषा सम्पादन, सिर्जनात्मक र

समालोचनात्मक लेखनसँग अन्तर सम्बन्धित तुल्याउन खोजिएको देखिन्छ । यसबाट पनि कार्यमूलक व्याकरणको आधारभूमि खडा गर्न सकिन्छ ।

अधिकारी (२०६२) द्वारा लिखित *समसामयिक नेपाली व्याकरण*मा परिवर्तित र समसामयिक सन्दर्भमा व्याकरणका प्रयोगगत विविधताको सेरोफेरोमा रहेर व्याकरणलाई भाषा प्रयोगसँग एकीकृत गर्न खोजिएको पाइन्छ । उदाहरणहरूको बाहुल्य, आवश्यक स्पष्टीकरण र भाषा वैज्ञानिक सुझबुझहरूको प्रयोगले व्याकरण र भाषा सम्पादनको परिपूरक स्थितिलाई सहज बनाएको देखिन्छ । कार्यमूलक व्याकरणको पहिचान र प्रयोगका सन्दर्भमा उक्त कृति उपयोगी देखिन्छ ।

व्याकरणको आधुनिक र भाषा वैज्ञानिक दृष्टिबाट व्याकरण बोध गर्ने गराउने र सम्पादनीय क्षमता अभिवृद्धि गर्ने दृष्टिले शर्मा (२०५०) द्वारा लिखित *शब्द रचना र वर्णविन्यास वाक्य तत्त्व र अभिव्यक्ति* नामक पुस्तक निकै उपयोगी सिद्ध छ । भाषा वैज्ञानिक र प्रयोगात्मक पद्धति अपनाएर लेखिएको यस पुस्तकमा व्याकरणलाई कार्यमूलक रूपबाट बुझ्न र प्रयोग गर्न सहयोग पुग्ने देखिन्छ । यसमा व्याकरणलाई बोध र अभिव्यक्तिको पूरकका रूपमा राखेर व्यवहारिक सन्दर्भसँग जोडिएको पाइन्छ ।

शर्मा (२०७१) द्वारा लिखित *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* पुस्तक व्याकरणको कार्यमूलक दृष्टिकोण र प्रयोग सम्बन्धी पछिल्लो उल्लेख्य प्रयास हो । भाषा वैज्ञानिक पद्धतिमा आधारित उक्त व्याकरणले भाषाका विविध प्रयोग सन्दर्भ, समसामयिक प्रयोगगत विविधता र कार्यमूलक दृष्टिकोणले तयार पारिएको आधिकारिक पुस्तकका रूपमा अघि सारिएको छ । भाषा वैज्ञानिक मान्यता, नेपाली भाषा र यसको सम्पादन सन्दर्भ आत्मसात गरी लेखिएको यस पुस्तकबाट शिक्षण र प्रयोगको कार्यमूलकतालाई स्पष्ट दिशानिर्देश गरेको पाइन्छ ।

विद्यालय स्तरको नेपाली शिक्षणलाई सापेक्षित रूपमा आधुनिक र वैज्ञानिक बनाउने प्रयास वि. सं. २०२८ को भाषा पाठ्यक्रम र पाठ्यपुस्तकहरूबाट सुरु भएको हो । पाठ्यक्रम तथा पाठ्यपुस्तको क्रमिक परिवर्तन र परिमार्जन हुदै आउँदा भाषा र व्याकरण शिक्षणमा पनि क्रमशः सुधार हुदै आएको छ । शिक्षक निर्देशिका, विभिन्न सन्दर्भ सामग्री र विद्युतीय सामग्रीहरूमा व्याकरणलाई कार्यमूलक तरिकाले शिक्षण गर्न सकिने विधि तथा प्रविधिहरू निर्देशित र प्रसारित हुदै आएका छन् । वि. सं.२०७१ देखि विद्यालय स्तरका परिवर्तित पाठ्यपुतकहरूमा कार्यमूलक व्याकरण चयन गरिएको परिप्रेक्ष्यमा यससम्बन्धी अवधारणा र प्रयोगगत स्पष्टता खड्किदै आएको छ । यसर्थ उपर्युक्त पृष्ठभूमिगत अध्ययनबाट कार्यमूलक व्याकरण शिक्षण र प्रयोगमा समेत थप मद्दत पुग्ने देखिन्छ ।

## औचित्य

व्याकरण भाषाको अभिन्न अङ्ग हो । विद्यालय तथा उच्च शैक्षिक तहमा नेपाली तथा अन्य भाषाको व्याकरण शिक्षण र सिकाइ प्रक्रिया दिनानुदिन परिवर्तन हुँदै आएको पाइन्छ । शिक्षण सिकाइको प्रविधि र अवधारणा पनि परिवर्तन हुँदै छ । हाल माध्यमिक तहसम्मको नेपाली भाषा पाठ्यपुस्तकमा कार्यमूलक व्याकरण राखी यसलाई आधुनिक भाषा वैज्ञानिक र प्रयोगपरक बनाउदै ल्याइएको छ । कक्षा शिक्षणका सन्दर्भमा व्याकरणलाई परम्परागत रूपमै लिने परिपाटीको निरन्तरता कायम नै छ । धेरै जसो

निगमनात्मक र आंशिक रूपमा आगमनात्मक पद्धतिको अनुसरण गरिदै छ । कार्यमूलक तरिकाले व्याकरण शिक्षणको स्पष्ट परिपाटी छैन । यसो हुनमा यस सम्बन्धी सैद्धान्तिक ज्ञानको कमी, अवधारणागत अस्पष्टता र शिक्षण विधि एवम् प्रयोगमा कमी जस्ता कारणहरू देखिन्छन् । यी कमजोरी निराकरण गर्न यस प्रयासले सहयोग गर्ने कुरामा विश्वस्त हुन सकिन्छ । हालसम्म कार्यमूलक व्याकरण सम्बन्धी खोज, अध्ययन र लेखन नगण्य रूपमा भएका देखिन्छन् । यसरी सैद्धान्तिक रूपमा स्पष्ट हुन र व्यावहारिक प्रयोगमा अघि बढ्न यसले सहयोग पुग्ने हुनाले अध्ययन औचित्यपूर्ण रहेको स्पष्ट हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत आलेख पुस्कालयका माध्यमबाट सम्बन्धित विषय क्षेत्रमा दक्षता हाँसिल गरेका विशिष्ट लेखकहरूका ग्रन्थलाई आधार मानेर गुणात्मक विधि अन्तर्गत रहेर निर्माण गरिएको छ । जस अन्तर्गत विशेष गरी नेपाली व्याकरणका केही पुराना र नयाँ पुस्तकहरू, अंग्रेजी भाषाका लेखहरू र केही अनुसन्धानमूलक लेखहरूबाट बुँदागत रूपमा विषय सामग्री संकलन गरी वर्णनात्मक तुलनात्मक र विश्लेषणत्मक विधि अनुसार व्याख्या विश्लेषण गरिएको छ ।

## सीमा

कार्यमूलक व्याकरण सैद्धान्तिक भन्दा पनि प्रयोगात्मक क्षेत्रतर्फ अभिमुख देखापर्दछ तर यस आलेखमा यसको वास्तविक प्रयोग कसरी भएको छ भन्दा पनि सैद्धान्तिक एवम् आधारणागत रूपमा प्रस्ट्याइको खाँचो देखिएकोले यस अध्ययनमा कार्यमूलक व्याकरणको सैद्धान्तिक परिचय, अवधारणागत स्पष्टता र त्यसलाई पुष्टि गर्ने उदाहरण प्रस्तुत गर्नुमा मात्र सीमित गरिएको छ । सैद्धान्तिक प्रस्ट्याइमा मात्र केन्द्रित गरिएकोले क्षेत्रीय अध्ययन गरिएको छैन ।

## व्याख्या तथा विश्लेषण

### भाषा र व्याकरण

भाषा बोध र अभिव्यक्तिको माध्यम हो । यो विचार विनिमयको साधन हो साथै मानवीय सम्प्रेषणको व्यवस्थित माध्यम हो । भाषाभित्र ध्वनि, शब्द, व्याकरण र अर्थ सम्बन्धी निश्चित व्यवस्थाहरू हुन्छन् । यी विविध भाषिक व्यवस्थाहरूमध्ये व्याकरण एउटा महत्त्वपूर्ण व्यवस्था हो । अर्थपूर्ण रूपमा उच्चरित वाकप्रतीकको यादृच्छिक व्यवस्था भाषा हो भने भाषालाई टुक्रा टुक्रा पारेर संरचना देखाउने र त्यसको उचित प्रयोग सम्बन्धी नियम बुझाउने विद्यालाई व्याकरण भनिन्छ (शर्मा, २०७१, पृ. २६) । भाषिक संप्रेषणलाई सरल, सहज, नियमबद्ध र सन्दर्भानूकुल प्रयोगमा ढाल्ने काम व्याकरणले गर्दछ । भाषा संरचना र प्रयोगको व्यवस्थित वर्णन व्याकरण हो । यसले भाषाको शुद्ध र उपयुक्त प्रयोग गर्ने नियम बताउँछ र प्रयोगतर्फ निर्देशित गर्दछ ।

व्याकरणलाई भाषा सिकाइको साध्य मान्ने दृष्टिकोण परम्परागत किसिमको देखिन्छ । व्याकरण केवल व्याकरणका लागि होइन । व्याकरण भाषाका लागि हो । शुद्ध, उपयुक्त, व्यवस्थित र सन्दर्भानूकुल भाषा सम्पादन साध्य हो भने त्यसको साधन चाँहि व्याकरण हो । कार्यमूलक व्याकरणको आधारभूमि पनि यही नै

हो । व्याकरण भाषाको उपज हो तर व्याकरणको उपज भाषा होइन । व्याकरणले भाषालाई नियन्त्रित, निर्देशित र व्यवस्थित बनाउँछ । व्याकरणको कार्यमूलक पद्धति यसैमा केन्द्रित छ । यसरी भाषा र व्याकरणलाई एक अर्काका परिपूरक मानेर भाषाको प्रयोग र शिक्षण गर्ने आधुनिक पद्धति कार्यमूलक व्याकरण हो ।

## व्याकरण : प्रयोग र प्रयुक्ति

कार्यमूलक व्याकरणलाई प्रयोग र प्रयुक्तिमूलक ढङ्गबाट लिइनु पर्दछ । यस सन्दर्भमा प्रयोग र प्रयुक्ति के हो भनी बुझ्नु आवश्यक छ । प्रयोग भाषा सम्पादनको त्यो महत्त्वपूर्ण पक्ष हो जसले भाषिक नियम सम्बन्धी प्रयोक्तामा हुने ज्ञानको मात्रालाई जनाउँछ । एक किसिमले यो व्याकरणिक नियमको पुष्टिमात्र हो । साथै भाषा सम्बन्धी नियमको सम्पादनीय उपयोग हो । अर्को शब्दमा व्याकरणिक पाठ्यवस्तुको नियमलाई उदाहरण दिई प्रस्ट पार्ने परम्परागत तरिका हो । यस दृष्टिकोण अनुसार व्याकरणलाई प्रयोगमूलक तरिकाले मात्र सिकाउनु पनि काफी हुदैन । त्यसैगरी प्रयुक्ति भाषा सम्पादन र उत्पादनको त्यस्तो पक्ष हो जसले भाषा प्रयोगकर्ताको व्याकरणात्मक नियमसम्बन्धी ज्ञानलाई व्यापक सम्प्रेषणमा उपयोग गर्न सक्ने क्षमतालाई प्रदर्शित गर्दछ । यो व्याकरणयुक्त भाषाको व्यावहारिक र सम्प्रेषणमूलक उपयोग हो । (शर्मा र पौडेल, २०६५, पृ. १६०) । उक्त कुरा कार्यमूलक व्याकरणको अवधारणासँग ठ्याक्कै मेल खाने सन्दर्भ हो । त्यसैले व्याकरणलाई प्रयुक्तिमूलक ढङ्गबाट शिक्षण गरिनुपर्दछ ।

यसरी प्रयोग र प्रयुक्ति एक अर्का बिचमा सैद्धान्तिक रूपले समानजस्ता देखिए पनि व्यावहारिकताका दृष्टिले स्पष्ट भिन्न छन् । प्रयोग व्याकरणिक बोधका रूपमा शब्द, वाक्य जस्ता एकाइ व्यक्त गरिन्छ भने प्रयुक्तिमा त्यस्ता वाक्यहरू व्यापक सम्प्रेषणका निम्ति आत्मसात गरिन्छ । त्यसैगरी प्रयोग भाषिक सामर्थ्यको अभिव्यक्ति हो र प्रयुक्ति भाषिक सम्पादन हो । उदाहरणका लागि अपूर्ण वर्तमान कालको वाक्यलाई पुष्टि गर्न *म भात खादै छु* भन्ने वाक्य उदाहरण दिई पुष्टि गर्नु प्रयोग हो भने खाना खाइरहेको परिस्थितिमा स्वाभाविक ढङ्गबाट प्रसङ्पूर्ण रूपमा प्रयोग गर्नु प्रयुक्ति हो । व्याकरणात्मक प्रयोग भाषा शिक्षणको एक आधाारभूत पक्ष मात्रै हो । यसको मुख्य लक्ष्य प्रयुक्तितर्फ नै अभिमुख हुनु श्रेयस्कर मानिन्छ । भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य व्याकरण सामग्री तयार पार्दा प्रयुक्तिलाई जोड दिनु आवश्यक छ । त्यसै गरी व्याकरण शिक्षणका क्रममा शिक्षकले पनि प्रयोगका साथै प्रयुक्तिमा ध्यान दिनु जरुरी छ । यसको तात्पर्य व्याकरण शिक्षण विशुद्ध प्रयोगका लागि नभएर प्रयुक्तिका लागि हुनु जरुरी छ जसले कार्यमूलक व्याकरणको अवधारणालाई पक्षपोषण गरेको पाइन्छ ।

## कार्यमूलक व्याकरण : व्याकरणगत सचेतताको विकास

विद्यार्थीहरू नाम, सर्वनाम, विशेषण आदि व्याकरणिक विषयवस्तुको परिभाषा जान्दछन्, तिनको उदाहरण पनि दिन्छन्, त्यसलाई वाक्यमा प्रयोग गर्न पनि आंशिक रूपमा सक्छन् तर पाठ तथा सङ्कथनमा दिइएका प्रयोगहरूमा रहेका नाम, सर्वनाम, विशेषण आदि पहिचान गर्न तथा छुट्याउन सक्दैनन् । काल र पक्षका परिभाषा भन्छन्, वाच्यको परिचय दिन सक्छन्, तर भाषा प्रयोगका पारिस्थितिक सन्दर्भमा शुद्ध तरिकाले मौलिक प्रयोग गर्न सक्दैनन् । त्यसैगरी लिङ्ग, वचन र आदरसम्बन्धी अवधारणा हुन्छ तर त्यसलाई व्यावहारिक रूपमा सटिक प्रयोग गर्न जान्दैनन् । सम्प्रेषणीय भएपनि

त्यस्तो भाषा व्याकरणिक दृष्टिले त्रुटिपूर्ण हुन्छ । यस्तो समस्या प्रायः सबै विद्यार्थीहरूमा पाइन्छ । नेपाली भाषा शिक्षण सिकाइका लागि यी जटिल समस्या हुन् । यस्ता समस्या निराकरणका लागि परम्परागत शिक्षण प्रविधि उपयुक्त नहुने निश्चित छ । यसका लागि कार्यमूलक व्याकरण शिक्षणको अवधारणा आवश्यक र उपयोगी हुने देखिन्छ । त्यसैले व्याकरण शिक्षणको तात्पर्य व्याकरणगत सचेतताको विकास गर्नु हो । व्याकरणको सैद्धान्तिक ज्ञान नभए पनि शुद्ध र उपयुक्त भाषाको प्रयोग गर्न सक्ने र प्रशस्त सैद्धान्तिक ज्ञान हुदा पनि भाषा व्याकरणबद्ध हुन नसक्ने परिस्थितिहरू थुप्रै भेटिन्छन् । त्यसैले व्याकरणको औपचाकि एवम् सैद्धान्तिक सिकाइले मात्र भाषालाई मानक बनाउन सकिन्छ भन्ने सोचाइ पनि धेरै हदसम्म गलत हो । शुद्ध र उपयुक्त भाषा त स्तरीय भाषिक वातावरणको संसर्ग र प्रयोगाभ्यासबाट मात्र सहज सम्भव छ । फेरि भाषा सिक्नु भनेको शुद्धताको पछि लाग्नु मात्र नभएर उपयुक्त र सम्प्रेषणीय भाषा प्रयोगमा अभ्यस्त हुनु हो । यो परिस्थितिजन्य उपयुक्त भाषा प्रयोगको आदत निर्माण हो । त्यसैले वर्णविन्यास, व्याकरण जस्ता विषयवस्तुको शिक्षण सिकाइमा सचेतताको विकास महत्त्वपूर्ण देखिन्छ ।

कार्यमूलक व्याकरणले भाषा प्रयोगभित्र रहेका व्याकरणिक तत्त्वहरूको पहिचान र प्रयोगलाई जोड दिन्छ । व्याकरणगत सचेतताको विकास गर्न व्याकरणिक नियमको ज्ञान र बोधभन्दा अभ्यासमूलक र प्रयोगमूलक कार्यकलाप बढी सान्दर्भिक हुन्छन् । प्रयाोगसन्दर्भबाट व्याकरणगत सचेतताको विकास कसरी गराउने जसबाट व्याकरणको कार्यमूलक अभ्यास गराउन सकियोस् भन्ने कुरा केही जटिल हुन सक्छ । यसका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा पाठ्यवस्तु छनोट र स्तरणमा ध्यान दिनु जरुरी छ । पाठ्यक्रम अनुसार तयार पारिने पाठ्यपुस्तकहरूमा विधा पाठहरू छनोट गरिन्छ । उक्त पाठहरूको छनोट गर्दा व्याकरणिक पाठ्यवस्तुलाई आधार बनाउनु पर्छ । व्याकरणिक पाठ्यवस्तुको छनोट र स्तरण अनुसार विधा पाठहरूको पनि छनोट र स्तरण गर्नुपर्छ । यसरी छनोट र स्तरण गरिएको पाठको अभ्यास खण्डमा व्याकरणिक पाठ्यवस्तुको पनि चयन गर्नु पर्दछ । पाठमा प्रयुक्त भाषातत्त्व तथा भाषाको स्वरूप र व्याकरणिक पाठ्यवस्तुबिच मेल खाएमा कार्यमूलक पद्धतिबाट शिक्षण गर्न सहज हुन्छ । यस प्रकार व्याकरण शिक्षणका साथै व्याकरणिक सचेतताको विकास गर्न सकिन्छ ।

## कार्यमूलक व्याकरण शिक्षण : प्रयोग तथा अभ्यास

व्याकरण शिक्षण भन्नासाथ शिक्षकहरूको ध्यान परम्परागत निगमन विधितर्फ खिचिन्छ । वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा व्याकरणलाई कार्यमूलक ढङ्गले प्रस्तुत गरिएको छ र सोही अनुसार शिक्षण गर्नुपर्ने देखिन्छ । कक्षाकोठामा यसको प्रयोग र अभ्यास कसरी गर्ने गराउने भन्नेतर्फ विशेष ध्यान दिन जरुरी छ । यस अनुसार व्याकरण शिक्षण गर्दा आगमन विधि, प्रत्यक्ष विधि र भाषा पाठ्यपुस्तक विधिको समुचित सम्मिश्रण गर्नुपर्ने देखिन्छ । आगमन विधि अनुसार उदाहरण र स्पष्टीकरण गरेर प्रत्यक्ष विधि अनुसार विद्यार्थीका अनुभावाश्रित शब्द वाक्यहरू सम्प्रेषण गराएर तथा भाषा पाठ्यपुस्तक विधि अनुसार पाठका उपयुक्त अनुच्छेद प्रसङ्गहरूबाट पहिचान र बोध गर्न लगाएर शिक्षण गर्न सकिन्छ । यस क्रममा उक्त तीनैवटा विधिहरूको आवश्यकता अनुसार प्रयोग गर्न सकिने देखिन्छ । कार्यमूलक व्याकरण शिक्षणको ढाँचालाई निम्नानुसार उदाहरणमा प्रस्तुत गरिएको छ । यहाँ शब्दवर्गका रूपमा 'नाम' को कार्यमूलक शिक्षणलाई अघि सारिएको छ ।

***उदाहरण***

पाठ्यवस्तु : नामको पहिचान र प्रयोग

(क) सर्वप्रथम, शिक्षकले विद्यार्थीलाई कक्षाकोठामा आँखाले देखिने १० वटा वस्तुहरूको नाम टिप्न लगाउने जस्तैः कोठा, पाटी, साथी, नक्शा, टेबल, पङ्खा, कुर्सी मार्कर, शिक्षक, विद्यार्थी आदि

(ख) विद्यार्थीका घरमा रहेका १० वटा वस्तुहरूको नाम लेख्न लगाउने, जस्तैः भाँडा, कराइ, गाई, थाल, चामल, ग्याँस, डोको, गन्द्री, हँसिया, ठेकी आदि ।

(ग) विद्यार्थीलाई कुनै व्यक्ति, वस्तुका बारेमा के ? र को/कसले ? भनी प्रश्न गरी उत्तर मागेर पाटीमा टिप्ने,

| जस्तैः | को/कसले ? | के ? |
|---|---|---|
| भानुभक्त | रामायण | |
| आमा | माया | |
| कवि | कविता | |
| जनता | दुःख | |

भानुभक्तले के लेखे ?– रामायण ।

रामायणका लेखक को हुन् ?–भानुभक्त । यसरी प्रश्नोत्तर गर्न सकिन्छ ।

(घ) निम्न अनुच्छेदबाट नाम शब्द पहिचान गरी लेख्न लगाउने,

जस्तैः **रमा, राम**, *र* **रमेश** *बिहानै उठेर* **विर्तामोड** *शहर घुम्न गए । त्यहाँबाट उनीहरूले धेरै* **कलम** *र* **कापी***हरू लिएर आए । मलाई रातो* **रुमाल** *र हरियो* **मसी** *पनि ल्याएर दिए । अलिपरबाट सेनाको* **फौज** *आइरहेको थियो । उनीहरूको* **भारी** *र* **हिडाइ** *देखेर मलाई* **माया** *लाग्यो । हाम्रो* **दुःख***मा साथ दिने उनीहरूको* **कर्तव्य** *हो भन्ने बुझेर* **मन** *शान्त बनाई घरमा बसिरहें ।*

(ङ) निम्न अनुसारका विशेषण शब्दमा प्रत्यय लागेर बन्ने शब्दहरू नाम हुने ,

| जस्तैः | विशेषण शब्द | प्रत्यय | नाम शब्द |
|---|---|---|---|
| | गरिब | ई | गरिबी |
| | वीर | त्व | वीरत्व |
| | मूर्ख | ता | मूर्खता |
| | सुन्दर | य | सौन्दर्य |
| | गहिरो | आइ | गहिराइ |

(च) निम्नानुसारका धातुमा प्रत्यय लागेर पनि नाम बन्ने,

| जस्तैः | धातु | प्रत्यय | नाम |
|---|---|---|---|
| | पढ् | आइ | पढाइ |
| | बन् | आवट | बनावट |
| | लेख् | ओट | लेखोट |
| | बस् | नु | बस्नु |

(छ) विभिन्न नाम शब्दका उदाहरणहरू प्रस्तुत गर्ने, जस्तै :

स्थानका नाम : च्याङ्थापु, पोखरा, दार्चुला
नदीका नाम : काबेली, वाग्मती, सेती
चाडपर्वका नाम : दशैं, इद, ल्होसार
हिमालका नाम : कन्चनजङघा, धवलागिरि, मनासलु
तालका नाम : फेवा, रूपा, रारा
मानिसको समूह : जत्था, फौज, भींड
ठोस पदार्थको नाम : ढुङ्गा, काठ, इटा
तरल पदार्थको नाम : पानी, तेल, दूध
भावनाको नाम : दया, माया, सुख
अवस्थाको नाम : यौवन, बुढ्याइँ, शान्ति आदि ।

(ज) आधुनिक एवम् भाषा वैज्ञानिक दृष्टिकाण अनुसार नामहरू :

सजीव र निर्जीव नाम : मान्छे, हात्ती, घडी, चस्मा
मनवीय र मानवेत्तर नाम : विमल, रानी, गाई, भँगेरा
गणनीय र अगणनीय नाम : कलम, घर, चामल, तेल
मूर्त र अमूर्त नाम : रुख, नदी, इच्छा माया आदि ।

(झ) कार्यका आधारमा नामको पहिचान गर्न निम्न प्रयोग अनुसारका देखाउने :

**गरिबहरू** दुखी हुन्छन् तर दरिद्र हुँदैनन् **।** **कान्छो** घरमा बस्छ । **काले** घाँस काट्छ ।

माथि गाढा अक्षरमा प्रयोग भएका पदहरू निरपेक्ष रूपमा विशेषण भए पनि वाक्यमा नामका रूपमा अर्थपूर्ण भएका छन् ।

यसैगरी विद्यालय स्तरमा विभिन्न व्याकरणिक पाठ्यवस्तु शिक्षण गर्दा विद्यार्थीका अनुभवमा आधारित प्रशस्त उदाहरणहरू दिएर शिक्षणको थालनी गरी शिक्षणकार्य प्रारम्भ गर्नुपर्दछ । विभिन्न आयमबाट उदाहरण दिँदै वाक्य, अनुच्छेद र संकथनका सन्दर्भमा उदाहरण प्रयोग र प्रयुक्तिमूलक कार्य गराउनुपर्दछ । विशेष गरी वाक्य र अनुच्छेदका सन्दर्भमा व्याकरणको अभ्यास गराउनु उपयुक्त हुन्छ ।

## परम्परागत व्याकरण र कार्यमूलक व्याकरण

परम्परागत व्याकरण र कार्यमूलक व्याकरण बिचमा थुप्रै अन्तर रहेको देखिन्छ । परम्परागत व्याकरणले भाषाको नियमबद्ध संरचनाको व्याख्या प्रस्तुत गर्दछ भने आधुनिक एवम् कार्यात्मक व्याकरणले भाषाको प्रयोग, प्रयुक्ति र भाषिक सम्पादन पक्षमा जोड दिन्छ । परम्परागत व्याकरण सैद्धान्तिक प्रकृतिको छ भने कार्यात्मक व्याकरण व्यावहारिक प्रकृतिको छ । त्यसैगरी परम्परागत व्याकरणले भाषिक सामर्थ्यको विकासमा जोड दिन्छ भने कार्यमूलक व्याकरणले भाषिक सम्पादन क्षमता विकासमा जोड दिन्छ । उसले नियमलाई जोड दिन्छ भने यसले प्रयोगलाई जोड दिन्छ । परम्परागत व्याकरण लक्ष्य भाषा सिक्न व्याकरणिक धारणा अनिवार्य ठान्दछ भने कार्यात्मक व्याकरणले भाषा सिकाइकै क्रममा व्याकरण सिकिने

धारणा राख्दछ । यस प्रकार पाठ्यवस्तु, शिक्षक, विद्यार्थी र शिक्षण प्रक्रियाका दृष्टिकोणबाट परम्परागत व्याकरण र कार्यमूलक व्याकरण भिन्न रहेको देखिन्छ ।

## निष्कर्ष

भाषा विज्ञान भाषा र व्याकरणसँग सम्वद्ध विषय हो । भाषाविज्ञान जुनसुकै भाषासँग सम्बन्धित छ भने व्याकरण भाषा विशेषसँग सरोकार राख्ने विषय हो । भाषा मानवीय विचार सम्प्रेषणको व्यवस्थित माध्यम हो । यसलाई व्यवस्थित बनाउने साधन व्याकरण हो । यो भाषा व्यवस्थाका अन्य पक्षभन्दा बढी महत्त्वपूर्ण छ । परम्परागत रूपमा मुख्यतः रूप र वाक्यलाई मात्र व्याकरणका रूपमा लिइन्थ्यो । हालसम्ममा व्याकरणलाई भाषा सम्पादनको मुख्य साधक मानेर वर्ण, रूप, शब्द, वाक्य, अर्थ र संकथनसम्मका एकाइलाई व्याकरणको क्षेत्र मानिएको छ । व्याकरण विभिन्न प्रकारका हुन्छन् र यसलाई शिक्षण गर्ने पद्धति पनि परिवर्तित र संशोधित हुँदै आएका छन् । प्रायोगिक भाषा विज्ञानले भाषा सम्पादन पक्षलाई विशेष जोड दिएको छ । त्यसमध्ये व्याकरणलाई हेर्ने, प्रयोग गर्ने र शिक्षण गर्ने आधुनिक अवधारणा स्वरूप कार्यमूलक व्याकरण आएको छ । विद्यालयका वर्तमान पाठ्यपुस्तकहरूमा पनि व्याकरण शिक्षणलाई प्रयोगपरक र व्यावहारिक बनाउन कार्यमूलक व्याकरण चयन गरिएको छ । यस सम्बन्धमा केही अन्योल र अस्पष्टता रहेका छन् । यसलाई हटाउन सहयोग पुग्ने दृष्टिले प्रस्तुत लेखमा भाषा, व्याकरण, प्रयोग र प्रयुक्तिको अवधारणा अघि सारिएको छ । भाषा व्याकरणबद्ध हुनुपर्छ र हुन्छ । व्याकरणलाई भाषाबाट अलग गरेर सिकाउनु र प्रयोग गर्नु हुँदैन । व्याकरणलाई भाषा प्रयोगका विभिन्न व्यावहारिक सन्दर्भसँग जोड्नुपर्दछ । यसका लागि केवल प्रयोग गरेर मात्र पुग्दैन । व्यापक भाषिक सम्प्रेषण र सम्पादनका विविध सन्दर्भसँग व्याकरणलाई जोड्नुपर्दछ । जुन सिकारुका अनुभवको परिधिभित्र रहून् । प्रयोग केवल व्याकरणका नियमको पुष्टि मात्र हो विविध सन्दर्भमा व्याकरणबद्ध भाषाको सहज प्रयोग चाँहि प्रयुक्ति हो । कार्यमूलक व्याकरण प्रयोगभन्दा प्रयुक्तितर्फ उन्मुख छ । व्याकरणिक तत्वहरूले भाषामा गर्ने कार्यका आधारमा व्याकरण सिकाउनुपर्छ । यसलाई वाक्य, अनुच्छेद र संकथनका सन्दर्भमा सम्प्रेषणमूलक ढङ्गबाट सिकाउनुपर्छ । यसै क्रममा आगमन प्रत्यक्ष र भाषा पाठ्यपुस्तक विधिको समिश्रण गर्न सकिन्छ । यसबाट व्याकरणगत सचेतताको विकास गर्न सकिन्छ । नियम जान्ने तर प्रयोग र प्रयुक्ति नजान्ने किसिमको व्याकरण कार्यमूलक बन्दैन । यसरी व्याकरण शिक्षणका साथ व्याकरणगत सचेतताको विकास गर्न सकिन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज, (तेस्रो संस्करण २०५७), *भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

--- (तेस्रो संस्करण २०६२), *समसामयिक नेपाली व्याकरण,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

चापागाई, नरेन्द्र, (२०४६), *भाषातत्त्व,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र, (२०७१), *नेपाली कक्षा १०,* भक्तपुर : जनकशिक्षा सामग्री केन्द्र लि. ।

पोखरेल, केशवराज, (२०१९ जुलाई), *भोलिको नेपाल कविताको संकथन विश्लेषण,* एजुकेसन क्वाटरली, ३ (१), पृ. १६५- १८० ।

पोखरेल, बालकृष्ण, (२०६३), *नेपाली व्याकरण शारदा,* सुनसरी : शान्तादेवी पोखरेल ।

पोखरेल, माधवप्रसाद, (२०५४), *नेपाली वाक्य व्याकरण, काठमाण्डौँ* : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, मीरा, (२०७४), *नेपाली व्याकरणको पारिभाषिक शब्दकोश, काठमाण्डौँ* : साझा प्रकाशन ।

बन्धु, चूडामणि, (सम्पा.२०४५), *नेपाली व्याकरणका केही पक्ष, काठमाण्डौँ* : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, भरतकुमार, ढकाल, नारायणप्रसाद र अन्य, (२०६७), *अनिवार्य नेपाली व्याकरण, बोध र अभिव्यक्ति, काठमाण्डौँ* : वर्डवाइड पब्लिकेसन ।

भुजेल, ध्रुवकुमार, (२०४९), *उपयोगी नेपाली व्याकरण र रचना,* राजविराज : उत्तम प्रकाशन ।

शर्मा, केदारप्रसाद, पौडेल, माधवप्रसाद,(२०६५), *नेपाली भाषा तथा साहित्य शिक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज, (२०५०), *शब्द रचना र वर्णविन्यास भाषा वैज्ञानिक पद्धति, काठमाण्डौँ : काठमाण्डौँ* बुक सेन्टर ।

--- (२०५४), *शब्द रचना र वर्ण विन्यास : वाक्यतत्त्व र अभिव्यक्ति, काठमाण्डौँ* : नवीन प्रकाशन ।

--- (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण, काठमाण्डौँ* : नेपाल प्रज्ञा प्रतिष्ठान ।

---

* सहायक क्याम्पस प्रमुख, उपप्राध्यापक, नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल । email: baniya.sher2033@gmail.com

# *ऋतुविचार* खण्डकाव्यको 'शरद्विचार'मा उपमा अलङ्कार

-जीवनाथ सुवेदी*

**सारकथन**

*यस लेखमा पूर्वीय साहित्य सिद्धान्तअन्तर्गत उपमा अलङ्कारका आधारमा नेपाली साहित्यका कविशिरोमणि लेखनाथ पौड्यालको 'ऋतुविचार' खण्डकाव्यभित्रको शरद्विचारको विश्लेषण गरिएको छ । यसमा पाँचौँ शताब्दीका भामहले स्थापना गरेको अलङ्कार सिद्धान्तको परिचय दिई उपमा अंकारको सामान्य चर्चा गरिएको छ । त्यसपछि 'ऋतुविचार' खण्डकाव्यको परिचयात्मक समीक्षा गरी विवेच्य काव्यखण्ड 'शरद्विचार'मा पूर्णोपमा र लुप्तोपमा अलङ्कार पहिल्याएर वर्णनात्मक एवम् विश्लेषणात्मक अनुसन्धान विधिका आधारमा विश्लेषण गरिएको छ । अलङ्कारहरूको विशिष्ट प्रयोग भएको यस काव्यखण्डमा पूर्णोपमा र लुप्तोपमाको उपयोग प्रभावकारी भएको हुँदा उपमासौन्दर्यका दृष्टिले यो काव्य उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।*

## विषय प्रवेश

कवि लेखनाथ पौड्यालद्वारा रचित ऋतुविचार (१९७३) नेपाली खण्डकाव्य परम्पराको प्रकृतिकाव्यका रूपमा सुप्रसिद्ध कृति हो । यसमा समय परिवर्तनमा देखिने प्रकृतिका अलग अलग छटाका छ ऋतुलाई उपमेय बनाएर तत्तत् अवस्था विशेषको वर्णनका माध्यमबाट प्रसङ्गानुसार जीवनजगत्का विविध पक्षलाई उपमाका रूपमा चित्रण गरिएको छ । नेपाली खण्डकाव्यको विकासक्रममा प्रथम आधुनिक खण्डकाव्यका स्थानमा सुप्रतिष्ठित 'ऋतुविचार' परिष्कारवादी ऋतुकाव्यको नमुनाको रूपमा प्रस्तुत छ । यस खण्डकाव्यमा छ वटा ऋतुलाई नायक बनाएर समयको परिवर्तनशीलता र प्रकृतिका विविध रूपको चित्रण वर्णन गर्ने क्रममा नेपाली समाज, राष्ट्रियता, वैदिक सनातन परम्पराको अवस्था, पूर्वीय दर्शन तथा मानव जीवन र स्वभावका विविध पक्षलाई उदाहरण बनाएर प्रस्तुत गरिएको छ । यस परिष्कारवादी खण्डकाव्य *ऋतुविचार*मा विविध अलङ्कारहरूको प्रयोग भएको पाइन्छ ।

अलङ्कार पूर्वीय काव्यशास्त्र परम्परामा साहित्यको मुख्य तत्त्वमध्ये एक हो । संस्कृत वाङ्मयमा वेदकालदेखि नै चर्चामा आएको अलङ्कार प्रथम शताब्दीका मानिने आचार्य भरतमुनि तथा अग्निपुराणमा काव्यतत्त्वका रूपमा उल्लिखित छ भने यसलाई छैटौं शताब्दीका आचार्य भामहले सिद्धान्तका रूपमा स्थापना गरे । त्यसपछि उत्तरवर्ती आचार्यहरूले समेत यसलाई पुष्टि र परिमार्जन गर्दै सम्प्रदायका रूपमा प्रतिष्ठा प्रदान गरेर अलङ्कारलाई मुख्य काव्यतत्त्वको दर्जा दिएका छन् । अभिव्यक्तिमा शब्द र अर्थलाई कलात्मक रूपमा प्रस्तुत गर्नु अलङ्कारको प्रयोजन हो भने यसले साहित्यलाई सुन्दर र रोचक बनाएको हुन्छ । शब्द र अर्थमा सुन्दरता सृजना गर्ने शब्दालङ्कार र अर्थालङ्कारको साहित्यमा विशिष्ट भूमिका रहेको हुन्छ । त्यसैले अलङ्कारवादी आचार्यहरूले यसलाई काव्यको महत्त्वपूर्ण तथा मुख्य तत्त्व मानेका छन् ।

नेपाली साहित्यका परिष्कारवादी सर्जक लेखनाथ पौड्यालको *ऋतुविचार* खण्डकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारका विविध भेदको सहज र सुन्दर उपयोग गरी अभिव्यक्तिलाई रोचक तथा सम्प्रेष्य बनाइएको पाइन्छ । त्यसै पक्षमा केन्द्रित रही यस लेखमा *ऋतुविचार* खण्डकाव्यका छ वटा ऋतुहरूसम्बन्धी विचारमध्ये शरद्विचारमा प्रयुक्त उपमा अलङ्कारको खोजी गर्ने प्रयास गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

### अलङ्कारको परिचय

संस्कृत काव्यशास्त्र परम्परामा रससिद्धान्तपछिको दोस्रो काव्यसिद्धान्तका रूपमा अलङ्कारवाद सुप्रसिद्ध छ अथवा अलङ्कार सम्प्रदाय पूर्वीय काव्यशास्त्र परम्परामा रसवादपछिको महत्त्वपूर्ण सिद्धान्त हो । पाँचौँ शताब्दीका भामहले पूर्वीय साहित्य सिद्धान्त परम्पराअन्तर्गत साहित्यको प्रमुख तत्त्वका रूपमा स्थापना गरेको अलङ्कार सम्प्रदाय भाषिक सौन्दर्य तथा अर्थगत गहनता एवं रोचकतालाई प्रकट गर्ने महत्त्वपूर्ण काव्यशास्त्र हो ।

अलम् पूर्वक कृ धातुमा घञ् (कतै कतै अण् पनि भनिएको पाइन्छ) प्रत्यय लागेर अलङ्कार शब्द बन्छ । अलङ्कारलाई सुन्दर बनाउने कटककुण्डल आदि र साहित्यलाई सजाउने वा सुन्दर बनाउने तत्त्वका रूपमा लिइन्छ । जसरी लोकमा शरीरलाई अलङ्कृत गर्न रत्न आदिद्वारा निर्मित आभूषणलाई अलङ्कार भनिन्छ, त्यसै गरी काव्यलाई शब्दार्थद्वारा अलङ्कृत गर्ने रचनाकौशललाई काव्यशास्त्रमा अलङ्कार भनिन्छ । शब्दालङ्कार र अर्थालङ्कार गरी मुख्य रूपमा अलङ्कार दुई प्रकारका हुन्छन् । अलङ्कारका मुख्य दुई भेदमध्ये शब्दालङ्कारले साहित्यिक प्रस्तुतिको बाह्य पक्षको सौन्दर्य सृजना गरेर भाषिक प्रयोगमा कलात्मकता र रोचकता प्रदान गर्दछ । दोस्रो मुख्य भेद अर्थालङ्कारले साहित्यिक अभिव्यक्तिमा शब्द र अर्थ दुवै पक्षमा चमत्कार उत्पन्न गर्दछ । त्यसैले अर्थालङ्कार साहित्यको बाह्य आभूषण मात्र नरहेर अर्थ गहनता, व्यङ्ग्यात्मक प्रस्तुति र ध्वन्यात्मक अभिव्यक्तिमा रोचकता र प्रभावकारिता उत्पन्न गर्ने काव्योपकरण हो ।

अलङ्कार प्रयोगका आधारमा कवि लेखनाथ पौड्यालको *ऋतुविचार* सुसज्जित छ भने त्यसभित्रको 'शरद्विचार' अलङ्कृत नहुने कुरै भएन ।

### उपमा अलङ्कारको परिचय

साहित्यका शब्दार्थालङ्कारमध्ये उपमा पहिलो महत्त्वपूर्ण अर्थालङ्कार मानिन्छ । अर्थालङ्कारलाई सादृश्यमूलक, विरोधमूलक, शृङ्खलाबन्धमूलक, तर्कन्यायमूलक, वाक्यन्यायमूलक, लोकन्यायमूलक, गूढार्थ प्रतीतिमूलक आदि वर्ग र ती वर्गअन्तर्गत पनि विभिन्न उपवर्गमा वर्गीकरण गरिएको पाइन्छ । यीमध्ये उपमा अलङ्कार अर्थालङ्कारको सादृश्यमूलक वर्गमा पर्दछ ।

उप समीपे मीयते अनया अथवा जसबाट नजिकको सम्बन्ध स्थापित वा नजिकबाट मापन गरिन्छ, त्यो उपमा हो । उपमा अलङ्कारमा उपमेय, उपमान, वाचक शब्द र साधारण धर्मको उपस्थिति आवश्यक हुन्छ । जसको वर्णन गरिन्छ त्यो उपमेय, दाँज्ने कुरा उपमान, दाँजिनाको आधार साधारण धर्म र दाँजेको

बुझाउने वा उपमेय र उपमान बिचको तुल्यता जनाउने झैँ, जस्तै, समान आदि उपमावाचक शब्द हुन् । यी चारै कुरा भएको पूर्णोपमा र यी मध्ये कुनै एक वा दुई अथवा तिनको अभावमा लुप्तोपमा हुन्छ (पन्त, २०५५, पृ. ५३–५४) । कुनै प्रस्तुत वस्तुको कुनै गुण, क्रिया, स्वभाव आदिको समानताका आधारमा अन्य अप्रस्तुतसँग समानता स्थापित गरिन्छ भने उपमा अलङ्कार हुन्छ । अथवा जहाँ दुई वस्तुहरूमा अन्तर भए पनि आकृति र गुणको समानता देखाइन्छ, त्यसलाई उपमा अलङ्कार भनिन्छ । यस अलङ्कारमा उपमेयभन्दा उपमान विशिष्ट गुणयुक्त हुन्छ । उपमेय साध्य हो भने उपमान साधन हो । उपमानमा रहने विशिष्ट गुणलाई उपमेयसँग दाँजेर उपमेयलाई पनि उपमानजस्तै विशिष्ट गुण भएको भन्ने बुझाइन्छ । जस्तै, *सागरजस्तै गम्भीर हृदय होस्, पर्वतजस्तै उच्च मन होस् ।* भन्दा मन र हृदय उपमेय, सागर र पर्वत उपमान, जस्तै वाचक शब्द तथा गम्भीर र उच्च साधारण धर्म  हुन् । यसरी यस उदाहरणमा हृदय र मनलाई सादृश्यका आधारमा सागर र पर्वतसँग नजिकबाट दाँजेर वर्णन गरिएको हुँदा यो उपमा अलङ्कार हो । यहाँ सागर र पर्वत विशिष्ट गुण भएका उपमानमा मानव हृदय र मनसँग दाँजेर उपमेयलाई उपमानजस्तै विशिष्टि तुल्याएर वर्णन गरिएको छ ।

पूर्वीय साहित्यशास्त्रका अलङ्कारवादी आचार्यहरूले उपमाका आआफ्नै ढंगले परिभाषा गरेका छन् । देश, काल, क्रिया आदिद्वारा उपमेयभन्दा भिन्न उपमासँग उपमेयको गुणलेशले साम्य हुन्छ, त्यो उपमा हो (भामह, २०१९, पृ. ४९) । जहाँ गुणलेशले उपमानसँग उपमेयको साम्य हुन्छ, त्यो उपमा हो (वामन, २०७०, पृ. १३७) । भेदमा साधर्म्य हुँदा उपमा हुन्छ अथवा उपमान र उपमेयमा भेद भएर साधर्म्य हुँदा उपमा हुन्छ (मम्मट, सन् २०१३, पृ. ४४३–४५०) । एक वाक्यमा उपमान र उपमेय दुवै पदार्थको वैधर्म्यले रहित वाच्य सादृश्यलाई उपमा भनिन्छ (विश्वनाथ, २०७०, पृ. ८११) । नारी वक्षका दुई उचाइले समान शोभा दिएझैँ उपमान र उपमेयको समान साधर्म्ययुक्त सौन्दर्य उत्पन्न हुँदा उपमा अलङ्कार हुन्छ (जयदेव, २०३४, पृ. ८१) । लौकिक र कल्पिता, पदार्थवृत्ति र वाक्यार्थ वृत्ति तथा पूर्णा र लुप्ता आदि यसका भेद हुन्छन् (वामन, २०७०, पृ. १३७–१५६) । पूर्णोपमा र लुप्तोपमा यसका मुख्य भेद हुन् भने पूर्णोपमाका छ र लुप्तोपमाका उन्नाइस प्रकार हुन्छन् (मम्मट, सन् २०१३, पृ. ४४३–४५०) । यसका पूर्णोपमा र लुप्तोपमा दुई भेद तथा पूर्णोपमाको छ र लप्तोपमाका एकाइस गरी जम्मा उपमाका सत्ताइस प्रकार छन् (विश्वनाथ, २०७०, पृ. ८२९) ।

यसरी उपमा अलङ्कारको वर्गीकरण जेजस्तो र जेजति भए पनि पूर्णोपमा, लुप्तोपमा, रसनोपमा र मालोपमा स्पष्ट छन् । नेपाली साहित्यमा रसनोपमा र मालोपमा कम प्रयोगमा छन् भने पूर्णोपमा र लुप्तोपमा बढी प्रचलित देखिन्छन् ।

### *पूर्णोपमा*

उपमेय, उपमान, वाचक शब्द र साधारण धर्म गरी सबैको उपस्थिति भएको पूर्णोपमा हुन्छ (विश्वनाथ, २०७०, पृ. ८१२) । जस्तै : तिनका ओठ अमृत जस्तै मधुर, हात पालुवा समान अत्यन्त कोमल तथा चकित वा डराएको मृगका नयन झैँ चञ्चल आँखा छन् । यहाँ वर्णित सुन्दरीका ओठ, हात र आँखा उपमेय हुन्, अमृत, पालुवा र चकित मृगका नयन उपमान हुन्, मधुर, कोमल र चञ्चल साधारण धर्म हुन् भने जस्तै, समान र झैँ उपमा वाचक शब्द हुन् ।

***लुप्तोपमा***

उपमेय, उपमान, वाचक शब्द र साधारण धर्ममध्ये कुनै एक, दुई वा तीनको अनुपस्थितिमा लुप्तोपमा हुन्छ । जस्तै : हे प्रिये ! तिम्रो मुख चन्द्रमा समान छ, तिम्रा हात पालुवा समान छन्, तिम्रो बोली अमृत समान छ, तिम्रो ओठ विम्बफल समान छन् तर तिम्रो मन पत्थर समान छ । यहाँ मुख, हात, बोली, ओठ र मन उपमेय  हुन् । चद्रमा, पालुवा, अमृत, बिम्ब फल र पत्थर उपमान हुन् । समान उपमा वाचक शब्द हो भने यहाँ साधारण धर्म बुझाउने शब्दको प्रयोग छैन । त्यसैले यो लुप्तोपमा हो ।

***रसनोपमा***

उत्तरोत्तर क्रमले उपमेय पछिल्लो उपमेयको उपमान हुँदा रसनोपमा हुन्छ । जस्तै : शरद् ऋतुमा हाँस सेतो कान्तिले पनि चन्द्रमा समान हुन्छ । सुन्दरी मनोहर हिँडाइले हाँस समान हुन्छे । पानी स्पर्शजन्य सुखले सुन्दरी समान हुन्छ भने आकाश निर्मल हुनाले पानी समान हुन्छ । यहाँ उपमेयहरू पछिल्ला उपमेयका उपमान भएका छन् । यस्तोमा रसनोपमा हुन्छ (विश्वनाथ, २०७०, पृ. ८३३) ।

***मालोपमा***

एक उपमेयका अनेक उपमान हुँदा मालोपमा हुन्छ । जस्तै : जसरी कमलद्वारा पोखरी, चन्द्रमाद्वारा रात र यौवनद्वारा नारी मनोहर हुन्छन्, त्यसरी नै नीतिद्वारा श्री मनोहर हुन्छ । यहाँ एक उपमेय 'श्री'का पोखरी, रात र नारी उपमान भएकाले यसलाई मालोपमा भनिन्छ (विश्वनाथ, २०७०, पृ. ८३३) ।

## ***ऋतुविचार*को सामान्य परिचयात्मक समीक्षा**

नेपाली साहित्यका कविशिरोमणि लेखनाथ पौड्यालको *ऋतुविचार* प्रकृति र समयको परिवर्तन नै मूल विषय भएको प्रथम आधुनिक स्तरीय नेपाली खण्डकाव्य हो । वि.सं. १९६५ मा ५० श्लोकमा रचना गरिएको 'वर्षाविचार'लाई नै १९७३ मा प्रत्येक ऋतुको ५० श्लोकमा वर्णन गरी ६ ऋतुका ३०० श्लोक भएको *ऋतुविचार* निर्माण गरेर पुनः १९९१ मा प्रत्येक ऋतुका एक सय एक गरी ६०६ श्लोकको परिष्कृत खण्डकाव्य *ऋतुविचार* सृजना भएको हो । भाव, भाषा, लय, संरचना सम्पूर्ण क्षेत्रमा परिष्कार परिमार्जन गरिएको प्रस्तुत कृतिमा प्रकृति मूल विषय वा उपमेय र जीवनजगत्का विविध पक्ष उपमा वा उदाहरणका रूपमा प्रस्तुत गरिएका छन् । यहाँ प्रकृतिका उपमाका रूपमा वेदान्त, साङ्ख्य आदि पूर्वीय आध्यात्मिक दर्शनसँग सम्बन्धित लेखनाथ पौड्यालको दार्शनिक चेतनाको अभिव्यक्ति पाइन्छ । प्रकृतिकै उपमाका रूपमा नैतिक चेतना, सांस्कृतिक, सामाजिक तथा शैक्षिक पक्ष आदिको चित्रण गरिएको छ । यसमा प्रत्येक ऋतुका अन्तिम एक एक श्लोकहरू मालिनी छन्द र बाँकी सबै अनुष्टुप छन्दमा लेखिएका छन् । अनुप्रास, उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा आदि अलङ्कारको सहज प्रयोगले काव्य कलापूर्ण भएको छ ।

यस काव्यमा प्रकृतिको बाह्य स्वरूपको इन्द्रियसंवेद्य वर्णन र प्रकृतिबाट पर्ने प्रभाव वा अनुभव अर्थात् प्रकृतिको हृदयसंवेद्य चित्रण गरिएको छ । प्रकृतिकाव्य *ऋतुविचार*मा प्रकृतिलाई आलम्बनका रूपमा मानवीकरण गरी चित्रण गर्नका साथै उद्दीपन वा प्रभावकारी प्राकृतिक वातावरणको वर्णन गरिएको छ । यसमा प्रकृतिले

मान्छेका दैनिक तथा अवस्थागत क्रियाकलापमा प्रभाव पार्छ भन्ने कुरा औँल्याइएको छ । प्रत्येक श्लोकको अलग अलग अर्थ गर्न सकिने आख्यानविनाको *ऋतुविचार* खण्डकाव्यलाई कोशकाव्य, मुक्तककाव्य आदि पनि भन्ने गरेको पाइन्छ । ऋतु वा समय नायक रहेको *ऋतुविचार*का चरित्रका वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर गरी छ रूपहरू वा अवस्थाहरूको वर्णन गरिएको छ । प्रत्येक ऋतुको बयानसँग मानवीय दुःखसुख, चिन्तन र आचरणको चर्चा गरिएको छ । वर्षभरिको समय परिक्रमापछि पुनः ऋतुपरिवर्तनको सङ्केतका साथ काव्य टुङ्ग्याइएको छ । छ अध्याय वा सर्गमा प्रकृति, समय तथा मानवीय सुखदुःख, कोमल भावना र चिन्तनसमेतको काव्यात्मक अभिव्यक्ति भएको प्रस्तुत कृति उत्कृष्ट खण्डकाव्य बन्न पुगेको छ ।

जसरी प्रकृति र समयक्रममा विभिन्न परिवर्तनहरू हुन्छन् त्यसरी नै जीवनमा पनि सुखदुःखका अवस्थाहरू घुम्छन् । वसन्तबाट सुरु भएको समयक्रम विभिन्न गर्मी, झरीबादल झेल्दै शिशिरमा टुङ्गिन्छ र फेरि वसन्तको क्रम सुरु हुन्छ । त्यसै गरी मानव जीवनमा कहिले वसन्त, कहिले ग्रीष्म, वर्षा शिशिर जस्ता अँध्यारा र उज्याला अवस्थाहरू आइरहन्छन् । जीवनमा सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नुहुन्न किनभने सुखदुःखको क्रम निरन्तर चलिरहने प्रक्रिया हो भन्ने विचार *ऋतुविचार*मा पाइन्छ । यस काव्यको दर्पणमा समष्टि जीवनजगत् तथा मानव सभ्यताको परिवर्तनशीलता वा अवस्थाको दर्शन गर्न सकिन्छ ।

ऋतुवर्णनका माध्यमबाट प्रस्तुत काव्यमा समाजिक गतिविधिको पर्याप्त चित्रण गरिएको पाइन्छ । सामाजिक व्यवस्थामा राजा वा नेतामा हुनुपर्ने गुण, नैतिकता, समाजको उत्थान र पतन, धार्मिक आचरण, लेकबँसी गर्नुपर्ने पहाडी जनजीवन, ग्रामीण महिलाका दिनचर्या र इच्छा आकाङ्क्षा, मानवजातिका सज्जनता, मूर्खता, जुवा आदि दुर्व्यसन, अवस्थागत चाहना, स्वभाव र व्यवहार, युग परिवर्तनका साथ देखापरेका सामाजिक मान्यता र रहनरहन, लोक संस्कृति, प्रणयप्रेम आदिलाई प्रकृतिका उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

*ऋतुविचार* संस्कृत साहित्य जगत्का प्रकृतिकाव्यबाट प्रभावित तथा लेखनाथीय आध्यात्मिक चेतनाको अभिव्यक्ति भएको खण्डकाव्य हो । यसमा अन्त्यमा प्रयोग गरिएका भिन्न छन्दका विनयश्लोक, भावी सर्ग वा ऋतुको सङ्केत, ऋषि सभ्यताप्रतिको श्रद्धा जस्ता कुरा प्रस्तुत भएका छन् । यस्तो प्रभाव भए पनि नेपाली जनजीवनका उदाहणका साथ मूल रूपमा प्रकृतिको वर्णन गरिएको यो कृति नेपाली साहित्यको खण्डकाव्यका फाँटको एउटा मौलिक र महत्त्वपूर्ण खण्डकाव्य हो । यस कृतिका सबै खण्डमा शब्दार्थालङ्कारको यथोचित प्रयोग गरिएको पाइन्छ तर यस लेखमा भने उपमाका पूर्णोपमा र लुप्तोपमा प्रयोगका आधारमा 'शरद्विचार'को विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## उपमा अलङ्कारका आधारमा 'शरद् विचार'को विश्लेषण

### 'शरद् विचार'मा पूर्णोपमा

'शरद्विचार'का निम्नलिखित श्लोकहरूमा पूर्णोपमाको प्रयोग भएको पाइन्छ, जस्तै :

| पूर्णोपमायुक्त श्लोकहरू | उपमेय | उपमान | साधारण धर्म | वाचक शब्द |
|---|---|---|---|---|
| निस्के घन-घटा फोरी देखाई भरिलो छवि ।<br>अविद्या-जाल तोडेको इलमी राष्ट्र झैँ रवि ।२। | रवि | इलमी राष्ट्र | भरिलो छवि | झैँ |
| लोकोपकारमा खर्ची अनन्त जल-सम्पति ।<br>मनस्वी धीर झैँ मेघ बन्यो शान्त मुनि-व्रती ।४। | मेघ | धीर मनस्वी | शान्त | झैँ |

| | | | | |
|---|---|---|---|---|
| परोपकार-व्रतले गलेका मेघ पावन ।<br>प्रतिपच्चन्द्र-रेखा झैँ देखिन्छन् मन-मोहन ।६। | मेघ | प्रतिपच्चन्द्र रेखा | पावन मनमोहन | झैँ |
| सेता बादलका टुक्रा कुना-कानी अली अली<br>चल्छन् बिस्तार बिस्तारै कलिमा साधुझैँ गली ।९। | सेता बादलका टुक्रा | कलिका साधु | गल्नु | झैँ |
| बडो उज्यालो आनन्दी भगवान् शंकरै-सरी ।<br>हिमालमा पस्यो मेघ विश्व-बाधा सबै हरी ।१०। | मेघ | भगवान् शङ्कर | हिमालमा पस्नु | सरी |
| मेघ झैँ विश्व-सेवामा लगाई शुद्ध जीवन ।<br>अन्त्यमा शान्ति जो लिन्छन् उनै हुन् मुक्तिभाजन ।११। | मुक्तिभाजन | मेघ | शुद्ध जीवन विश्व सेवामा लगाई शान्त | झैँ |
| जगद्व्यापी उही मेघ टुक्रा टुक्रा भईकन ।<br>हिन्दूसाम्राज्य झैँ आज गिऱ्यो पाइन्न देखन ।१३। | मेघ | हिन्दु साम्राज्य | टुक्रा टुक्रा भएर गिर्नु | झैँ |
| दिव्य सौभाग्य-धारामा नुहाई भइ निर्मल ।<br>निस्केको तुल्य देखिन्छ उज्यालो विश्वमण्डल ।१५। | विश्व मण्डल | दिव्य सौभाग्य धारामा नुहाएर निर्मल भएको | उज्यालो देखिनु | तुल्य |
| वर्षा जाँगिली दासी धोई पोती लिपी चली ।<br>शरद् मालिकिनी जस्तै गर्न थाली ढली-मली ।१८। | शरद् | मालिकिनी | ढलिमली गर्नु | जस्तै |
| न तुवाँलो न ता हुस्सू न धूलो न पयोधर ।<br>स्वच्छ देखिन्छ आकाश इन्द्र-नील-बराबर ।२३। | आकाश | इन्द्रनील | स्वच्छ देखिनु | बराबर |
| सारा उपाधिले शून्य, शून्य आकाश यो घरी ।<br>झल्कन्छ कल्पना-शून्य योगीको हृदयै-सरी ।२५। | आकाश | योगीको हृदय | उपाधि र कल्पना शून्यता | सरी |
| रातमा झल्कने ज्यादा ठूला साना हिरा-सरी ।<br>तारा झिलिमिली गर्छन् त्यो नील गगनै-भरी ।२६। | नील गगनका तारा | भल्कने ठुला साना हीरा | राती झल्कनु, झिलिमिली गर्नु | सरी |
| झल्कन्छ राति आकाश ती ताराहरूले गरी ।<br>योगीका सुख-शैय्याको कार्चोपी चाँदनी-सरी ।२९। | रातको आकाश | योगीको सुख शैय्याको कार्चोपी चाँदनी | झल्कनु | सरी |
| जसरी भल आयेथ्यो गयो झट्ट उसै गरी ।<br>जवानीको कडा माद दौडन्छ बिजुली-सरी ।३२। | बर्खाको भल | जवानीको कडा माद | बिजुलीको दौडाइ | सरी |
| नदीका जलले छोड्यो सारा बगर सुस्तरी ।<br>ज्ञानीका मनले तुच्छ भोगको वासना-सरी ।३४। | नदीको जलले बगर | ज्ञानीको मनले भोगको वासना | छोड्नु | सरी |
| चुल्ठो-समान लर्केको नदीको मझ-धार छ ।३५। | नदीको मझधार | चुल्ठो | लर्कनु | समान |
| आँखा-समान झल्कन्छ माछाको परिवर्तन ।<br>गहिरो भुमरी-रूप नाभि देखिन्छ शोभन ।३६। | मछाको परिवर्तन | आँखा | झल्कनु | समान |
| शनैः शनैः फिका पारी अघिको तेजिलोपन ।<br>विप्र झैँ दक्षिणाऽऽशामा लागे श्रीसूर्य लत्रन ।४०। | शरद्को अन्त्यको सूर्य | दक्षिणाको आशा गर्ने विप्र | लत्रनु | झैँ |
| हिमका चुचुरा सारा साह्रै स्वच्छ मनोरम ।<br>देखिन्छन् आत्म-विद्याका सिद्धान्त-सरि दुर्गम ।४६। | हिमका चुचुरा | आत्मविद्याका सिद्धान्त | स्वच्छ, मनोरम, दुर्गम | सरी |
| बिहानै शिरमा पर्दा सूर्यको किरणाऽऽवली ।<br>मूर्तिधारी तपस्वी झैँ झल्कन्छन् हिमका चुली ।४७। | हिमका चुली | तपस्वी | झल्कनु | झैँ |
| हिमालका पखेरामा तलै लत्रे पयोधर ।<br>शिवका कटिको लम्बा बाघाम्बर-बराबर ।४८। | पयोधर | बाघाम्बर | तल लत्रनु | बराबर |
| देखिन्छ अघिको भन्दा राम्रो कमल-संहति ।<br>चर्को विनाश-बेलाको बत्ती झैँ विमल-द्युति ।५०। | कमल-संहति | बत्ती | विमल द्युति | झैँ |

| | | | | |
|---|---|---|---|---|
| थुँगा कमलका राम्रा देखिन्छन् पोखरी-भरी ।<br>आकण्ठ जलमा मग्न अप्सराका मुखै-सरी ।५१। | पोखरीमा कमलका थुँगा | घाँटीसम्म पानीमा डुबेका अप्सराका मुख | राम्रा देखिनु | सरी |
| विधाताले खटायेका कमल-द्युति-जाँचमा ।<br>जाँचकी-तुल्य भै घुम्छन् भुमराहरू पुष्पमा ।५५। | भुमराहरू | कमलद्युति जाँचकी | पुष्पमा घुम्नु | तुल्य |
| काव्यमा कविको दिव्य कल्पना-शक्तिको सरी ।<br>जलमा अति राम्रो छ हंसको गति-चातुरी ।५८। | हंसको गति चातुरी | कविको कल्पना शक्ति | अति राम्रो हुनु | सरी |
| त्यो हंस-गतिले चल्छ जल निर्मल सुस्तरी ।<br>लययुक्त महात्माको चित्तको कलना-सरी ।६१। | जल | महात्माको चित्तको कलना | लय युक्त हंशगतिले चल्नु | सरी |
| खेतको मोहिनी शोभा हेरदा-हेरदैमहाँ ।<br>ब्रह्ममा ब्रह्म-वेत्ता झैँ लीन हुन्छ मनै वहाँ ।६७। | खेतको शोभामा मन | ब्रह्ममा ब्रह्मवेत्ता | लीन हुनु | झैँ |
| कृषिको श्रम-साफल्य देखनाले प्रजा सब ।<br>परमाऽऽनन्द पायेको योगी झैँ छ खुशी अब ।६९। | श्रमको सफलता देख्ने प्रजा | परमानन्द पाएको योगी | खुसी हुनु | झैँ |
| हुटिट्याउँ, हिलेकौवा, जलेवा, बक, चाँचर ।<br>खेतीका कुह्वा-तुल्य खेतैमा गर्दछन् घर ।७०। | हुटिट्याउँ हिले कौवा, जलेवा, बक, चाँचर | खेतीका कुरुवा | खेतमा घर गर्नु | तुल्य |
| खोली कमलको छाता हम्काई काश-चामर ।<br>ऋतु-राजै-सरी गम्क्यो शरत्काल मनोहर ।७४। | मनोहर शरत् काल | ऋतुराज | छाता खोल्नु चामर हम्काउनु | सरी |
| फूलका मदको गन्ध भरियेको छतीवन ।<br>शरत्को वनमा बद्ध हात्ती-तुल्य छ शोभन ।७५। | छतीवन | हात्ती | गन्धयुक्त शोभन | तुल्य |
| ढकमक्क शयेपत्री अभिमानी-समान छ ।<br>ज्यादा लत्रन जान्दैन रूपको खूप शान छ ।८०। | शयेपत्री (सयपत्री) | अभिमानी | लत्रन नजान्ने, रूपको सान हुनु | समान |
| रङ्गमा रेसमै तुल्य ढङ्ग लोकै बिझाउने ।<br>रित्तो मखमली चुत्थो धूर्तै भन्न सुहाउने ।८४। | मखमली | रेसम | ढङ्ग | तुल्य |
| चन्द्रको चाँदनी-रूप झल्कँदा राति गौरव ।<br>कपूरले लिपे-जस्तो देखिन्छ जगतै सब ।९०। | चन्द्रको चाँदनी रूप झल्केको | कपूरले लिपेको जगत् | गौरव देखिनु | जस्तो |
| आनन्दी देवता-तुल्य चन्द्रका रश्मिजालमा ।<br>पीडका रङ्गमा दङ्ग देखिन्छन् सब हालमा ।९१। | चन्द्रको रश्मि जाल | आनन्दी देवता | पिङमा दङ्ग देखिनु | तुल्य |
| जसरी पीङ मच्चिन्छ हिन्दू-जाति उसै गरी ।<br>विश्वमा मच्चिँदै घुम्थ्यो जयका जमरा धरी ।९४। | हिन्दु जाति | पिङमा मच्चिनेहरू | विश्वमा मच्चिँदै घुम्नु | जसरी-उसरी |
| आनन्दको ध्वजा तुल्य ठड्याई दीर्घ पुच्छर ।<br>बाच्छा बाच्छी सिँगारेका दौडन्छन् ती सबैतिर ।९८। | दीर्घ पुच्छर | ध्वजा | आनन्दले ठड्याउनु | तुल्य |
| यताउति कतै केही नहेरी मस्त भैकन ।<br>विजयी वीर झैँ गर्वी थाले गोपति ढल्कन ।९९। | गर्वी गोपति | विजयी वीर | गर्वले ढल्कनु | झैँ |
| योगीको मन झैँ पानी, बाटो वेद-पथै-सरी ।<br>शुद्ध देखिन्छ सम्पूर्ण शरत्का सङ्गले गरी ।१००। | पानी, बाटो | योगीको मन, वेद-पथ | शुद्ध देखिनु | सरी |

उक्त तालिका अनुसार वर्षा कालको बाक्लो कालो बादल फारेर आफ्नो भरिलो छवि लिएर निक्लेका रवि अविद्याको जाल तोडेको इलमी राष्ट्र जस्तै देखिए ।२। मेघ लोकोपकारमा अनन्त जलसम्पत्ति

खर्चेर धीर मनस्वी शान्त व्रती मुनि झैँ बन्यो ।४। परोपकार व्रतले गलेका पावन मेघ कृष्ण पक्षको प्रतिपदाको रेखाकार भएका चन्द्रमा झैँ मनमोहन देखिए ।६। शरद्को सफा आकाशका कुनाकानीमा देखिएका अलिअलि सेता बादलका टुक्रा कलिकालमा गलेका साधुझैँ विस्तार विस्तार चलमलाएका छन् ।९। संसारको विघ्नबाधा हरण गरेर उज्यालो र आनन्दी भई हिमालमा आसन जमाएका भगवान् शंकरझैँ वर्षा मेघ समेटिएर हिमालमा प्रवेश गऱ्यो ।१०। जो मेघ झैँशुद्ध जीवन विश्व सेवामा लगाई अन्त्यमा शान्ति लिन्छन्, उनैले मुक्ति पाउँछन् ।११। उही जगद्व्यापी मेघ हिन्दूसाम्राज्यझैँ टुक्रा टुक्रा भई गिरेको हुनाले आज देख्न पाइन्न ।१३। दिव्य सौभाग्य धारामा नुहाएर निर्मल भई निस्केको झैँ विश्वमण्ड उज्यालो देखिन्छ ।१५। जाँगरिली दासी जस्तै वर्षाले धोएर, लिपेर र पोतेर गएपछि मालिकिनीजस्तै शरद् ऋतु ढलिमली गर्न थाली ।१८। तुवाँलो, हुस्सु, धुलो, वर्षा र बादल केही नहुनाले शरद्कालको आकाश इन्द्रनील समान देखिन्छ ।२३। कुनै उपाधि तथा कल्पनारहित योगीको हृदय झैँ यो घरी अर्थात् शरत् कालमा आकाश शून्य भएर झल्कन्छ ।२५। ज्यादै झल्कने ठुला साना हीरा जस्तै रातमा त्यो नीलो गगनभरि ताराहरू झिलिमिली गर्दछन् ।२६। ती ताराहरूले गर्दा योगीका सुख शैय्याको कार्चोपी चाँदनीजस्तै राती आकाश झल्कन्छ ।२९। जवानीको कडा माद बिजुली सरी दौडिए झैँ वर्षामा जसरी भल आएथ्यो त्यसै गरी शरद् आउना साथ गयो ।३२। ज्ञानीका मनले तुच्छ भोगको वासना छोडे जस्तै नदीका जलले सारा बगर सुस्तरी छोड्यो ।३४। शरद्कालीन नदीको जलप्रवाह नारीको चुल्ठोसमान लर्केको देखिन्छ ।३५। शरद् कालका नदी र पोखरीमा गहिरो भुमरी पर्दा सुन्दर नाभिझैँ देखिन्छ भने त्यहाँ माछाको परिवर्तन आँखाजस्तै झल्कन्छ ।३६। दक्षिणाको आशामा विप्रजस्तै आफ्नो तेजिलो पनलाई फिका पार्दै श्री सूर्य शनैः शनैः लत्रन लागे ।४०। आत्मविद्याका सिद्धान्तजस्तै सारा हिमका चुचुरा सारै स्वच्छ, मनोरम र दुर्गम देखिन्छन् ।४६। बिहानै शिरमा सूर्यको किरणावली पर्दा हिमका चुली मूर्तिधारी तपस्वीझैँ झल्कन्छन् ।४७। शिवका कटीको लामो बाघाम्बरजस्तै हिमालका पखेरामा पयोधर तलै लत्रे ।४८। विनाश बेलाको चर्को बत्तीझैँ कमलसंहतिको विमलद्युति अघिको भन्दा राम्रो देखिन्छ ।५०। आकण्ठ जलमा मग्न अप्सराका मुखसरी पोखरीभरि कमलका थुँगा राम्रा देखिन्छन् ।५१। विधाताले कमलद्युति जाँचमा खटाएका जाँचकीतुल्य भई भुमराहरू पुष्पमा घुम्छन् ।५५। काव्यमा कविको दिव्य कल्पना शक्तिको सरी जलमा हंसको गति चातुरी अति राम्रो छ ।५८। महात्माका चित्तको कलना सरी त्यो निर्मल जल लययुक्त हंस गतिले सुस्तरी चल्छ ।६१। ब्रह्मवेत्ता ब्रह्ममा झैँ खेतको मोहनी शोभा हेर्दा हेर्दैमा त्यहाँ मन नै लीन हुन्छ ।६७। कृषिको श्रमसाफल्य देख्नाले सब प्रजा परमानन्द पाएका योगीझैँ अब खुसी छन् ।६९। हुटिट्याउँ, हिलेकौवा, जलेवा, बक, चाँचर खेतीका कुरुवातुल्य खेतैमा घर गर्दछन् ।७०। मनोहर शरत्काल कमलको छाता खोली काशचामर हम्काई ऋतुराजै सरी गम्क्यो ।७४। शरत्को वनमा फूलका मदको गन्धले भरिएको छतीवन बाँधिएको हात्तीतुल्य शोभित छ ।७५। ढकमक्क फुलेको सयपत्री अभिमानी समान छ, ज्यादा लत्रन जान्दैन र उसमा रूपको खुब सान छ ।८०। लोकलाई प्रभाव पार्ने रेसमजस्तै रङ भएको गन्धरहित मखमली फूललाई धूर्त भन्नु जस्तो लाग्छ ।८४। राती चन्द्रको चाँदनी रूप झल्कँदा सब जगत् नै कपूरले लिपे जस्तो गौरव देखिन्छ ।९०। चन्द्रका रश्मिजालमा आनन्दी देवतातुल्य हालमा सब पीडका रङ्गमा दङ्ग देखिन्छन् ।९१। हिन्दु अर्थात् नेपाली जाति पिङमा मच्चिए झैँ जयका जमरा धरी मच्चिँदै विश्वमा घुम्थ्यो ।९४। आनन्दको झन्डाजस्तै सिँगारिएका लामा पुच्छर ठड्याएर बाछाबाछी सबैतिर दौडन्छन् ।९८। गाईपालकहरू विजयी वीरझैँ यताउति कतै नहेरी गर्वले ढल्कँदै छन् ।९९। शरत् कालका संगले गर्दा सम्पूर्ण पानी योगीको मन झैँ र बाटो वेदको पथसरी शुद्ध देखिन्छ ।१००।

## 'शरद् विचार'मा लुप्तोपमा

'शरद्विचार'का निम्नलिखित श्लोकहरूमा लुप्तोपमाको प्रयोग भएको पाइन्छ, जस्तै :

| लुप्तोपमायुक्त श्लोकहरू | उपमेय | उपमान | साधारण धर्म | वाचक शब्द |
|---|---|---|---|---|
| रूप-रङ्गादिले शून्य सत्त्व-शेष कुनै धन ।<br>जीवन्मुक्त-सरी थाले हावा-माफिक खेलन ।८। | लुप्त (बादल) | जीवन्मुक्त | सत्त्वशेष | सरी |
| हरायी मेघका साथै उज्याली बिजुली पनि ।<br>भर्ता भयेपछि कान्ता रहन्थी अन्त के भनी ? ।१२। | बिजुली | कान्ता | हराउनु/नरहनु | लुप्त |
| वर्षा जाँगरिली दासी धोई पोती लिपी चली ।१८। | वर्षा | दासी | धुनु, पोत्नु, लिप्नु, चल्नु | लुप्त |
| शुकी-शक्यो हिलो सारा, धूलो छैन रती-भर ।<br>रस्ता देखिन्छ सम्पूर्ण लिपेको झैं मनोहर ।१९। | रास्ता | लुप्त | लिपेको | झैं |
| नर-नारी, लता-वृक्ष, पशु-पक्षी तमामको ।<br>ढाँचाले स्पष्ट देखायो आनन्दी राज्य रामको ।२०। | लुप्त | रामराज्य | आनन्दी | लुप्त |
| न सर्दी छ, न गर्मी छ, न वर्षा छ, न घाम छ ।<br>अपूर्व यो शरत्काल सबैको सुख-धाम छ ।२१। | शरत्काल | सुखधाम | अपूर्व | लुप्त |
| रातमा रात राम्रा छन्, राम्रा छन् दिनमा दिन ।<br>सच्चा अमृतका टुक्रा कम-बेसी थिये कुन ? ।३०। | रात-दिन | अमृतका टुक्रा | राम्रा | लुप्त |
| शान्त भै ठाममा आये ठूला नद-नदी सब ।<br>सबैको अस्थिरै हुन्छ उर्लंदो वेग-वैभव ।३१। | नद-नदी | उर्लंदो वेग-वैभव | शान्त भै ठाउँमा आउनु | लुप्त |
| वर्षाका जोरले मात्र उर्लेका खहरे जती ।<br>छोडी आडम्बरी फूर्ति बन्न थाले बक-व्रती ।३३। | खहरे | बक-व्रती | आडम्बरी | लुप्त |
| शरत्का सङ्गले सङ्ले धमिला पोखरी सब ।<br>सत्सङ्गको सफा रङ्ग सबैमा पर्छ वास्तव ।३८। | शरत्को सफा रङ्ग | सत्सङ्गको प्रभाव | सङ्लिनु | लुप्त |
| दिननाथै उँधो लत्रे, दिनको के कुरा छ र ?<br>जहाँ-सुकै पनी हुन्छ स्वामी-माफिक नोकर ।४२। | दिन | नोकर | लत्रिनु | लुप्त |
| धैर्यको शान्तिको दिव्य नमूना-तुल्य निश्चल ।<br>अघिभन्दा पनी ज्यादा उज्यालो छ हिमाचल ।४५। | लुप्त | नमुना | निश्चल | तुल्य |
| लियो सुगन्ध हावाले मिल्कायो तल केशर ।<br>तत्त्व पायेपछी फेरि खोष्टाको चाल के छ र ? ।५३। | केशर | खोस्टा | सुगन्ध र तत्त्व | लुप्त |
| हावाले जलमा राम्रा लहरी जुन आउँछन् ।<br>झुलदै उनमा हंस डुङ्गीमा झैं रमाउँछन् ।५९। | लहरी | डुङ्गी | लुप्त | झैं |
| एकैनास पसायेका अर्धचन्द्र-समानका ।<br>बाला लहबरी गर्दै झुल्दछन् खूब धानका ।६५। | (धानका) बाला | अर्धचन्द्र | लुप्त | समान |
| झुकेको छ सबै धान्य ठाडो छैन कुनै पनि ।<br>उपकारी गुणी व्यक्ति यस्तै हुन्छ जहाँ पनि ।६६। | धान्य ठाडो नहुनु | उपकारी | झुक्नु | लुप्त |
| वसन्तकै सरी सारा बगैंचाको बहार छ ।७७। | लुप्त | वसन्त | बगैंचाको बहार | सरी |
| रसीलो हर-शृङ्गार वर्षाई पुष्प बर्बरी ।<br>स्वर्गीय वासना भर्छ महात्मा झैं वरी-परी ।८२। | लुप्त | महात्मा | स्वर्गीय वासना भर्नु | झैं |

उक्त तालिका अनुसार शरद् कालको सफा आकाश कुनै रूप रङ्गविहीन भएर हावामा खेलिरहेको जीवनमुक्तझैं आफ्नो सत्त्व मात्र बाँकी रहेको देखियो ।८। आकाशमा चम्किने बिजुली भर्तास्वरूप मेघसँगै हराई ।१२। जाँगरिली दासीजस्तै वर्षा प्रकृतिलाई धोई, पोती, लिपी र गई ।१८। शरद्मा धुलो र हिलो नभएको बाटो लिपेको जस्तै सफा भएको छ (१९) । नरनारी, लतावृक्ष, पशुपक्षी सबै रामराज्यका जनताझैं

आनन्दी देखिए ।२०। सर्दी, गर्मी, वर्षा र घाम नभएको शरद् काल सबैलाई अपूर्व सुखधाम भएको छ ।२१। सच्चा अमृतका टुक्राझैँ दिन र रात दुवै बराबर राम्रा छन् ।३०। सबैको उलँदो वेग-वैभव अस्थिर भएझैँ ठुला नदनदी सबै आफ्नो ठाउँमा आए ।३१। वर्षाका जोरले मात्र उर्लेका खहरेहरू आडम्बरी फुर्ती छोडेर बकव्रती बन्न थालेझैँ देखिए ।३३। सबैमा सत्संगको प्रभाव परेझैँ शरदका संगले सबै धमिला पोखरीहरू सङ्लिए ।३८। स्वामीअनुसार नोकर भएझैँ दिननाथ दक्षिणायन भएपछि दिन पनि छोटा भए ।४२। धैर्य र शान्तिको निश्चल दिव्य नमुनाझैँ शरद्मा हिमाल झन् झन् उज्यालो भयो ।४५। तत्त्व लिएपछि खोस्टाको महत्त्व नभएझैँ हावाले सुगन्ध लिएर फुको केशरलाई मिल्कायो ।५३। हाँस डुङ्गामा जस्तै हावाले उत्पन्न पानीको लहरमा झुल्दै रमाउँछ ।५९। परमज्ञानीझैँ दुध र पानी छान्ने हाँस जानिनसक्नु अनौठो चालमा चल्छ ।६०। एकैपल्ट निस्केका अर्धचन्द्रजस्ता धानका बाला लहबरी गर्दै छन् ।६५। उपकारी गुणी व्यक्तिजस्तै धान कतै ठाडो नभई झुकेको छ ।६६। वसन्तको भन्दा बढी सुगन्धी बगैँचामा वसन्तकै समान हावा चलेको छ ।७७। शरद्ले पुष्प बर्बरी बर्साई रसिलो र सुन्दर वातावरण सृजना गरेर महात्माझैँ वरिपरि स्वर्गीय वासना भर्दछ ।८२।

समग्रमा भन्नुपर्दा 'शरद्विचार'मा पूर्णोपमा र लुप्तोपमाको अवस्था स्पष्ट देखिएको छ । त्यसअनुसार शरदकाल र त्यस समयमा झल्किने विश्वमण्डल वा बाह्य जगत्, सफा सङ्लो, तत्कालीन आकाश, बादल, दिनरात, सूर्यचन्द्र, तारागण, बिजुली, वर्षा र भलको अन्त्य, सफा बाटो, पोखरी र त्यसका लहर, नदनदी, हिमाल, खेतको मनोहारी दृश्य, धानका बाला र तिनका झुलाइ, छत्तीवन आदि वृक्षहरू, सयपत्री, मखमली आदि फूलहरू, भमरा, हाँस, हुटिट्याउँ, काग, जलेवा, बकुल्लो आदि प्राणीहरू, दसैँ, तिहार आदि पर्व, लिङ्गे पिङ, देउसीभैलो आदि विषयको वर्णन गरिएको छ । उक्त वर्ण्यविषयका उदाहरणका रूपमा भगवान् शंकर, योगीको वेदपथ, जीवनमुक्त योगीको हृदय, तपस्वी, धीर मनस्वी, महात्माको चित्त, उपकारी, ब्रह्मवेत्ता, अध्यात्मविद्या, शुक्ल पक्ष प्रतिपदाको चन्द्र, कलिका साधु, इलमी राष्ट्र, हिन्दु साम्राज्य, मालिकनी, दासी, इन्द्रनीलमणि, हीरा, जवानीको माद, दक्षिणार्थी विप्र, अप्सरा, कविकल्पना शक्ति, खेती कुर्ने किसान, अभिमानी, रेसम, कपुरले लिपेको, सत्संगको प्रभाव, नोकर, खोस्टा, डुंगी, अर्धचन्द्र, वसन्त, आनन्दी देवता, पिङ खेलाइ, ध्वजा, विजयी वीर, कान्ता, रामराज्य, सुखधाम, अमृत, उलँदो वेग वैभव, बकव्रती आदिको वर्णन गरिएको छ । उपर्युक्त दुई समूहका विषयलाई उपमेय र उपमानका रूपमा लिएर वा दाँजेर दुवै पक्षको सुन्दर चित्रण गरिएको छ भने त्यस क्रममा असल पक्षको कलात्मक ढंगले समर्थन र खराब वा प्रतिकूल पक्षप्रति व्यंग्य गरिएको पाइन्छ ।

यसरी 'शरद्विचार'मा प्रकृतिलाई उपमेय र राजनीतिक र सामाजिक गतिविधि, दार्शनिक, आध्यात्मिक तथा सांस्कृतिक आदि जीवनजगत्का विविध पक्षलाई उपमान बनाएर कविले समाजका रहनसहन, सुकृति-विकृति एवम् मानव स्वभावका विभिन्न अवस्थाको आलंकारिक चित्रण गरेको पाइन्छ । यस क्रममा तात्कालिक प्राकृतिक छटा, सामाजिक अवस्था र जीवनजगत्का विविध पक्षलाई उपमेय र उपमानका रूपमा लिएर सबै पक्षको सुन्दर र कलात्मक वर्णन गर्नु नै लेखनाथको *ऋतुविचार* तथा त्यसअन्तर्गतको 'शरदविचार'को महत्त्वपूर्ण वैशिष्ट्य रहेको छ । यस काव्यमा प्रकृतिलाई उपमेय र जीवनजगत्का यावत् पक्षलाई उपमास्वरूप ग्रहरण गरेर तिनको तुलनात्मक चित्रण गरी मानव जातिलाई उन्नति र अवनतिको दुवै गति देखाएर जीवनमा सही मार्ग चुन्नका लागि सन्देश अभिव्यञ्जित छ ।

## निष्कर्ष

नेपाली साहित्यका परिष्कारवादी खण्डकाव्यकार लेखनाथ पौड्यालको *ऋतुविचार* प्रथम आधुनिक नेपाली खण्डकाव्य हो । पूर्वीय काव्यशास्त्रका आधारमा संरचित यो काव्य अलङ्कार प्रयोगका दृष्टिले प्रसिद्ध छ । यस काव्यमा शब्दालङ्कार तथा अर्थालङ्कारका विविध भेदहरूको सहज र सफल प्रयोग पाइन्छ । यसै सन्दर्भमा *ऋतुविचार*भित्रको 'शरद्विचार'मा उपमा अलङ्कारका पूर्णोपमा र लुप्तोपमाको सफल र सहज प्रयोग भएको पाइएको छ ।

'शरद्विचार'मा प्रकृति र जीवनजगत्लाई तुलना गरेर प्रस्तुत गरिएकाले काव्य रोचक र सुबोध्य बनेको छ । उपमाको सुन्दर प्रयोगले संस्कृत साहित्यका महाकवि कालिदास विश्वप्रसिद्ध भएझैँ नेपाली साहित्यका कविशिरोमणि लेखनाथ पौड्याल पनि नेपाली काव्यमा अलङ्कारको सहज प्रयोग गर्ने सन्दर्भमा उपमा प्रयोगमा सफल रहेका छन् । उनको *ऋतुविचार* तथा त्यसको खण्ड 'शरद्विचार'मा समेत उपमाको उत्कृष्ट प्रयोग छ भन्ने कुरा माथिका तालिकाहरूमा स्पष्ट पारिएको छ ।

'शरद्विचार'का एकसय एक श्लोकमध्ये सन्ताउन्न श्लोकमा प्रत्यक्ष रूपमा पूर्णोपमा र लुप्तोपमा अलङ्कार उपयोग भएको देखिएको छ । त्यसैले उपमा अलङ्कार प्रयोगका दृष्टिले 'शरद्विचार' विशिष्ट बन्न पुगेको छ ।

## सन्दर्भ सामग्री-सूची

अधिकारी, गंगाप्रसाद, (२०६८), 'मुनामदन खण्डकाव्यमा पूर्णोपमा र लुप्तोपमा अलङ्कार', *कनकाई प्रवाह तेस्रो तरङ्ग* (सम्पा. कोमलप्रसाद पोखरेल र अन्य), सुरुङ्गा : कनकाई प्रतिभा प्रतिष्ठान ।

जयदेव, (२०३४), *चन्द्रालोक* (व्याख्या श्रीकृष्णमणि त्रिपाठी), वाराणसी : चौखम्बा सुरभारती ।

पन्त, भरतराज, (२०५५), अलङ्कार, *नेपाली साहित्यकोश* (सम्पा. ईश्वर बराल र अन्य), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, लेखनाथ, (२०६५), *ऋतुविचार* (तेइसौँ सं.), काठमाडौं : साझा प्रकाशन ।

भामह, (२०१९), *काव्यालङ्कार* (भाष्य देवेन्द्रनाथ शर्मा), पटना : विहार-राष्ट्रभाषा-परिषद् ।

मम्मट, (२०१३), *काव्यप्रकाश* (व्याख्या विश्वेश्वर सिद्धान्तशिरोमणि), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

वामन, (२०७०), *काव्यालङ्कारसूत्राणि,* (व्याख्या बेचन झा), वाराणसी : चौखम्बा संस्कृत भवन ।

विश्वनाथ, (२०७०), साहित्यदर्पण (व्याख्या शेषराज शर्मा रेग्मी), वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

* सहप्राध्यापक, नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल,
email: subedijibanath@gmail.com

# औपचारिक शिक्षामा सामाजिक न्यायको नीतिगत व्यवस्था

- ठाकुरप्रसाद रसाईली*

**लेखसार**

*यस लेखले नेपालमा सामाजिक रूपमा पिछडिएका वर्ग, समुदाय तथा विशेष आवश्यकताका अपाङ्ग समूहलाई औपचारिक शिक्षाको प्रक्रियामा पहुँच बढाई सामाजिक न्याय प्रदान गर्न विद्यमान शैक्षिक नीतिगत व्यवस्थाहरूको विश्लेषण गर्दछ । यस प्रयोजनका लागि सरोकारवालाहरूसँग गुणात्मक अन्तरवार्तामार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । नेपालको सन्दर्भमा शिक्षा व्यवस्था परम्परादेखि नै सम्भ्रान्त वर्गको स्वार्थ पूरा गर्ने माध्यमका रूपमा सञ्चालित हुदै आएको पाइन्छ । नेपालमा सामाजिक रूपमा पिछडिएका दलित समुदाय, महिला वर्ग, आदिवासी जनजाति र विशेष आवश्यकताका अपाङ्ग समूहलाई पनि लक्षित वर्गको रूपमा उल्लेख गरिएको छ । यी लक्षित वर्गका बालबालिकाहरूको अझै पनि शिक्षामा पहुँच तथा परिणाम प्राप्तिमा कमी देखिनगई शिक्षामा सामाजिक न्याय हुन सकेको छैन । यस प्रकारको सामाजिक न्याय प्रदान गर्नु राज्यको दायित्व हो । यसका लागि राज्यले शिक्षा सम्बन्धी आवश्यक कानुनहरू बनाएर त्यसको कार्यान्वियन गर्न विशेष नीतिगत व्यवस्थाहरू गर्नुपर्ने हुन्छ । नेपालमा प्रजातन्त्रको पुनर्स्थापना (२०४६) पछि आएका सरकारहरूले ती लक्षित वर्गहरूको औपचारिक शिक्षामा पहुँच वृद्धि गरी सामाजिक न्याय प्रदान गर्नका लागि विकास योजनाहरू अन्तर्गत शैक्षिक नीतिहरू बनाएर लागू गर्दै आएको छ । यस क्रममा शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने, विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था, शैक्षिक आरक्षण, भाषागत तथा विशेष शिक्षा, विद्यालय सुधार योजना जस्ता नीतिहरूलाई अवलम्बन गरेको पाइन्छ । यसबाट शैक्षिक अवसरहरूको वृद्धि र निष्पक्षतामा जोड दिएको देखिन्छ तर पनि यी लक्षित वर्गमा रहेको गरीबी, अशिक्षा, सामाजिक विभेद, भाषागत समस्या जस्ता कारणहरूले गर्दा ती नीतिहरूको उपलब्धिको पक्ष कमजोर रहेको निष्कर्ष यस लेखले निकालेको छ । यी लक्षित वर्गको दक्षता र क्षमता वृद्धि गरी स्रोत साधानमा पहुँच बढाउनुपर्ने, विभेद विरुद्धका कानुनी प्रावधानलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने नीति निर्माण तथा कार्यन्वयन तहमा ती लक्षित वर्गका व्यक्तिहरूको प्रतिनिधित्व हुनु पर्ने, सम्बन्धित कार्यक्रमलाई चुस्त, दुरुस्त र पारदर्शी रूपमा सञ्चालन गर्नुपर्ने र बालबालिका मैत्री शैक्षिक वातावरण कायम गर्नुपर्ने जस्ता कुराहरूले सामाजिक न्यायको व्यवहारिक पक्षलाई बलियो बनाउनु पर्ने सुझाव यस लेखले औल्याएको छ ।*

**प्रमुख शब्दावली :** शैक्षिक न्याय, औपचारिक शिक्षा, लक्षित वर्ग तथा समुदाय, विशेष अपाङ्ग समूह

## पृष्ठभूमि

शिक्षाको इतिहासलाई केलाउँदा परापूर्वकालदेखि नै शिक्षामा सम्भ्रान्त वर्गको आधिपत्य रहँदै आएको छ । विश्व सेरोफेरोमा नै दासत्वको विरोध, विद्यालयीकरणको विरोध, औपचारिक शिक्षा प्रणालीको विरोध भएबाट सबैलाई शिक्षा दिने अवस्था नरहेको भन्ने विचारहरू अभिव्यक्त भएका पाइन्छन् । जस्तै, प्रसिद्ध

शिक्षाविद् Evan Elich ले विद्यालयले समाजका सबै पक्षलाई शैक्षिक समानता प्रदान गर्न नसकेको र उच्च वर्गको स्वार्थ पूरा गर्ने गरेकोले "विद्यालय भत्काऊ (Deschooling)" को अवधारणा अघि सारे । यसैमा सहमति जनाउदै शिक्षाविद् रेमरले "विद्यालय मरी सके (The School is dead)" भनेका छन् । अर्का शिक्षाविद् Paulo Freire ले पनि विद्यालय उच्च वर्गको राजनैतिक सामाजिक स्वार्थ सिद्ध गर्ने निकाय हो र यसले पिछडिएका वर्गको शिक्षा (Pedagogy of the oppressed) लाई पूरा गर्दैन भनेका छन् (शर्मा र शर्मा, २०७३) । यसरी शिक्षामा चुनिएको तह वा सम्भ्रान्त वर्गले मात्र अवसर प्राप्त गरेको अवस्थाबाट सम्पूर्ण जनसमूहलाई शिक्षाको अवसर प्राप्त गर्ने अवस्थामा शिक्षाको विकास अगाडि बढेको पाइन्छ । विभिन्न समाज शास्त्रीय शिक्षाविद्हरूको योगदान र शैक्षिक समाज शास्त्रको विकासले गर्दा यो सम्भव भएको हो । १९ औं शताब्दीको सुरुदेखि नै शिक्षाले जनसमूहमा विस्तारित हुने मौका पायो । जनशक्ति विकासको प्रमुख स्रोतको रूपमा रहेको शिक्षा सर्वव्यापी र आम जनसमुदायका हितमा विकास गरिनुपर्ने धारणाको परिणाम स्वरूप शिक्षा Mass Education को रूपमा स्थापित बन्न पुग्यो । यसका लागि विभिन्न अन्तर्राष्ट्रिय स्तरमा सभा सम्मेलन गरी घोषणा पत्रहरू जारी गर्ने काम भयो जसले गर्दा शिक्षालाई मानव अधिकारको रूपमा लिई त्यसको प्रजातन्त्रीकरण, सर्वव्यापी, सर्वसुलभ र न्यायिक रूपमा कार्यान्वयन गर्न जोड दिँदै आएको छ । यस Mass Education लाई सामाजिक न्यायको पक्षबाट हेर्दा निम्न विशेषताहरू पाइन्छन् : (क) शिक्षा मानव अधिकारका रूपमा अनिवार्य र सर्वव्यापी रूपको हुनुपर्दछ, (ख) शिक्षालाई समानता (Equality) को सट्टा न्यायिक (Equity) का आधारमा दिइनुपर्दछ, (ग) सबै मुलुकहरूले प्राथमिक शिक्षालाई आधारभूत आवश्यकताको रूपमा लागु गर्नु गराउनुपर्दछ, (घ) सबै मुलुकहरूले आआफ्नो सामाजिक आर्थिक अवस्था अनुसार शिक्षा सबैलाई प्रदान गर्नुपर्दछ, (ङ) न्यूनतम शिक्षाको अवसरबाट कुनैपनि व्यक्तिलाई वञ्चित गर्नु हुदैन, (च) समाजको विभिन्न वर्गलाई अधिकारको रूपमा शिक्षा प्रदान गर्नुपर्दछ (ऐ) ।

नेपालको सन्दर्भमा शिक्षामा सामाजिक न्यायको अवस्थालाई हेर्दा वैदिक तथा प्राचीन कालमा शिक्षा प्राप्त गर्ने कुरामा नागरिकहरू माथि प्रशस्त विभेदहरू भएका छन् । वर्णाश्रम व्यवस्थाले नै शूद्र वर्ण (अहिलेको दलित समुदाय) को व्यक्तिलाई शिक्षा लिन निषेध गरिएको कुरा चाणक्य नीतिमा उल्लेख गरिएको छ । यस नीतिलाई विभिन्न शासकहरूले अपनाउँदै आएका कारण यो दलित समुदाय समाजमा पछाडि पारिएको अवस्था छ (दलित उत्थान मञ्च, अंक ९) । महिलाहरूलाई पनि शिक्षा लिनबाट वञ्चित गर्नका लागि विभिन्न हतकण्डा अपनाएको कारण पछाडि पारिएको अवस्था हो । राणाकालीन शासन व्यवस्थामा आफ्नो राणा परिवारमा र केही सम्भ्रान्त वर्गमा मात्र शिक्षालाई सीमित पारिएको थियो । समाजमा पछाडि परेका र पारिएका वर्ग समुदायहरू झन् पछाडिएको अवस्थामा रहन बाध्य भए । राणाकाल पछिको प्रजातान्त्रिक शासन व्यवस्थामा शिक्षालाई विकासको मूल आधार मानी यसलाई आम रूपमा लिन थाल्यो तर प्रजातन्त्रको पुनर्स्थापना (२०४६) पछिका राष्ट्रिय शिक्षा आयोग, २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ ले शिक्षामा आम परिवर्तन तथा सुधार गर्ने गरी सुझावहरू प्रस्तुत गरे । ती सुझावहरूले शिक्षामा सामाजिक न्यायको अनुभूति गर्ने गरी समाजमा पछाडि परेका दलित समुदाय, महिला वर्ग, आदिवासी तथा जनजाति, विशेष आवश्यकताका अपाङ्ग समूहहरूको शिक्षामा सहज पहुँच पुऱ्याउन सकियोस् भन्नका लागि विभिन्न सिफारिसहरू गरेको देखिन्छ । यी सिफारिसहरूलाई सरकारले आफ्नो विकास योजना अन्तर्गत शैक्षिक नीतिहरूलाई अगाडि सारेको छ जसको प्रभावकारितालाई यस लेखमा छलफल र विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

### समानता र भिन्न सिद्धान्तहरू

व्यवस्थित र प्रजातान्त्रिक समाजमा कमजोर वर्गलाई पनि विकासको मूल प्रभावमा ल्याउन विभिन्न योजनाहरू प्रस्तुत गरिन्छ, समानता र समान अवसरको सिद्धान्तलाई एकीकृत रूपमा लागु गरिन्छ । यहाँ सामाजिक, आर्थिक, जातीय, लैङ्गिक र शारीरिक तथा मानसिक रूपमा कमजोर वर्गको उत्थानका लागि यो उपयुक्त सिद्धान्तको विषय उठाइएको हो ।

सामाजिक र प्राकृतिक स्रोतको समान वितरणका साथै उक्त दुई भिन्न सिद्धान्तहरू निष्पक्ष समानता र निष्पक्ष अवसरलाई साथसाथ प्रयोग गर्दा शोषित, पीडित र पिछडिएका समुदायले पनि सशक्त सरह सुविधा लिन सक्छन् । त्यस्तो अवस्थामा उनीहरूले सामाजिक न्यायको अनुभूति गर्न सक्छन् । समाजका कमजोर वर्गलाई समानता र सम्मानको वातावरण कायम गर्न उनीहरूको शिक्षा र सिप विकासमा जोड दिनुपर्दछ । त्यसका लागि समाजका व्यापारीहरू, पूँजीपतिहरू, घराना मानिसहरूलाई गरीबप्रतिको दायित्व धारणा लागू गर्न सकिन्छ । एकातिर सम्पन्नले आफ्नो नाफाको केही प्रतिशत कमजोरको उत्थानमा अनिवार्य लगानी गर्नुपर्ने, अर्कातिर राज्य र संस्थाले सामाजिक स्रोत साधन माथिको पहुँच विस्तार गराउदै शिक्षा र सीपमा लगानी बढाउने गर्नुपर्दछ । सबैलाई न्यूनतम मानव अधिकार दिलाउन र आधारभूत आवश्यकता पूरा गर्न सक्ने बनाउन अवलम्बन गर्न सकिने प्रभावकारी तरिका यिनै हुन सक्छन् ।

निष्पक्ष समानता र निष्पक्ष अवसर भन्दा भन्दै पनि समाजमा कमजोरले भन्दा धनी र शक्तिशालीले नै बढी अधिकार तथा लाभ लिइरहेका हुन्छन् । त्यही अनुपातमा सुविधा र लाभ लिने हैसियत कमजोर वर्गले प्राप्त गर्न सक्दैनन् । तसर्थ समानताको सिद्धान्तभित्र पनि कमजोरका लागि आरक्षणको व्यवस्था गर्नुपर्छ अर्थात् सक्षमहरूले प्राप्त गर्ने अधिकारभन्दा थप छुट्टै सुविधाहरूको व्यवस्था गर्नुपर्छ । अनि धनी वर्गलाई गरीबका लागि निश्चित दायित्व पूरा गर्ने अभिभाराको सुनिश्चितता गरिनुपर्दछ ।

सामाजिक न्याय र समानताका लागि विभिन्न फरक फरक सिद्धान्त प्रयोग गर्ने क्रममा कमजोर वर्गको उत्थानका लागि सक्षमताको सिद्धान्त लागु गर्न सकिन्छ जसले श्रममा आधारित मानिसलाई सीप र तालिमद्वारा अझ थप सक्षम बनाइन्छ । त्यस्ता मानिसलाई दिने सुविधा र क्षतिपूर्ति बढाउँदै लगेर न्यूनीकरणको सिद्धान्तको उपयोग गरी उनीहरूलाई थप सन्तुष्ट बनाउने विधि प्रयोग गर्नु उत्तम हुन्छ र यो नै सामाजिक न्याय महसुस गर्ने अन्तिम उपाय हो (पौडेल र बस्नेत, २०७७, पृ. ३१) ।

### कानुनी सिद्धान्त

यस सिद्धान्त अनुसार सबैलाई सामाजिक न्याय स्थापनाका लागि कानुनको आवश्यकता पर्दछ र न्याय दिलाउन कानुन पक्षपातरहित, नियमित र व्यवस्थित हुनुपर्दछ । व्यक्तिगत विभिन्नताको कारण समाजमा भएका विविध व्यवहारलाई उसले स्वतन्त्रतापूर्वक प्रयोग गर्न चाहन्छ तर उसका ती व्यवहारहरूले अरुको अधिकार हनन हुन सक्छ । तसर्थ व्यवहार गर्दा सबैलाई हितकर हुने गरी कानुनको व्यवस्था गर्नु आवश्यक हुन्छ । राष्ट्रबाट निष्पक्षता र बाध्यात्मकताको आधारमा कानुनलाई कार्यान्वयन

गर्नुपर्छ । यसरी कानुनले व्यक्तिको व्यवहारको निर्धारण, सामाजिक सहयोग र स्वतन्त्रताको सुरक्षा गर्ने कार्य गर्छ । यसर्थ कानुन जहिले पनि खुला र निष्पक्ष हुनु जरुरी छ (रल्स्, १९७२ ई.) । रल्सका अनुसार कानुन बनाउँदा सबै पक्षको सहभागिता हुनुपर्छ र सबैलाई स्वीकार्य कानुन र सबैका लागि कल्याण हुनुपर्छ तर धेरैजसो मुलुकमा निर्णय र कानुन बनाउने कार्यमा महिला, जनजाति र दलित वर्गको प्रतिनिधित्व हुन्न, भइहाले पनि नगण्य हुन्छ (पौडेल र बस्नेत, २०७७ बाट उद्धृत) । फलस्वरूप कानुन ती समूहहरूको प्रत्यक्ष हित वा उनीहरूको सामाजिक न्यायप्रति त्यति संवेदनशील हुदैन यद्यपि राष्ट्रले ती समूहहरूलाई सामाजिक न्याय दिलाउन अनेकन प्रयासहरू गरिरहेको हुन्छ ।

## शिक्षा र सामाजिक न्याय

समाज शास्त्रीय दृष्टिकोणबाट शिक्षालाई सामाजिक प्रक्रियाको रूपमा परिभाषित गरिएको छ । शिक्षा सामाजिक परिवर्तनको संवाहक र विकासको मेरुदण्ड हो । शिक्षाबाट आफुलाई र सबैलाई परिवर्तन गर्ने प्रेरणा, क्षमता र ज्ञान आर्जन गर्न सकिन्छ । शिक्षाले सामाजिक न्यायका कुराहरूप्रति मानिसलाई सचेत बनाउने काम गर्छ । त्यसैले समाज परिवर्तन र विकासका लागि समाजमा पछाडि परेका समुदाय, वर्ग र आम मानिसहरूलाई शिक्षाको अवसर प्रदान गर्न सक्नु पर्छ । व्यक्ति सशक्तीकरणको प्रमुख हतियारमा शिक्षालाई मानिन्छ । यसरी जीवनका लागि शिक्षा अपरिहार्य आवश्यकता ठहरिन जाने हुँदा शिक्षा प्राप्त गर्ने कुरामा सबैलाई शिक्षाको समान एवम् न्यायोचित वितरण हुन आवश्यक छ । त्यस प्रकारको शैक्षिक न्याय दिलाउनु राष्ट्रको दायित्व हुन जान्छ ।

समाजमा भएका सबै प्रकारका व्यक्तिहरूलाई समान र निष्पक्ष रूपमा शिक्षा प्रदान गर्न सकेमा शैक्षिक न्याय भएको ठहरिन्छ । सामाजिक न्यायले मात्र यस कुरालाई सम्भव तुल्याउँछ किनभने सामाजिक न्यायले समाजका हरेक व्यक्तिहरूलाई कुनै पनि पक्षको उपभोगमा समान हिस्सेदार बनाउँदछ । सामाजिक न्यायले निष्पक्ष रूपमा समाजका सम्पूर्ण व्यक्तिलाई शैक्षिक लगायत सम्पूर्ण पक्षहरूमा सुसूचित गर्ने र सही मार्गमा लाग्ने निर्देशन गर्दछ (शर्मा र शर्मा, २०७३) । सामाजिक न्यायलाई Black law of dictionary मा यसरी परिभाषित गरिएको छ - "सामाजिक न्याय भनेको व्यक्तिको समाज र समुदायप्रतिको त्यो नैतिक जिम्मेवारी हो जसको अन्तिम लक्ष सर्वसाधारणको कल्याण गर्नु हो ।" त्यस्तै अर्को परिभाषा, Wikipedia Free Encylopedia का अनुसार "सामाजिक न्यायको धारणाले न्यायपूर्ण समाजलाई जनाउँछ । सामाजिक न्यायले न्याय प्रसारणलाई भन्दा अन्य विभिन्न थप पक्षलाई जनाउँछ । सामाजिक न्यायले निष्पक्ष समाज र न्यायपूर्ण समाजलाई जनाउँछ । यसले स्वतन्त्र समाजको निर्माणका लागि सघाउँछ ।" त्यस्तै सामाजिक न्यायको अर्थलाई प्रस्ट पार्ने क्रममा अधिकारी (२०५७)का अनुसार "समाजभित्र रहेका असमानताहरू जस्तै जातजाति, वर्ग, वर्ण, धर्म आदिको भेदभावबिना समाजमा विद्यमान सबै प्रकारका बन्धन र असमानताको अन्त्यका लागि नागरिक स्वतन्त्रता, सहभागिता, शक्तिको वितरण, सम्पत्तिको अवसर र स्रोतको न्यायोचित वितरण गर्नु नै सामाजिक न्याय हो ।"

शिक्षामा सामाजिक न्यायलाई हेर्नु कठिन कार्य हो । समाजमा विभिन्न कारणहरूबाट पछाडि परेका वा पारिएका वर्ग तथा समुदाय र क्षेत्रका बालबालिकाहरूका साथै शारीरिक तथा मानसिक रूपबाट अशक्त विशेष आवश्यकता भएका बालबालिकाहरूले सामाजिक रूपमा अगाडि परेका र शक्त समुदायका

बालबालिकाहरू सरह शिक्षा प्राप्त गर्ने कुरामा समानता र निष्पक्षता नरहेको परिप्रेक्ष्यमा शिक्षामा सामाजिक न्यायको आवाज उठेको पाइन्छ । त्यसैले शिक्षामा सामाजिक न्याय भनेको समाजमा बालबालिकाहरू बिच शैक्षिक पक्षको अवसरमा हुने असमानता हटाई उपलब्ध स्रोत तथा साधनहरूको उपभोगमा समान हिस्सेदारका साथै लाभहानीको समान भागिदार बनाई समान अवसर दिलाउन गरिने सम्पूर्ण क्रियाकलापहरूलाई बुझिन्छ (पौडेल, २०७७) । शिक्षामा न्यायको सिद्धान्तलाई हेर्दा "जाति, धर्म, लिङ्ग, आदिको आधारमा भेदभाव नगरी सबैलाई समान अवसर दिएर तथा वर्षौंदेखि किनारामा पारिएका समुदायलाई मुल धारमा समावेश गर्नका लागि आरक्षणको व्यवस्था"लाई अवलम्बन गरेको छ । यसै क्रममा विकासवादी, अर्थशास्त्री, अर्मत्यसेनले शिक्षा र स्वास्थ्यमा पहुँचलाई सामाजिक न्यायको आदर्श मानेका छन् । त्यसैले यस धारणालाई लागू गर्दा समाजका सम्पूर्ण वर्ग, लिङ्ग, जात र समुहका बालबालिकाहरूले शिक्षा प्राप्त गर्न सकिरहेका छन् अथवा छैनन् त्यसलाई हेर्नुपर्दछ । अतः शिक्षामा सामाजिक न्याय भन्नाले समाजका सबैखाले बालबालिकाहरूलाई समान शैक्षिक अवसरहरूमा समानता र निष्पक्षता (Equality and Equity)को व्यवहार गर्नु हो । यसबाट शिक्षामा समान एवम् न्यायचित वितरणको अवस्था रहेको पाइन्छ ।

शिक्षामा सामाजिक न्याय हुनका लागि नीतिगत व्यवस्थाहरू आवश्यक मात्रामा भएको पाइदैन । अझै पनि लक्षित समूहका बालबालिकाहरू विद्यालय शिक्षामा आफ्नो समान पहुँच पुऱ्याउन सकेका छैनन् । विद्यमान नीति व्यवस्थाको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । लक्षित वर्ग र समुदायहरूको नीति निर्माण तथा कार्यान्वयन तहमा प्रतिनिधित्व नभएका कारण आफ्नो समूहका लागि बालबालिका-मैत्री नीतिहरू बन्न सकिरहेका छैनन् । शिक्षाको मूल प्रवाहमा लक्षित समूहका सबै बालबालिकाहरूलाई समेट्न विद्यमान तथा थप नीतिगत व्यवस्थाहरूको अध्ययन विश्लेषण हुन आवश्यक छ ।

## उद्देश्य

शिक्षामा सामाजिक न्याय प्रदान गर्नका लागि मुख्य आधार भनेको त्यससँग सम्बन्धित अवलम्बन गरिने नीति तथा योजनाहरू नै भएको हुँदा विद्यालय तथा विश्वविद्यालय तहमा अध्ययन गर्ने दलित समुदाय, महिला वर्ग, आदिवासी जनजाति वर्ग र अपाङ्ग समूहका बालबालिकाहरूका लागि लक्षित गरी अपनाइएका शैक्षिक नीतिगत व्यवस्थाहरूको अध्ययन विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यो लेख मूलतः गुणात्मक अनुसन्धान ढाँचामा आधारित रही तयार पारिएको छ । उद्देश्यमूलक रूपमा दलित, महिला, जनजाति क्षेत्रका अधिकारकर्मीहरूसँग अन्तर्वार्ता लिई शाब्दिक तथ्याङ्क सङ्कलन गरिएको छ भने विभिन्न पुस्तक, जर्नल, पत्रपत्रिका, नीति नियम र विकास योजनासम्बन्धी प्रतिवेदनहरू जस्ता द्वितीयक स्रोतहरू प्रयोग गरी सूचनाहरू प्राप्त गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## साहित्यको पुनरावलोकन

लक्षित वर्ग समूहका बालबालिकाहरूको शैक्षिक पहुँच वृद्धि गर्नेसम्बन्धी केही अध्ययनका निष्कर्षहरूलाई यहाँ प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

खत्री (२०७०) का अनुसार नेपालको सन्दर्भमा समाजका अगुवा, बलिया र पहुँच हुनेले नै शिक्षा लिने कुरामा हाली मुहाली जमाइरहेको पाइन्छ वा उनीहरूले शिक्षा लिइरहेका छन् । फेरि पुरुषप्रधान मानसिकताले गर्दा इतिहासदेखि वर्तमानसम्म महिलाहरूको शिक्षामा पहुँच कमजोर रहेको पाइन्छ । शिक्षाको माध्यमबाट पनि महिलाहरूमाथि पुरुषहरूले आफ्नो प्रभुत्व जमाइरहेको पाइन्छ । शिक्षा सबैका लागि आवश्यक छ भन्ने कुरा सर्वविदित नै छ तर महिला र पुरुषमा पनि शिक्षा दिने काम भेद्भावपूर्ण हुनु यो हाम्रो लागि लज्जास्पद कुरा हो । जबसम्म आधा हिस्सा ओगटेको महिलाहरूको जनसङ्ख्यालाई शिक्षित तुल्याउन सकिन्न तबसम्म हाम्रो साक्षरता प्रतिशत कम नै रहने छ जुन कुरा मानव विकास सूचाङ्कसँग जोडिएको छ ।

तिम्सिना (२०६१) का अनुसार सामान्यतया विद्यालय तथा विश्वविद्यालयहरू कुनै जात, लिङ्ग, वर्ण वा भाषिक समुदाय विशेषका लागि नभई सबैका लागि स्थापना गरेका हुन्छन् तर पनि यी विद्यालय तथा विश्व विद्यालयहरूमा कुनै खास समूहको प्रधानता रहेको र समाजका कुनै वर्ग, समूह तथा समुदायको सहभागिता कम रहने गरेको पाइन्छ । त्यस परिप्रेक्ष्यमा शिक्षा नीति तथा योजनाहरूमा समावेश गरिएका सामाजिक न्यायसम्बन्धी प्रावधानहरू सम्बन्धमा छलफल गर्नु सान्दर्भिक हुन्छ । शैक्षिक लगायत विभिन्न दृष्टिकोणबाट पिछडिएका वर्ग तथा समुदायहरू जस्तैः दलित, महिला, आदिवासी, जनजाति तथा भाषिक र सांस्कृतिक अल्पसंख्यक समुदाय, विशेष आवश्यकता भएका बालबालिकाहरू समेतको शिक्षामा अधिकतम सहभागि गराई सामाजिक न्याय दिलाउन गरिएका नीतिगत व्यवस्था र सिफारिसहरूको चर्चा गरिन्छ ।

प्रसाई (२०६९) का अनुसार दलित बालबालिकाहरूलाई माध्यमिक तहको शिक्षामा पहुँच वृद्धि लागि उनीहरूको भर्ना वृद्धि, उपस्थिति तथा विद्यालयमा सञ्चालन गरिने अन्य क्रियाकलापमा सहभागिता, उनीहरूलाई शिक्षा तथा अन्य व्यक्तिहरूले गर्ने व्यवहारको अध्ययन गर्दा इल्टन मायोका मानव सम्बन्धको सिद्धान्तमा भनिए जस्तै यहाँका शिक्षक, अभिभावक, बुद्धिजीवी तथा अन्य सामाजिक व्यक्तित्वहरूको मानवीय सम्बन्धको आधारमा दलित बालबालिकाहरूप्रति सकारात्मक र मानवीय व्यवहार गरी उत्प्रेरणा प्रदान गरी उच्च मनोबलका साथ शिक्षा आर्जन गर्न सक्ने वातावरण बनाउनु आवश्यक हुन जान्छ ।

यस अध्ययनले दलित बालबालिकाहरूलाई माध्यमिक तहको शिक्षा उपलब्ध गराउन प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावकको संयुक्त प्रयासले राम्रो प्रभाव पार्ने देखिन्छ । दलित बालबालिकाहरूलाई विद्यालय शिक्षातर्फ आकर्षण गरी माध्यमिक तहसम्मको शिक्षा पुरा गर्ने स्थितिमा ल्याई पहुँच बढाउनका लागि छात्रवृत्ति, निशुल्क शैक्षिक सामाग्री वितरण, पोसाक खाजाको व्यवस्था तथा अन्य आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ । दलित विद्यार्थीलाई विद्यालय शिक्षाप्रति आकर्षण गर्नका लागि गरिएका प्रयासहरू दुर्गम तथा पहाडी भेगमा त्यति प्रभावकारी रहेको पाइँदैन । यसको प्रमुख कारण उनीहरूको गरीबी र अशिक्षा नै हो भन्ने देखिन्छ । यसलाई समाधान गर्नका लागि सरकारी तथा गैर सरकारी क्षेत्रबाट आवश्यक पहल गरी उनीहरूको आर्थिक अवस्था र चेतनास्तरलाई माथि उठाई शिक्षामा पहुँच वृद्धि गर्न सकिन्छ ।

भट्ट (२०६८) का अनुसार सन् २००० मा डकार सम्मेलनले प्रस्तुत गरेको अवधारणा बमोजिम समाहित शिक्षालाई आज विश्वमा प्रयोगमा ल्याइएको छ । शिक्षाको अवसरबाट कोही पनि वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यका साथ समाजका सबै वर्ग, पेशा, धर्म, लिङ्ग, अपाङ्ग, दलित, सामाजिक एवम् सांस्कृतिक रूपले पिछडिएका विविध खालका बालबालिकाहरूलाई ध्यानमा राखेर उपयुक्त शैक्षिक

वातावरण तयार पारी दिने शिक्षा नै समाहित शिक्षा हो । विद्यार्थीहरूले सिक्ने वातावरण उपयुक्त भएमा मात्र सिकाइ उपलब्धि वृद्धि गर्न सकिने भएकाले बहिरा तथा सुस्त मनस्थितिका विद्यार्थीहरूका लागि कक्षा कोठा व्यवस्थापन गर्नु जरुरी छ । प्रत्येक कक्षाका त्यसता विद्यार्थीका लागि अलग अलग कक्षा कोठाको व्यवस्था गरी आवश्यक सङ्ख्यामा सुविधा जनक फर्निचरको व्यवस्था मिलाउनु आवश्यक छ । टाढा टाढाबाट आएका बहिरा विद्यार्थीहरूलाई **क** वर्गको छात्रवृत्ति उपलब्ध गराएर तथा विद्यालयमा छात्रबासको व्यवस्था गरी विद्यालय छाड्ने दरलाई न्यून गर्न सकिन्छ । बहिरा लगायतका अपाङ्गहरूको शिक्षा र रोजगार सम्बन्धमा राष्ट्रिय निति निर्माण गरी स्थानीय निकायलाई अधिकार सम्पन्न गराई जिम्मेवारी दिएर कार्यन्वयन गरी अपाङ्गहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने निष्कर्ष निकाल्लिएको  छ ।

अवलोकन गरिएका साहित्यहरूमा लक्षित वर्ग समूहका बालबालिकाहरूको शिक्षामा पहुँच कम हुनुमा शैक्षिक अवसरहरू प्राप्त गर्न नसकेको कुरालाई बढी मात्रामा औल्याइएको पाइन्छ । शिक्षामा अवसर प्राप्त गर्न सकिने खालको वातावरण निर्माण गर्नका लागि के कस्ता नीतिगत व्यवस्था छन् भन्ने कुराको खोजी गरिएको पाइदैन । नीतिगत व्यवस्थाको खोजी अध्ययन गरी त्यसको जानकारी पाएर मात्र शैक्षिक अवसरहरू लिन सकिने हुन्छ । त्यसैले शैक्षिक नीतिगत व्यवस्थाहरू के के छन् भन्ने जानकारी लिई त्यसको प्रभावको अवस्थालाई प्रस्तुत गर्ने कार्यको अभावलाई परिपूर्ति गर्नका लागि यो अध्ययनको प्रयास गरिएको छ ।

यस लेखको उद्देश्य लक्षित वर्गका बालबालिकाहरूको शिक्षामा सहभागिताको पहुँचलाई वृद्धि गर्नका लागि अवलम्बन गरिने योजना तथा नीतिगत व्यवस्थाको अध्ययन विश्लेषण गर्ने कार्यसँग सम्बन्धित पुनरावलोकन गरिएका पुस्तकहरू, अनुसन्धान प्रतिवेदनहरू, कार्यपत्रहरू, पत्रपत्रिका र जर्नलहरू आदिका विषय वस्तुहरूले यस लेखलाई थप तथ्य सत्यका आधारमा प्रस्तुत गर्न मद्दत पुऱ्याएको छ । पुनरावलोकित सामग्रीहरूले लेखको उद्देश्यको विषयवस्तुसँग जोडिएका शैक्षिक नीतिगत व्यवस्था र तिनीहरूको कार्यान्वयनका लागि सञ्चालन गर्न सकिने र गरिएका कार्यक्रमहरूको प्रभावकारिताको मूल्याङ्कन आदिलाई उल्लेख गरिएको हुँदा त्यसबाट लेखको उद्देश्य पुरा गर्न सहयोग गरेको छ ।

## नतिजा छलफल तथा विश्लेषण

### शैक्षिक नीतिगत व्यवस्थाहरू

नेपालमा औपचारिक शिक्षामा लक्षित बालबालिकाहरूको पहुँच बढाउनका लागि विकास योजनाहरू अन्तर्गत नीतिगत व्यवस्था गरेको छ । ती नीतिगत व्यवस्थाहरू के के छन् र तिनीहरूको कार्यान्वयन अवस्था कस्तो छ भन्ने सन्दर्भमा यस खण्डमा विश्लेषण गरिएको छ ।

#### *दलित समुदायका बालबालिका सम्बन्धित शैक्षिक नीतिगत व्यवस्था*

क. विद्यालय जाने उमेरका दलित समुदायका सबै बालबालिकाहरूलाई माध्यमिक तहसम्मको शिक्षा निशुल्क गराइने र दिदै आएको छात्रवृत्तिमा वृद्धि गर्ने

ख. उच्च शिक्षा विशेष गरी प्राविधिक शिक्षामा दलित विद्यार्थीहरूको पहुँचलाई सरल बनाउन निश्चित कोटा आरक्षणको व्यवस्था गर्ने र पहुँच वृद्धि गर्नका लागि निश्चित सङ्ख्यामा उनीहरूलाई मासिक छात्रवृत्ति प्रदान गर्ने

ग. निजी तथा आवासीय विद्यालयहरूमा दलित छात्र छात्राहरूलाई केही स्थान (कोटा) उपलब्ध गराउने

घ. विद्यालयहरूमा सम्भव भएसम्म दलित समुदायका व्यक्ति (विशेष गरी महिला) लाई शिक्षक नियुक्ति गर्ने

यस समुदायसँग सम्बन्धित आठौँ र नवौँ पञ्चवर्षीय योजनामा व्यवस्था गरिएका शैक्षिक नीतिहरूको समीक्षा गर्दा दलित समुदाय गरिबी र अशिक्षाको चपेटामा परेको हुदाँ चेतनाको कमी, समाजमा विद्यमान जातीय छुवाछुतको समस्या, दलित नेतृत्वको कमी जस्ता कारणहरूले उनीहरूको शिक्षामा न्यून सहभागिता हुन गई शैक्षिक न्याय हुन सकेको छैन (दलित उत्थान मञ्च, अंक ९) । "दलित विद्यार्थीहरूको नाममा आएको छात्रवृत्ति तथा अन्य सुविधा समयमै उपलब्ध हुन नसकेको र कार्यक्रमको कार्यान्वयनमा सरोकार पक्षसँगको सूचना र समन्वयको अभाव रहेको छ" भनी राष्ट्रिय उत्पीडित दलित मञ्च झापाका सचिव तथा शिक्षक श्री तीलक गजमेर बताउनु हुन्छ ।

विद्यालयहरूका प्रधानाध्यापकहरू दलितको नाममा आएको छात्रवृत्ति लगायत अन्य सुविधाका रकमहरू दलित अभिभावकहरूले बुझेर लगी त्यसलाई बालबालिकाको पठन पाठनका लागि सदुपयोग नगर्ने हुदाँ त्यसले पढाइमा बाधा समस्या ल्याउने गरेको बताउनुहुन्छ । त्यसै गरी अर्का दलित अधिकारकर्मी अम्बर बराइली बताउनुहुन्छ दलित छात्रवृत्तिको रकम आवश्यक मात्रामा वृद्धि गरी सबै दलितहरूलाई बाड्नुभन्दा वास्तविक गरिब दलितको पहिचान गरि सङ्ख्यात्मक रूपमा भन्दा गुणात्मक रूपमा छात्रवृत्ति वितरण गर्नु राम्रो हुन्छ । अर्का दलित अभिभावक भन्नुहुन्छ "निजी विद्यालयले प्रदान गर्ने निश्चित कोटाको सङ्ख्या पारदर्शी बनाउनुको साथै त्यसको कार्यान्वयनको अनुगमन समेत हुनुपर्दछ ।" यसरी हेर्दा शिक्षामा दलित समुदायका बालबालिकाहरूलाई अवसर प्रदान गर्न बनाइएका नीतिगत व्यवस्थाहरूको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ । यसलाई सबल तथा छिटो छरितो र पारदर्शी बनाउनका लागि दलित समुदाय र सरोकार बिच केही बहस समेत हुदै आएको छ । कार्यान्वयन तहमा दलित प्रतिनिधिहरूको अभाव भएको कारणले गर्दा यस्ता नीतिहरूलाई पूर्ण रूपमा सदुपयोग गर्न नसकेको प्रतिक्रिया दलित अधिकारकर्मीहरूको रहेको छ ।

### *महिला वर्ग सम्बन्धि नीतिगत व्यवस्था*

**क.** छात्राहरूलाई माध्यमिक तहसम्मको निःशुल्क शिक्षा दिने, विद्यालय पोसाक र छात्रवृत्ति वितरण गर्ने
**ख.** क्याम्पस तहका छात्राहरूलाई छात्रवृत्ति दिनुका साथै महिला छात्राबासको व्यवस्था गर्ने
**ग.** बढी छात्रा भर्ना गर्ने विद्यालयहरूलाई पुरस्कृत गर्ने
**घ.** प्राथमिक विद्यालयहरूमा एक जना महिला शिक्षकको व्यवस्था अनिवार्य गर्ने

आठौँ र नवौँ पञ्चवर्षीय योजनामा उल्लेख गरिएका उक्त शैक्षिक नीतिहरूको समिक्षा गर्दा हालसम्म यी नीतिहरूलाई कायम राख्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ । शिक्षाको अवसरमा समेत छोरा र छोरीमा विभेद गरिन्छ । छोरालाई राम्रो शिक्षा, प्राविधिक शिक्षा पढ्ने प्रबन्ध मिलाउनुका साथै सामाजिक स्वतन्त्रता हुन्छ भने छोरी सामाजिक सुरक्षा र स्वनिर्भरतामा कमजोर हुने दृष्टिकोणबाट प्रभावित भई सामान्य शिक्षा र घरपायक शिक्षालयमा जे जस्तो उपलब्ध हुन्छ त्यही नै पढाउने गरिएको हुन्छ भनी महिला अधिकार कर्मीहरू बताउनुहुन्छ ।

विशेष गरी दुर्गम क्षेत्रका छात्राहरूका लागि विद्यालय पोसाक, छात्रवृत्ति जस्ता सुविधाहरू उपलब्ध गराउँदै आएको भएता पनि छात्राहरूका लागि उपयुक्त विद्यालय भौतिक सुविधाको कमी, अभिभावकहरूले

छोरीको शिक्षालाई कम महत्त्व दिने स्थिति, सानै उमेरमा विवाह गरिदिएर जिम्मेवारीबाट चाडै मुक्त हुने सोच राख्ने जस्ता कारणहरूले विद्यालयहरूमा छात्रा भर्नादर न्यून रहेको देखिन्छ । त्यसैले महिला र पुरुषबिचको शिक्षामा समानता कायम गर्न उनीहरूमा दक्षता र क्षमता अभिवृद्धिगराई स्रोत र साधनमा पहुँच बढाउन आवश्यक छ ।

### *आदिवासी तथा जनजाति सम्बन्धि नीतिगत व्यवस्था*

**क.** यस वर्गका बालबालिकाहरूलाई विद्यालय शिक्षामा आकर्षण गर्नका लागि उनीहरूको मातृभाषामा प्राथमिक शिक्षा दिने

**ख.** प्राथमिक तहदेखि माध्यमिक तहसम्म विशेष प्रोत्साहन कार्यक्रम र उच्च शिक्षाका लागि छात्रवृत्तिको विशेष व्यवस्था गर्ने

**ग.** विद्यालय शिक्षामा पहुँच वृद्धि गर्न मातृभाषामा पाठ्य सामाग्रीको विकास गर्ने र शिक्षक तयार गरी मातृभाषाको माध्यमबाट आधारभूत शिक्षा दिने

आठौं र नवौं पञ्चवर्षीय योजनाबाट सुरु भई हालसम्म सञ्चालन हुदैं आएका उक्त नीतिगत व्यवस्थालाई समिक्षा गर्दा शिक्षामा सबैको र समुदायको पहुँच बढाउन खोजिएको भएता पनि उनीहरूको आवश्यकता अनुरूपको वा कामको प्रकृतिसँग तालमेल हुन नसकेका कारण उनीहरू विद्यालय शिक्षाप्रति आकर्षित हुन सकेका छैनन् (पराजुली, सन् २००२) केन्द्रिकृत पाठ्यक्रम अनुसार एकै खाले र एउटै माध्यमको शिक्षा दिने परिपाटीका कारण उनीहरू लाभान्वित हुन सकेका छैनन् । नेपाली भाषा भन्दा फरक मातृभाषाका कारण यी समूदायका बालबालिकाहरूलाई पाठ्य पुस्तकका विषय वस्तुहरू बुझ्न कठीन भएको छ । परिणाम स्वरूप उनीहरू परीक्षामा फेल हुने र विद्यालय छाड्ने प्रवृत्ति उच्च पाइन्छ त्यसैले जातीय विविधतालाई पाठ्यक्रम तथा पाठ्यपुस्तकमा स्थान दिनुपर्दछ भनी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका पद्धिकारीहरू बताउनुहुन्छ ।

### *विशेष आवश्यकताका बालबालिकाहरू सम्बन्धित नीतिगत व्यवस्था*

**क.** शारीरिक रूपले अपाङ्ग, सुस्त मनस्थिती, बहिरा, दृष्टिविहीन, सिकाइ कठिनाइ भएका, बोलीमा कठिनाइ भएका तथा बहुअपाङ्गता भएका बालबालिकाहरूलाई लक्षित गरी विशेष शिक्षाको व्यवस्था गरिने छ ।

**ख**. अपाङ्गहरूलाई पूर्वप्राथमिक तहदेखि स्नातक तहसम्म निशुल्क शिक्षा प्रदान गर्ने

**ग.** विभिन्न किसिमका अपाङ्गका लागि विशेष शिक्षाको विस्तार गरी कार्यमूलक तथा जीवन उपयोगी शिक्षाको माध्यमबाट अन्य नागरिक सरह समाजमा प्रतिस्पर्धा गर्न सक्ने बनाउने

विशेष आवश्यकता भएका व्यक्तिहरूलाई शिक्षाको हक प्राप्तिका लागि उनीहरू अनुकूलको शैक्षिक परिपाटी कायम गरिएमा मात्र उनीहरूले शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्दछन् भन्ने सोच राखेर उनीहरूलाई विशेष शिक्षाको व्यवस्था गरी शिक्षा दिने कार्य भइरहेको पाइन्छ । विशेष आवश्यकता भएका व्यक्तिहरूलाई शिक्षाको अवसर उपलब्ध गराउनका लागि विशेष विद्यालय, एकीकृत विद्यालय, घुम्ती शिक्षालय, समावेशी शिक्षालय, सबैका लागि विद्यालय जस्ता औपचारिक रूपमा शिक्षा दिने व्यवस्था हुँदै आएको देखिन्छ (पौडेल र बस्नेत, २०७७) ।

विशेष आवश्यकताका व्यक्तिहरूलाई सामाजिक एकीकरण र स्वाबलम्बनका निम्ति उपयुक्त ज्ञान र सिपहरू प्रदान गर्दै अपाङ्ग हितका लागि सबै खाले अपाङ्गहरूलाई विविध प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दै जानु पर्दछ (सूचनामुलक पुस्तिका, २०७०, पृ.२६) ।

## निष्कर्ष

शिक्षा समाज सञ्चालन हुने सामाजिक सचेतनाको माध्यम हो भने सामाजिक न्याय समाज सुसञ्चालनको एक व्यवस्थित नियम वा पद्धति हो भन्दै शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रूपमा लिएको पाइन्छ । शिक्षामा सामाजिक न्यायलाई समाजका सम्पूर्ण वर्ग, लिङ्ग, जात र समूहका बालबालिकाहरूमा समान शैक्षिक अवसर र निष्पक्षको व्यवहार गरिएको पाइन्छ । शैक्षिक न्यायले व्यक्तिलाई, समूहलाई र समाजलाई परम्परादेखि पछ्याउन नसकिरहेका कारण वर्तमानमा आएर शिक्षामा सामाजिक न्यायको आवाज उठेको देखिन्छ । यस्ता आवाजको परिणाम स्वरूप सबैको लागि शिक्षाको नारालाई विश्वव्यापी रूपमा अगाडि सार्ने काम भएको छ । यस नाराले विशेष गरी लक्षित वर्गका बालबालिकाहरूलाई शिक्षाका अवसरहरू वृद्धि गरी पहुँच पुऱ्याउनका लागि शिक्षालाई आधारभूत आवश्यकताको रूपमा लिने, शिक्षामा समान अवसर र निष्पक्षता, समावेशी शिक्षा जस्ता शैक्षिक रणनीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । शैक्षिक न्यायको आवश्यकतालाई दृष्टिगत गरि नेपालले आफ्नो विकास योजनाहरूमा शैक्षिक न्याय सम्बन्धी नीतिगत व्यवस्था गरि कार्यन्वयन गर्दै आएको पाइन्छ । यस्ता नीतिगत व्यवस्थाले लक्षित वर्ग समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच बढाई सामाजिक न्याय कायम गर्न सक्नुपर्दछ भन्ने कुरामा जोड दिएको छ ।

समाजमा शैक्षिक अवसरको विस्तार गरी त्यसमा लक्षित वर्ग समुदायहरूको पहुँच बढाइ सामाजिक न्याय दिलाउनु आजको आवश्यकता महसुस गरिएको छ । विभिन्न सरोकावालाहरूले व्यक्त गरेका धारणाहरूलाई आधार मान्दा निःशुल्क शिक्षाको प्रावधान र छात्रवृत्ति कार्यक्रमलाई कडाईका साथ लागु गरी त्यसको विस्तार गर्दै जानुपर्ने बताइन्छ । शैक्षिक न्याय सम्बन्धी नीतिगत व्यवस्थाहरूलाई सरोकार पक्षहरूसम्म पारदर्शी रूपमा राख्नु पर्ने देखिन्छ । शैक्षिक न्याय प्रदान गर्ने खालका अन्य वैकल्पिक तरिकाहरूको खाजी गरी लागु गर्नुपर्दछ । सम्बन्धित कार्यक्रमहरूलाई चुस्त दुरुस्त बनाएर जानुपर्ने हुन्छ । कार्यक्रमहरूलाई विकेन्द्रित तथा अवस्था र आवश्यकताका आधारमा गुणात्मक किसिमले लागु गर्नुपर्दछ । विद्यालय तथा विश्व विद्यालयहरूको भौतिक सुविधा तथा अन्य वातावरणहरू लक्षित वर्गका बालबालिका मैत्री हुन आवश्यक छ । लिङ्ग जाति र जनजातिका सम्बन्धमा देखिने लैङ्गिक विभेद सामाजिक विभेदका बारेमा सचेत गराउन पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक तालिम सामग्रीहरूमा सुधार गर्दै जानुपर्ने देखिन्छ । शिक्षामा विद्यमान र थप सकारात्मक क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस्ता प्रकारका न्यायिक गतिविधिहरूमा जोड दिएर शिक्षामा सामाजिक न्यायलाई वृद्धि गर्दै जान सक्नुपर्दछ । समग्रमा हेर्दा विभिन्न योजनाहरूमा दलित समुदाय, महिला वर्ग, आदिवासी तथा जनजाति तथा विशेष आवश्यकता भएका अपाङ्गहरूको उत्थान र सशक्तीकरणका लागि विभिन्न शैक्षिक नीति तथा कार्यक्रमहरू समाविस्ट गरिएको भएता पनि ती कार्यक्रमहरूबाट लक्षित समुदाय तथा वर्गले अपेक्षाकृत फाइदा पाउन सकिरहेको छैन । यसो हुँदा शिक्षामा सामाजिक न्याय हुन सकिरहेको देखिदैन ।

## सन्दर्भ सूची

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, (२०५५), *उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन- २०५५,* काठमाडौं : शिक्षा तथा खेलकुद मन्त्रालय ।

कोइराला, विद्यानाथ र आचार्य, सुसन, (सं.), (२०६१), *सामाजिक सेरोफेरोमा शिक्षा,* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिकेसन एण्ड डिस्टिबुटर्स ।

खत्री, (२०७० अप्रिल), महिलाका लागि शिक्षा, *Journal of EPMAN,* ३, पृ. ... ।

घिमिरे, सुरेन्द्र, (२०७५), नेपालमा औपचारिक शिक्षा सञ्चालनमा स्थानीय संरचनाको आवश्यकता, *विकासको निम्ति शिक्षा,* ... ।

दलित उत्थान मञ्च, (२०६८ भाद्र), मासिक पत्रिका, ९, पृ... ।

प्रसाई, शारदा, (२०६९), *विशेष शिक्षा छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

पौडेल, गिरीराज र बस्नेत, महेन्द्र, (२०७७), *सामाजिक न्याय शिक्षा,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा. लि. ।

भट्ट, विजयलक्ष्मी, (२०६७), *विद्यालय शिक्षामा दलित बालबालिकाको पहुँच* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनज्योति बहुमुखी क्याम्पस, कञ्चनपुर ।

राष्ट्रिय योजना आयोग, (२०४९),आठौं योजना (२०४९-२०५४), नवौ, दशौं..काठमाडौं : लेखक ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०७३), *शिक्षाका आधारहरू,* काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्टीबुटर्स ।

* उपप्राध्यापक, विभागीय प्रमुख, अभ्यास शिक्षण, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।
email: thakur.rasaily123@gmail.com

# सङ्कथन निर्माणमा सम्बद्धन र सम्बद्धकको भूमिका

– विष्णुप्रसाद कोइराला*


## सारकथन

*सङ्कथन भाषाको सबैभन्दा ठुलो एकाइ हो । यसले भाषिक कथनको पूर्णतालाई जनाउँछ । प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा सङ्कथन विश्लेषण अलग शाखाका रूपमा स्थापित छ । भाषाको प्रायोगिक अध्ययनमा सुरुमा पाठ र पछि सङ्कथनको सैद्धान्तिक परिचर्चा भएको देखिन्छ । पाठ र सङ्कथनलाई सुरुमा समानार्थी र पछि केही फरक अर्थमा व्याख्या गरिएको पाइन्छ । पाठलाई प्रयोगमा रहेको भाषिक एकाइ मान्दै सङ्कथनकै एक अंशका रूपमा लिने गरिन्छ । पाठलाई उत्पादन र सङ्कथनलाई गत्यात्मक प्रक्रियाका रूपमा लिने मान्यता स्थापित छ । सङ्कथन भाषाको समग्र कथन भएको हुँदा यसको निर्माण विभिन्न किसिमका तत्त्व, युक्ति र प्रक्रियाबाट भएको हुन्छ । सङ्कथन निर्माणका प्रमुख युक्ति सम्बद्धन र सम्बद्धक हुन् । कुनै पनि पाठ वा सङ्कथन भित्रका भाषिक एकाइहरूबिच रहने आन्तरिक अर्थगत सम्बन्धलाई नै सम्बद्धन भनिन्छ भने सम्बद्धक सङ्कथन निर्माणको भाषा व्याकरणिक आधार मानिन्छ । यो सङ्कथनभित्रका भाषिक एकाइलाई एकअर्कामा जोड्ने युक्ति हो । सङ्कथन निर्माणमा यी दुवै युक्तिले केन्द्रीय भूमिका खेलेका हुन्छन् । यस लेखमा सङ्कथनको सैद्धान्तिक अवधारणाका साथै प्रमुख युक्तिहरूको प्रायोगिक भूमिकाको चर्चा गरिएको छ ।*


## विषय प्रवेश

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको व्यापक क्षेत्रभित्र पर्ने एक शाखा हो । प्रायोगिक भाषाविज्ञान भाषाको प्रयोग वा व्यवहारसँग सम्बन्धित विधा मानिन्छ । यसमा भाषिक व्यवहारमा देखिएका समस्याको समाधान गर्न भाषावैज्ञानिक विधि, सिद्धान्त तथा प्राप्तिहरूको प्रयोग गरिन्छ । सङ्कथन भाषाको पूर्ण कथन भएको हुँदा भाषावैज्ञानिक अध्ययन विश्लेषणमा यसको महत्त्व रहेको हुन्छ । भाषाको सबैभन्दा ठुलो र पूर्ण कथन भएकाले यसभित्र भाषाका अन्य एकाइहरू पनि स्वतः समाविष्ट हुने हुँदा भाषाको प्रायोगिक अध्ययनमा सङ्कथनको महत्त्वपूर्ण भूमिका हुन्छ ।

सङ्कथनका सम्बन्धमा विभिन्न आधारबाट भाषावैज्ञानिक अध्ययन अनुसन्धानहरू भएका पाइन्छन् । यसै सन्दर्भमा सङ्कथनको सैद्धान्तिक अवधारणाको खोजी गरी यसका प्रमुख युक्ति सम्बद्धन (संयुक्ति) र सम्बद्धक (संसक्ति) प्रकार र भूमिकालाई नेपाली भाषाका सन्दर्भमा सोदाहरण प्रस्तुत गर्ने कार्य यस लेखमा गरिएको छ । प्रायोगिक भाषाविज्ञानको एक शाखाका रूपमा रहेको सङ्कथन विश्लेषणका सन्दर्भमा सङ्कथनको परिचय प्रस्तुत गर्दै सङ्कथन निर्माणका प्रमुख युक्तिहरू सम्बद्धन (संयुक्ति) र सम्बद्धक (संसक्ति) को परिचय, प्रकार र भूमिकाको खोजी गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यो लेख पुस्तकालयीय

अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनका लागि विभिन्न विद्वान्द्वारा लिखित पुस्तक, शब्दकोश तथा शोधपत्रहरूको प्रयोग गरिएको छ ।

## सङ्कथनको परिचय

सङ्कथन (सम्+कथन) को शाब्दिक अर्थ पूर्ण वा समग्र कथन भन्ने हुन्छ । भाषाका ध्वनि वा वर्ण, रूप, शब्द, पदावली, वाक्यांश, वाक्य, अनुच्छेद, परिच्छेद र सङ्कथनजस्ता तहगत एकाइहरू हुन्छन् । यीमध्ये यो भाषाको सबैभन्दा ठुलो र तहगत रूपमा सबैभन्दा माथिल्लो एकाइ हो । यसले कुनै सर्न्दभमा अभिव्यक्त समग्र अर्थपूर्ण भाषिक एकाइलाई बुझाउँछ जुन कथ्य वा लेख्य दुबै रूपमा देखापर्न सक्दछ । सङ्कथनको अङ्ग्रेजी समानार्थी शब्द डिस्कोर्स (Discourse) हो । अक्सफोर्ड डिक्सनरीका अनुसार यो शब्द ल्याटिन भाषाको Discursus बाट बनेको देखिन्छ, जसको अर्थ 'रनिङ टु एन्ड फ्रो (running to and fro) अर्थात् अघिपछि गर्दै स्वतन्त्ररूपले दौड्नु भन्ने हुन्छ । यसले वैचारिक दौडाइको सङ्केत गर्दछ । आधुनिक प्रायोगिक भाषाविज्ञानका सन्दर्भमा सङ्कथन विश्लेषण एक पृथक् विषयशाखाका रूपमा विकसित भएको देखिन्छ । यसै सन्दर्भमा सङ्कथनको अर्थ, यसका तत्त्वहरू, सङ्कथन निर्माणका युक्तिहरू तथा यसका विश्लेषण पद्धतिका सम्बन्धमा विभिन्न खोजअनुसन्धान एवं सिद्धान्तहरूको स्थापना भएको पाइन्छ ।

सङ्कथनको सैद्धान्तिक परिचयका सन्दर्भमा पाठ (Text) र सङ्कथन (Discourse) दुई शब्द कतै समानार्थी र कतै केही फरक अर्थमा प्रयोग भएका पाइन्छन् । यस विषयमा सर्वप्रथम ह्यालिडे र हसन ( सन् १९७६, पृ. १) ले पाठ र सङ्कथनलाई समान अर्थमा लिँदै पाठलाई प्रयोगमा रहेको भाषिक एकाइ मानेका छन् । पाठ वाक्यांश वा वाक्य जस्तो व्याकरणात्मक एकाइ होइन र यसलाई आकारका आधारमा परिभाषित गर्न सकिँदैन भन्ने यिनको विचार रहेको पाइन्छ (ह्यालिडे र हसन, सन् १९७६, पृ. १) । कतिपय विद्वान्ले भाषाको कार्यात्मक दृष्टिकोणका आधारमा पाठ र सङ्कथनका बिचको भिन्नता पहिल्याउने कार्य गरेका छन् । भान डिग (सन् १९८०, पृ. २५) का अनुसार पाठ सैद्धान्तिक अवधारणा हो, जुन भाषा प्रयोगको सामर्थ्यसँग सम्बन्धित हुन्छ भने सङ्कथन भाषा प्रयोगको उदाहरण हो जुन सञ्चार कार्यका लागि उत्पादित हुन्छ । यस्तै, ब्राउन र युले (सन् १९८३, पृ. १९०) ले पाठलाई साञ्चारिक घटनाको शाब्दिक अभिलेखका रूपमा स्वीकार गर्दै पाठलाई उत्पादन र सङ्कथनलाई गत्यात्मक प्रक्रियाका रूपमा लिएका छन् । सञ्चार घटना कुनै सन्दर्भसँग सम्बन्धित हुन्छ भने त्यसलाई सङ्कथन भनिन्छ । क्रिस्टल (सन् २००८, पृ. ४८१) ले पाठलाई मौखिक वा लिखित सङ्कथनको एक अंश मान्दै "पाठ भाषाको त्यस्तो विस्तार हो जुन विश्लेषण र व्याख्याका लागि अभिलिखित हुन्छ" भन्ने विचार प्रस्तुत गरेका छन् । यिनका अनुसार पाठ भाषाको सतही संरचनासँग र सङ्कथन आन्तरिक संरचनासँग सम्बन्धित छ । पाठ र सङ्कथनलाई भिन्न रूपमा हेर्ने विद्वान्ले पाठलाई लिखित भाषा र सङ्कथनलाई मौखिक भाषाका रूपमा लिने गरेका छन् । तर सङ्कथनले मौखिक र लिखित दुवै अभिव्यक्तिलाई सङ्केत गर्दछ । सङ्कथनका सम्बन्धमा विभिन्न किसिमका भनाइ प्रचलित छन् ।सङ्कथन भाषाविज्ञानमा प्रयोग हुने त्यस्तो शब्द हो, जसले भाषाको अविच्छिन्न विस्तारलाई बुझाउँछ, जुन वाक्यभन्दा ठुलो हुन्छ । यो उच्चारहरूको त्यस्तो श्रृङ्खला हो, जसले कुनै परिचित भाषिक घटनाको निर्माण गर्दछ, जस्तै : वार्तालाप, ठट्यौली, धार्मिक प्रवचन, अन्तर्वार्ता आदि (क्रिस्टल, सन् २००८, पृ. १४८) भण्डारी र अन्य (२०६७, पृ. ११) ले सिङ्गो भाग

वा विचारसँग सम्बन्धित स्वयम्मा पूर्ण अभिव्यक्ति वा समग्र कथनलाई सङ्कथन भनिन्छ भन्ने विचार प्रस्तुत गरेका छन् ।

यसरी सङ्कथन भनेको वाक्यहरूको सम्बद्धन युक्त मेल हो, जुन प्रस्तोता र बोद्धाको अन्तरक्रियाको परिणामका रूपमा आएको हुन्छ । सङ्कथनको महत्त्वपूर्ण पक्ष वा तत्त्व प्रस्तोता मानिन्छ । प्रस्तोता सङ्कथनको वक्ता वा लेखक हो । यसबाट सङ्कथन तयार गरिन्छ । प्रस्तोताले श्रोता वा पाठकको ध्यान आकर्षण गर्ने जस्तो महत्त्वपूर्ण कार्य गर्दछ । सङ्कथनको अर्को तत्त्व बोद्धा हो । यसले श्रोता वा पाठकलाई बुझाउँछ । सङ्कथनको ग्रहण बोद्धाले गर्दछ । कथ्य सङ्कथनमा प्रस्तोता र बोद्धाको प्रत्यक्ष सहभागिता रहन्छ । यस्तै, सङ्कथनको अर्को तत्त्व माध्यम हो । माध्यम भनेको सङ्कथन सम्प्रेषणको साधन हो । भाषाका कथ्य र लेख्य रूप यसका मुख्य माध्यम हुन् । फोन, पत्राचार, रेडियो, टेलिभिजन, आदि पनि माध्यमका रूपमा रहेका हुन्छन् । सङ्कथनको स्वरूप वा ढाँचा पनि आफैँमा एउटा तत्त्व हो । एकै किसिमको विषयवस्तु कथा, निबन्ध, नाटक आदि विभिन्न स्वरूपमा आउन सक्छ । वर्णनीय वस्तु, घटना, सहभागिता जस्ता कुराले सङ्कथनको स्वरूप तयार हुन्छ । यस्तै विषयवस्तु, शीर्षक, परिवेश, भाषिक कोड आदि पनि सङ्कथनका तत्त्व मानिन्छन् । सङ्कथन विश्लेषणमा यिनै तत्त्वहरूको उपयुक्तता र सन्दर्भको समेत व्याख्या गरिन्छ । सङ्कथन निर्माणका महत्त्वपूर्ण युक्ति सम्बद्धन र सम्बद्धक मानिन्छन् । सम्बद्धनका लागि संयुक्ति **र** सम्बद्धकका लागि संसक्ति शब्दको प्रयोग पनि गरिएको पाइन्छ । सम्बद्धन र सम्बद्धकको परिचय र भूमिकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## सम्बद्धन (संयुक्ति) को परिचय र भूमिका

कुनै पनि पाठ वा सङ्कथन भित्रका भाषिक एकाइहरूबिच रहने आन्तरिक अर्थगत सम्बन्धलाई नै सम्बद्धन भनिन्छ । भाषिक अभिव्यक्ति पूर्ण वा अर्थपूर्ण भएन भने पाठ वा सङ्कथनको निर्माण हुन सक्दैन । यसका लागि पाठ भित्रका भाषिक एकाइहरूबिच अर्थगत, वैचारिक एवं सन्दर्भगत तालमेलको आवश्यकता पर्दछ । यस्तो तालमेल वा आन्तरिक अन्विति कायम गराउने युक्तिलाई नै सम्बद्धन वा संयुक्ति भनिन्छ ।

ह्यालिडे र हसन (सन् १९७६) ले सम्बद्धनका लागि पाठविन्यास (Texture) शब्दको प्रयोग गरेका छन् । यिनका अनुसार वाक्यहरूको समूहले पाठको निर्माण गर्दछ वा गर्दैन भन्ने कुरा वाक्यहरूका बिचमा रहेका सम्बद्धकहरूको सम्बन्धमा भर पर्दछ, जसले पाठविन्यास सृजना गर्दछ । यो त्यस्तो तत्त्व हो जसले पाठ वा गैरपाठ छुट्याउँछ (ब्राउन र युले, सन् १९८३, पृ. १९१ बाट उद्धृत) । सम्बद्धन भाषिक अर्थ वा सूचनासँग सम्बन्धित हुन्छ । भान डिग (सन् १९७७, पृ. ९६) का अनुसार सम्बद्धन सङ्कथनको अर्थसम्बन्धी सम्पत्ति हो, जुन प्रत्येक वाक्यको अन्य वाक्यसँगको व्याख्यामा आधारित हुन्छ र त्यो व्याख्या पाठ र पाठकको बिचको अन्तरक्रियामा आधारित हुन्छ । सम्बद्धन सङ्कथनको आधारभूत र अनिवार्य तत्त्व मानिन्छ । ब्राउन र युले (सन् १९८३) का अनुसार सम्बद्धनयुक्त पाठको अर्थ स्पष्ट हुन्छ र पाठ भित्रका विभिन्न अंशहरू सम्बद्धक तत्त्वबाट वा विना पनि जोडिएका देखिन्छन् । सम्बद्धनको अनुमानले मात्र पनि त्यस्तो व्याख्या गर्दछ जसले प्रत्यक्ष भाषिक संयोजन भए वा नभए पनि सन्देशको संयोजन भएको देखिन्छ (पृ.२२४) । सम्बद्धन लेखक (वक्ता) र पाठक (श्रोता) को पारस्परिक अन्तरक्रियाका रूपमा पनि स्थापित छ, जसले तिनीहरूको पृष्ठभूमिगत ज्ञानमा आधारित भई पाठको अर्थ स्पष्ट पार्दछ, जुन पाठभन्दा बाहिर पनि हुन

सक्दछ । सम्बद्धनलाई सामान्यतया सङ्कथन विश्लेषणमा भाषिक प्रकार्यात्मक सम्बन्धलाई संयोजन गर्ने मुख्य सिद्धान्त र मौखिक वा लिखित भाषाको कुनै पनि खण्डलाई पहिचान गराउने तत्त्वका रूपमा लिइएको पाइन्छ (क्रिस्टल, सन् २००८, पृ. ८५) । अधिकारी (२०६२) का अनुसार यो (सम्बद्धन) परिवेशगत हुन्छ, अघिपछिको परिवेश जोडेर बुझ्नुपर्ने प्रकृतिको हुन्छ, यसले सम्बद्धन वा पाठको आन्तरिक अन्विति स्थापित गर्न मुख्य भूमिका खेल्छ (पृ.२५२) । यसरी सम्बद्धनविना पाठ वा सङ्कथनको निर्माण नहुने भएकाले यो सङ्कथन निर्माणको अनिवार्य युक्ति मानिन्छ । ब्राउन र युले (सन् १९८३, पृ. २२५) का अनुसार वक्ता वा लेखकले सङ्कथन निर्माणमा इच्छित अर्थ बुझ्ने वा व्याख्या गर्ने तीनवटा पक्ष छन् : साञ्चारिक कार्यको समीक्षा, सामाजिक सांस्कृतिक ज्ञानको प्रयोग र अनुमानको निर्धारण । सङ्कथन निर्माणमा भाषिक वा बाह्य पक्ष सम्बद्धकको भन्दा सम्बद्धनको भूमिका महत्त्वपूर्ण हुन्छ । सम्बद्धनको भूमिकालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**(क) सम्बद्धनले पाठ वा सङ्कथनलाई सान्दर्भिक स्पष्ट र तर्क सङ्गत तुल्याउँछ ।**

सम्बद्धन सङ्कथनभित्र रहेको अर्थगत, तार्किक र सन्दर्भगत सम्बन्ध मानिन्छ । यो भाषिक एकाइको अर्थगत सम्बन्धको विकास हो । सम्बद्धन भाषिक अभिव्यक्ति वा आन्तरिक पक्षसँग सम्बन्धित छ । यसले सङ्कथनलाई स्पष्ट, सान्दर्भिक र तर्कसम्मत बनाउन सहयोग पुऱ्याउँछ र अर्थको उत्तरोत्तर विकासमा सहयोग पुऱ्याउँछ ।

जस्तै : क. तिमी के गर्दै छौ ?
ख. यहाँ पानी पर्दै छ ।
क. घर कहिले आउँछौ ?
ख. खोलो पनि बढेको छ ।

यसमा पानी परेकाले त्यसै बसेको र खोला बढेकाले घर आउन समेत नपाएको परिवेशगत अर्थ प्रकट भएको छ । यसले सङ्कथनको मूलभाव वा विचारलाई वाक्य तथा अनुच्छेदमा उत्तरोत्तर विकास गराउँछ । जस्तै :

क. खाजा खाऔँ न ।
ख. ऊ त्यो डाँडा पारि खाऔँला ।

यहाँ एउटा भोकाएको र अर्को अघाएको परिवेश छ । भोको डाँडावारि खाऔँ भन्छ भने अघाएको डाँडापारि खाऔँ भन्छ ।

**(ख) यसले वक्ताको अभिव्यक्तिको परिवेशसँग श्रोताको अनुभवको परिवेशको तालमेल मिलाउँछ ।**

कुनै विषय वस्तुलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरियो भने मात्र अर्थबोधमा सहजता आउँछ । सङ्कथनमा अघिल्लो विषयवस्तु वा विचारले पछिल्लोलाई निर्देशित गर्दै लगेको हुनुपर्दछ । यस किसिमको

वैचारिक निरन्तरता भएन भने अर्थबोधमा बाधा उत्पन्न हुन्छ । भाषिक अभिव्यक्तिमा प्रस्तोता र बोद्धाका बीच अनुभव र परिवेशको तालमेल भयो भने दुवै पक्षका बीच अन्तःसूत्र स्थापित हुन सक्दछ । जस्तै :

क. छुट्टीमा तिमी घर जाँदैनौ ?
ख. परीक्षा आइहाल्यो ।
ख. तिमी नि ?
क. म त पुगेर आइहाल्छु ।

**(ग) यसले पाठ वा सङ्कथनमा आन्तरिक अन्विति कायम गराउने कार्य गर्दछ ।**

वास्तवमा सम्बद्धन सङ्कथनको आधारभूत र अनिवार्य तत्त्व हो । यसले सङ्कथनमा आन्तरिक सम्बन्ध स्थापित गर्दछ । भाषिक सम्प्रेषणका लागि अघिल्लो वाक्य वा व्यक्त विचारले पछिल्लोलाई सङ्केतित गर्दै लगेको हुनुपर्छ । कतिपय बाह्य रूपमा तालमेल नभएका खण्डित वाक्य वा अभिव्यक्तिले पनि सान्दर्भिक अर्थ प्रकट गर्दछन् । जस्तै :

मामा - हिजो कता गयौ ?
भान्जा - ए, हिजो परीक्षा थियो ।
मामा - हैन, मङ्सिर जान लाग्यो ? के गर्दै छौ ?
भान्जा- एउटा गए अर्को आउँछ नि ।

यस संवादमा परिवेशगत अर्थ प्रकट भएको छ । सम्बद्धन निर्वाहमा परिवेश वा सङ्कथन विश्वको भूमिका रहन्छ । वक्ताले जुन विषय (भौतिक वा अभौतिक) मा कुरा गरिरहेको हुन्छ, त्यसलाई सङ्कथनको विश्व पनि भनिन्छ ।

सङ्कथनमा कुनै परिवेशगत वा तार्किक सम्बद्धन भएन भने अर्थबोधमा बाधा उत्पन्न हुन्छ ।
जस्तै : क. हिजो कता गयौ ?
ख. घाम लागेको छ ।
क. ऊ आयो त ?
ख. म त बिरामी छु ।

यस संवादमा कुनै पनि किसिमको सम्बद्धन नभएकाले अर्थबोध हुन सकेको छैन । वाक्य खण्डित छन् र आन्तरिक अन्वित कायम हुन नसक्दा सङ्कथनको निर्माण हुन सकेको छैन ।

## सम्बद्धक (संसक्ति) को परिचय र भूमिका

### सम्बद्धकको परिचय

सम्बद्धक सङ्कथन निर्माणको भाषा व्याकरणिक आधार मानिन्छ । सङ्कथनभित्रका भाषिक एकाइलाई एकअर्कामा जोड्ने युक्ति वा तत्त्वलाई सम्बद्धक (कोहेजन) भनिन्छ । अर्थात् सम्बद्धक त्यस्तो

शब्द वा पदावली हो जसले वाक्यहरूबिच सम्बन्ध स्थापित गर्न सहयोग गर्दछ । अधिकारी (२०६२, पृ. २५०) का अनुसार वाक्यभन्दा माथिल्लो तहमा अन्तरवाक्यीय सम्बद्धताका लागि प्रयोग हुने भाषिक जोर्नी नै सम्बद्धक हो । यस्तै गौतम (२०६८, पृ. ५७५) का अनुसार सम्बद्धक भनेको कुनै पनि पाठभित्र हुने अन्तः सम्बन्ध हो, अनुच्छेद भित्रका वाक्यहरूमा भावप्रवाह सृजना गर्ने विशिष्ट ढाँचा हो । ह्यालिडे र हसन (सन् १९७६, पृ. ४) का अनुसार जहाँ सङ्कथन भित्रका तत्त्वहरूको व्याख्या अर्को तत्त्वसँग सम्बन्धित हुन्छ, त्यहाँ सम्बद्धक उत्पन्न हुन्छ । सम्बद्धक शब्दार्थ सम्बन्धी धारणा हो जसले पाठकहरूबिचको अर्थसम्बन्धी धारणालाई बुझाउँछ । नुनान (सन् १९९३, पृ. २१) का अनुसार सम्बद्धक लेखक तथा वक्तालाई वाक्य र उच्चार (कथन) सीमाबिच सम्बन्ध स्थापित गर्न सहयोग पुऱ्याउँछ । सम्बद्धक कथन (उच्चार) वा पाठको सतही संरचनाको विशेषताका रूपमा रहेको हुन्छ जसले वाक्यका विभिन्न भाग तथा सङ्कथनका बृहत् एकाइहरूलाई जोड्ने कार्य गर्दछ जस्तै सार्वनामिक शब्द, आर्टिकल तथा कियाविशेषक आदि (क्रिस्टल, सन् २००८, पृ. ८५) । यसरी भाषिक एकाइहरूलाई एकजुट पारी सम्बन्ध सूत्रमा उन्ने तत्त्वलाई सम्बद्धक भनिन्छ ।

**सम्बद्धकका प्रकार**

सम्बद्धक अभिव्यक्तिलाई भाषिक एकाइमा अन्वित गर्ने एक युक्ति मानिन्छ । यसले सङ्कथन भित्रका विभिन्न भाषिक एकाइहरूबिच व्याकरणात्मक एवम् कोशीय अर्थ सम्बन्धलाई जनाउँछ । सङ्कथनमा वाक्यभन्दा माथिल्ला एकाइहरूबिच सम्बन्ध जनाउन आउने संयोजक, निर्देशक, प्रतिस्थापक आदिजस्ता युक्तिहरू नै सम्बद्धक हुन् । यसले भाषिक एकाइहरूलाई एकजुट पारी अन्तरवाक्यीय सम्बन्ध जनाउने कार्य गर्दछ ।

सम्बद्धकले सङ्कथन वा पाठमा अभिव्यक्त विषय वा विचारको शृङ्खलालाई विस्तार गर्ने, स्पष्टीकरण दिने, विकल्प दर्साउने, तुलना गर्ने, कार्यकारण सम्बन्ध देखाउने जस्ता कार्य गर्दछ । यसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

सम्बद्धक मूलतः व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धक गरी दुई प्रकारको हुन्छ ।

***व्याकरणिक सम्बद्धक***

सङ्कथन वा पाठमा प्रयुक्त भाषिक एकाइहरूबिच व्याकरणिक सम्बन्ध जनाउने युक्तिलाई व्याकरणिक सम्बद्धक भनिन्छ । यसले उपवाक्यहरूलाई पाठ वा सङ्कथनका एकाइका रूपमा सम्बद्ध तुल्याउने,पाठ वा सङ्कथनमा पूर्वापर सम्बन्ध कायम गर्ने जस्ता कार्य गर्दछ । व्याकरणिक सम्बद्धक विभिन्न प्रकारका हुन्छन् ।

**सन्दर्भन/निदर्शन :** कुनै व्यक्ति, विषय वा स्थानको निश्चित स्थितिलाई सूचित गर्ने कार्यलाई सन्दर्भन भनिन्छ । प्रस्तोताले बोद्धालाई कुनै विषयवस्तुबारे बुझाउन प्रयोग गर्ने भाषिक रूप सन्दर्भक कहलाउँछ । यसमा सन्दर्भ बुझाउने भाषिक कोटि सन्दर्भन र बुझाउन खोजेको व्यक्ति, वस्तु वा स्थान सन्दर्भन बिन्दु मानिन्छ । सन्दर्भन/निदर्शनलाई सहनिर्देशात्मक सम्बद्धकका रूपमा पनि देखाइएको

पाइन्छ । सङ्कथनमा सर्वनाम, निर्धारक र केही क्रियायौगिक पद र पदावलीले सहनिर्देशात्मक सम्बद्धता प्रकट गर्दछन् । यसमा शब्द वा पदावलीले पूर्ववर्ती प्रसङ्गलाई निर्देश गर्दछ । जस्तै :

(क) विद्यार्थीहरू कक्षा बाहिर छन् । तिनीहरू भलिबल खेल्दै छन् ।
(यहाँ 'तिनीहरू' सार्वनामिक सम्बद्धकका रूपमा रहेको छ ।)

(ख) म क्याम्पस पुगेँ । कक्षा सुरु भइसकेको रहेछ । त्यसो हुनाले म घरतिर लागेँ ।
(त्यसो हुनाले क्रियायौगिक सम्बद्धक) यसले पूर्ववर्ती प्रसङ्गलाई निर्देश गरेको छ ।

सन्दर्भन दुई प्रकारले हुन्छ :

(अ) अन्तःसन्दर्भक : पाठ वा सङ्कथनभित्रकै एउटा एकाइले अर्कोसँग सन्दर्भन कायम गर्दछ अर्थात् पाठ/सङ्कथन भित्रकै एउटा एकाइले अर्कोसँग सन्दर्भन कायम गर्दछ भने त्यो अन्तःसन्दर्भक मानिन्छ । यो पनि अग्रसन्दर्भक र पश्चसन्दर्भक गरी दुई प्रकारको हुन्छ । अगाडि आउने सन्दर्भलाई पछाडि आउने एकाइ वा घटकले सन्दर्भन गर्दछ भने त्यसलाई अग्र सन्दर्भक भनिन्छ । जस्तै : सीता र गीता बाहिर छन् । उनीहरू खेल्दै छन् । यहाँ उनीहरू अग्रसन्दर्भक हो । यस्तै पछाडि उल्लेखित एकाइलाई अगाडिको एकाइ वा घटकले सन्दर्भन गर्दछ भने त्यसलाई पश्च सन्दर्भक भनिन्छ । जस्तै : उनीहरू खेल्दै छन् । सीता र गीता दुवै बाहिर छन् । यहाँ उनीहरू पश्च सन्दर्भक मानिन्छ ।

(आ) बहिःसन्दर्भक : पाठ वा सङ्कथन बाहिरको विषय वा कुराको सन्दर्भन गरिन्छ भने त्यसलाई बहिःसन्दर्भक भनिन्छ । यसमा परिस्थितगत सन्दर्भ उल्लेख गरिन्छ । जस्तै : उनीहरू बाहिर खेल्दै छन् । उनीहरू हिजो कता गएका थिए ? यहाँ उनीहरू बहिःसन्दर्भक हो ।

**प्रतिस्थापन :** पहिले प्रयोग गरिएका पद वा पदावलीका सट्टा त्यही विषय वा अर्थ बुझाउने अन्य पद वा पदावलीको प्रयोगबाट सम्बद्धता कायम गरिन्छ भने त्यसलाई प्रतिस्थापन भनिन्छ । अगाडिका कथन, कार्य वा घटनाको पुनरुक्तिका सट्टा अन्य विशिष्ट एकाइको प्रयोगबाट प्रतिस्थापन गरिन्छ । प्रतिस्थापन तीन प्रकारका हुन्छन् ।

(क) नामिक प्रतिस्थापन : हिजो सबै जना थिए, आज कोही पनि देखिँदैनन् ।
(ख) क्रियापदिक प्रतिस्थापन : उनीहरू सबै विदेशतिर गए, तिमी पनि त्यसै गर ।
(ग) पदावलीगत प्रतिस्थापन : उसले जीवनभर पुग्ने सम्पत्ति जोड्यो । तिमीले पनि आफ्नो बन्दोबस्त गर्दा राम्रो हुन्छ ।

**लोप वा विलोपन :** कुनै खास भाषिक एकाइ, पद, पदावली आदिको लोपबाट हुने सम्बद्धतालाई लोप वा विलोपन भनिन्छ । यसलाई अध्याहारित सम्बद्धक पनि भनिन्छ । जस्तै :

क. हजुरको शुभ नाम .......... ? (के हो ? लोप)
ख. रामप्रसाद .......... । (थर ? लोप )
क. घर ............?
ख.......... इलाम ......... ।

**संयोजन** : भाषिक अभिव्यक्ति वा एक एकाइलाई अर्कोसँग जोड्ने सम्बद्धतालाई संयोजन भनिन्छ । यसमा संयोजन, वियोजन, विकल्प, कारण, विपरितता जस्ता सम्बद्धकहरू पर्दछन् । यो भाषिक एकाइ वा अर्थलाई संयोजन गर्ने प्रक्रिया हो । जस्तै :

संयोजन– तुरुन्त जानु होस् र उसलाई भेट्नु होस् । अन्य : अनि, पनि,.....।

विरोध – उ गयो तथापि कसैलाई भेटेन । अन्य : यद्यपि, परन्तु, तर, .......।

विकल्प– तपाई जानुहोस् वा नजानुहोस् । अन्य : अथवा, कि, या ..........।

कारण– नेट राम्रो छैन तसर्थ राम्रो सुनिँदैन । अन्य : त्यसकारण , किनकि ...आदि ।

परिणाम – ऊ चाँडै गयो त्यसैले काम सम्पन्न भयो । अन्य : अतएव, जस अनुसार,...।

सङ्केत – भने, यदि..भने,

रीति – जसरी, त्यसरी ।

***कोशीय सम्बद्धक (संसक्ति)***

कोशीय शब्द अर्थात् शाब्दिक एकाइबिच अर्थगत सम्बन्ध जनाउने सम्बद्धकलाई कोशीय सम्बद्धक भनिन्छ । कोशीय सम्बद्धक त्यस्तो सन्दर्भगत सम्बद्धक हो जुन कोशीय संरचनाबाट संरचित हुन्छ (ह्यालिडे र हसन, सन् १९७६, पृ. ३१८) । कोशीय एकाइहरू नाम, विशेषण, कियापद आदिको पुनरावृत्तिबाट सङ्कथनलाई शृङ्खलाबद्ध बनाउने कार्य गरिन्छ । यसलाई शब्दहरूको पारस्परिक शृङ्खला, आपसी मेल र शब्द साहचर्यका रूपमा लिने गरिन्छ ।

यो विभिन्न प्रकारको हुन्छ । जस्तै :

**पुनरावृत्ति :** भाषिक तत्त्व वा एकाइहरू पूर्ण वा आंशिक रूपमा दोहोरिएर हुने सम्बद्धतालाई **पुनरावृत्ति** भनिन्छ । पाठ वा सङ्कथनमा अगाडि वा अगाडिका वाक्यमा आएका भाषिक एकाइ पछाडि वा पछाडिका वाक्यमा दोहोरिँदा पुनरावृत्ति सम्बद्धक हुन्छ । यसरी यो वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै प्रकृतिको हुन्छ । यसले अर्थमा जोड दिने, कुनै कुरा किटानका साथ भन्ने, विचारलाई विषयवस्तुमा केन्द्रित गर्ने जस्ता कार्य गर्दछ । पुनरावृत्ति पूर्ण र अंश दुबै रूपमा देखिन सक्छ । यो मूलतः दुई प्रकारको हुन्छ ।

***सामान्य पुनरावृत्ति* :** कुनै कोशीय एकाइको समान अर्थमा पुनरावृत्ति हुन्छ भने त्यसलाई सामान्य पुनरावृत्ति भनिन्छ । जस्तै : चुत्थो चोरले चार पैसा चोरेछ । (यहाँ 'च' वर्णको पुनरावृत्ति भएको छ ।) ऊ पढाइ छोडेर विदेश गयो । विदेश गएर उसले राम्रो काम गरेन । (यहाँ 'विदेश' शब्दको पुनरावृत्ति भएको छ) ।

**पूर्ण अंश** –बालकृष्ण सम नेपालका विशिष्ट नाटककार हुन् । समले पाश्चात्य नाट्य सिद्धान्तलाई नेपाली नाट्य क्षेत्रमा भित्र्याए ।

***जटिल पुनरावृत्ति :*** औपचारिक रूपले समान भए पनि बेग्लै किसिमको व्याकरणिक कार्य गर्ने वा एकै कोशीय रूप भए पनि औपचारिक रूपमा फरक हुन्छ भने त्यसलाई जटिल पुनरावृत्ति भनिन्छ ।

जस्तै–ऊ विदेश गयो । बिदेसिनु उसको बाध्यता भए पनि बिदेसिएर उसले राम्रो गरेन ।
(विदेश-बिदेसिनु-बिदेसिएर)

जहरिलो हरिलोभरिलो वन (जहरिलो-हरिलो )
बिरसिलो रसिलो हँसिलोपन । (बिरसिलो-रसिलो-सिलो)
ठहरियो हरियो सब चेतन (ठहरियो-हरियो)
खलबलाई बलाइ सक्यो मन । (खलबलाई-बलाई) (सोमनाथ शर्मा, आदर्श राघवबाट)

यहाँ जटिल किसिमको पुनरावृत्ति भएको छ ।

**समानार्थकता/पर्यायता :** समान वा पर्यायवाची शब्दहरूको पुनरावृत्ति हुने प्रकियालाई समानार्थकता भनिन्छ । यसमा पद, पदावली जस्ता विभिन्न रूपको प्रयोग हुन सक्छ । जस्तै : पुस्तक उसको साथी थियो । ऊ सधैं नयाँनयाँ किताब बोकेर हिड्थ्यो र फुर्सद निकालेर पढ्ने गर्दथ्यो । ऊ बेचैन देखिन्थ्यो र ऊ दुःखी पनि । उसले देशका लागि जीवन उत्सर्ग गरेछ । सारा जनताका लागि जीवन बलिदान दिएछ । तिमी शान्त बन । धैर्य राख । (पर्याप्तता)

**विपरीतार्थकता :** उल्टो वा विपरीतार्थक शब्दको पुनरावृत्तिबाट हुने कोशीय सम्बद्धतालाई विपरीतार्थकता भनिन्छ । जस्तै : जीवन आशा हो, निराशा होइन । मानिस सम्पत्तिले मात्र सम्पन्न हुँदैन, त्यो विचारको गरिब हो, विपन्न हो ।

**अधिकार्थकता (न्यूनार्थकता) :** एउटा शब्दमा अन्य धेरै शब्दको अर्थ समावेश अवस्था नै अधिकार्थकता वा न्यूनार्थकता मानिन्छ । जस्तै :

फल– आँप, सुन्तला, अङ्गुर, स्याउ ।

आहारा/खाना– दाल, भात, रोटी, तरकारी ।

हिमाल– मकालु, सगरमाथा, लोत्से, कञ्चनजङ्गा ।

यसलाई समावेशात्मकता पनि भनिन्छ । एउटा शब्द वा पदमा अन्य धेरै पदका अर्थ समावेश हुने अवस्था नै समावेशात्मकता हो । उसले फूलहरू जम्मा गऱ्यो - मखमली, सयपत्री, गोदावरी अनि एउटा माला बनायो । (समावेशात्मकता)

**अङ्ग-सम्बन्ध :** कुनै पद र त्यसभित्रका अवयव वा अङ्गलाई जनाउने अन्य पदहरूबिचको कोशीय सम्बन्धलाई अङ्ग-सम्बन्ध भनिन्छ । जस्तै :

टोपी – पगरी, तालु ।

शरीर – हात, खुट्टा, टाउको, जिउ,

घर – बैठक कोठा, भान्सा, बरण्डा

**सहप्रयोग / सहविन्यास :** एक अर्को शब्द सँगसँगै रहँदा अर्थ प्रकट हुने तर अन्य शब्द रहँदा अर्थ फरक हुने अवस्थालाई सहप्रयोग भनिन्छ । यसमा अर्को शब्दसँग रहँदा अर्थ नआउने वा फरक अर्थ आउने हुन्छ । जस्तै :

आँखा लाग्नु– (नेत्र लाग्नु), गाईको गोठ– (बाखाको खोर)

**अनेकार्थकता :** एउटा शब्दबाट धेरै अर्थ प्रकट हुन्छ भने त्यस्तो कोशीय सम्बद्धतालाई अनेकार्थकता भनिन्छ ।

जस्तै : साँचो– सत्य, चाबी ।

तर– खोला तर, दुधको तर, किन्तु ।

कल– मेसिन, झगडा ।

**शब्दशृङ्खला :** विभिन्नकिसिमका शब्दहरू क्रमबद्ध वा क्रमहीन समूहमा आएर सम्बद्धता कायम गर्दछ ।

क्रमयुक्त शब्द – एक, दुई, तीन, पहिलो, दोस्रो, तेस्रो ।

क्रमहीन समुच्चय – रातो, सेतो, निलो, पहेँलो ।

एक परिवेशगत – आगो, अगेनु, दाउरा, चुलो ।

सन्दर्भ विशिष्ट – हुलाक, टिकट, खाम, हुलाकी ।

समान वर्गका वा कोशीय अर्थगत सम्बन्ध भएका शब्दहरूको प्रयोगबाट हुने सम्बद्धतालाई सवर्गीय सम्बद्धता भनिन्छ । यसमा पर्यायता, समावेशात्मकता, असमावेशात्मकता, अनेकार्थकता जस्ता अर्थगत सम्बन्ध भएका शब्दहरू दोहोरिएर आउँछन् । जस्तै : ऊ कविता, कथा, निबन्ध आदि जस्ता साहित्यिक विधामा कलम चलाउँदै छ । (समान शब्द)

## उपसंहार

सङ्कथन भाषाको समग्र कथन वा पूर्ण अभिव्यक्ति हो, जुन सार्थक र उद्देश्यपूर्ण हुनछ । यसभित्र भाषाका अन्य एकाइ अनुच्छेद, वाक्य, पदावली आदि पनि स्वतः समाविष्ट हुने हुँदा भाषाको प्रायोगिक अध्ययनमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । सङ्कथन निर्माणका दुई महत्त्वपूर्ण युक्ति सम्बद्धक र सम्बद्धन हुन् । सम्बद्धक भाषाको बाह्य संरचनाको योजक वा जोर्नी मानिन्छ । यसले भाषाको बाह्य संरचनालाई जोड्ने कार्य गर्दछ । भाषाको बाह्य पूर्णताले मात्र सङ्कथनको निर्माण हुँदैन । यसका लागि आन्तरिक अर्थगत तालमेलको पनि आवश्यकता पर्दछ । सम्बद्धक भाषिक संरचना र बाह्य तत्त्वसँग सम्बन्धित छ । सङ्कथन निर्माणमा सम्बद्धकको प्रयोग ऐच्छिक रूपमा रहेको हुन्छ । यो ऐच्छिक तत्त्व भए तापनि अभिव्यक्तिमा यसको पनि भूमिका हुन्छ नै । यस्तै सम्बद्धन भाषिकेतर तत्त्व हो, जुन वक्ता, श्रोता र परिवेशसँग सम्बन्धित हुन्छ । यसले भाषिक संरचनालाई आन्तरिक अन्वितिद्वारा शृङ्खलाबद्ध र अर्थपूर्ण बनाउन सहयोग पुऱ्याउँछ । सम्बद्धनविना सङ्कथन निर्माण हुन सक्दैन त्यसैले यो अनिवार्य मानिन्छ । यसरी यी दुबै युक्तिहरूको प्रायोगिक महत्त्व रहेको देखिन्छ । सम्बद्धकअन्तर्गत व्याकरणिक तथा कोशीय सम्बद्धका विभिन्न प्रकारहरूका अलग-अलग भूमिका हुने भए तापनि सबैले सम्बद्धन कायम गराउन नै सहयोग पुऱ्याएका हुन्छन् ।

## सन्दर्भ कृतिसूची


अधिकारी, हेमाङ्गराज, (२०६२), *सामाजिक तथा प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

कर्डर, एस. पिटे, (सन् १९७३), *इन्ट्रोड्युसिङ अप्लाइड लिङ्ग्विस्टिङ,* इङल्यान्ड : पेनगुइन बुक्स ।

कुक, गे, (सन् १९८९), *डिस्कोर्स,* अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

क्रिस्टल, डेभिड, (सन् २००८), *अ डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स,* छैटौं संस्करण, अक्सफोर्ड : ब्ल्याकवेल पब्लिसिङ लिमिटेड ।

गौतम, देवीप्रसाद, (२०६८), *सङ्कथन विश्लेषण,* रत्न बृहत् नेपाली समालोचना (पृ. ५७१-५९१), सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मण गौतम , काठमाडौं : रत्न पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद, (२०६६), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : शुभकामना ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद, (२०७०), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

ब्राउन जी. र युले जी., (सन् १९८३), *डिस्कोर्स एनालाइसिस,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस प्रकाशन ।

भण्डारी, पारसमणि र शक्तिराज नेपाल, (२०६७), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य, (२०६०), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

शर्मा, मोहनराज, (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठक मैत्री समालोचना,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज, (२०६३), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

ह्यालिडे एम.ए.के. र हसन आर., (सन् १९७६), *कोहेजन इन इङलिस,* लन्डन : लङम्यान ।


---


* उपप्राध्यापक, नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल ।
email: bishnukoirala333@gmail.com

# English Medium Instruction in Community Schools: Institutional Readiness and Sustainability

- Rudra Bahadur Thapa*

**Abstract**

*As a tendency, community schools in Nepal have recently started taking a move towards English Medium Instruction (EMI). It can be a high-risk-practice unless the myriad of issues are maneuvered correctly. This exploratory case study aims to shed light on how far the community schools are prepared to run EMI and how long they can go along with it. The results of the research are supported by extensive discussions, several interviews and observation made with the stakeholders in the field.*

**Keywords:** *English as a medium of instruction, institutional readiness, faculty readiness, sustainability*

## Introduction

Teaching English and teaching in English are two different issues. They refer to English as subject (EaS) and English as a medium of instruction (EMI) respectively. Since English has been incorporated in the national curriculum of Nepal, it is being taught as a compulsory subject up to tertiary level; however English as a medium of instruction is an optional case. "EMI refers to a situation where learners for whom English is an additional language are receiving some or all of their education in English at any stage of the education cycle"(Simpson 2017, p. 3). Similarly, the working definition of EMI to Dearden (2014) is "The use of the English language to teach academic subjects in countries or jurisdictions where the first language (L1) of the majority of the population is not English" (p. 2). Thus, EMI is the provision to teach the different subjects or disciplines through English.

Institutional schools in Nepal, which are privately owned and receive no donations from the government, are far ahead in this stance. EMI encompasses almost all private school types no matter whether they are low cost distance schools or high-fee institutions working up to international standards. English medium (EM) schools have been the first choice of the parents so far. The general public takes these schools synonymous to quality education although they don't qualify to a number of other

benchmarks. In a sense, English and English medium classes are the strong pillars of their existence.

On one hand, parents do not hesitate to pay the expensive fee structures to get their children enrolled in the private institutions; on the other, the community schools are suffering from an under-number of students. The scenario is miserable to the other side of the fence. Most of the community schools have been defamed for providing dysfunctional education. Although they, too, teach English as a subject (EaS) they are in general condemned for the poor English they deliver. This is most potentially the reason for less faith guardians bestow onto them.

The high standing value Nepalese society offers onto English language is obvious. The glamour of English language has attracted the community. While the same education is available free of cost in the community schools, the guardians disregard them as the destinations of formal education to their children unless the classes are run in English medium. Education in EM is the guardians' craze today.

Owing to the fact that there is a steady decline in the number of students each year, community schools have recently forwarded the strategy of EMI to exist in the equilibrium. To ensure their continued existence, many community schools felt compelled to consider moving from Nepali to English as the medium of instruction (Phyak, 2013 as cited in Ojha, 2018). Surprisingly, they have been able to add up a few more numbers in their total. A head teacher (as cited by Ojha, 2018) commented upon the consequence of EMI as:

> *After the introduction of EMI in our school, some of the parents have brought their children to our school from [English medium] private schools. This is a great achievement as we have gained the trust of the parents. The number of students seeking admission is increasing every year but we can't enroll all of them due to limited classrooms and teachers. (p. 194)*

The wave of EMI has left no schools untouched at present. No matter whether the provision of EMI is favorable or questionable, the public schools have started English medium classes explosively. Many of them have already adopted it and a large number of schools are planning to go and even on the go.

Here lies the question whether the community schools had their institutional readiness to run the classes in English Medium or not. What preparations were made before embracing EMI and whether they meet the general standards of EMI are the

High and persistent inflation and low economic growth have been major characteristics of Nepalese economy in the recent years. It affects the welfare and the development of the people and the country itself. In Nepal, rising inflation has been a serious concern to the government. The inflation rate in Nepal was recorded at 3.40 percent in May of 2017. In the last five years, the average inflation rate is recorded at 8.8 percent which is higher than the projected inflation by 1.3 percent. Inter-country comparison of inflation in the SAARC countries also shows that Nepal has the highest rate of inflation except Bhutan and Pakistan (MoF, 2016/17).Similarly, the gross domestic product (GDP) at basic price is estimated to grow by 6.94 percent in the FY 2016/17. Such growth rate remained 2.97 percent in FY 2014/15 and 0.01 percent in 2015/16. Economic growth rate has averaged 4.2 percent in the last ten years. The growth rate remained low in most of the fiscal years. Like that, the exchange rate of Nepalese currency has been gradually increasing from Rs. 10.5 of 1 dollar in 1975 to Rs. 106.05 of 1 dollar in 2016. It can be also observed that the trend of government expenditure has been increasing every year. The growth of recurrent expenditure and capital expenditure is recorded 48.2 percent and 148.5 percent respectively in FY 2016/17 as compared to the FY 2015/16. The government expenditure was recorded Rs. 2,072 millions in 1975 and is observed Rs. 701171.7 millions in 2016 (MoF, 2016/17). So it is seen that there is huge increase in the government expenditure from 1975 to 2016. The volume of total import is also recorded high in the recent years. It was recorded only Rs. 1841.60 millions in 1975 but it is increased by 773599.1. Similarly, the money supply ($M_2$) was also low in the FY 1974/75 which was only Rs. 2064.4 millions but it also follows increasing trend since 1975. It is recorded Rs. 22, 44,579 million at the end of the 2016 (NRB, 2017).So that it is necessary to examine the major determinants of Inflation in Nepal for policy implication. So, it is a matter of concern whether the macroeconomics variables such as broad money supply, real GDP, government expenditure, ex-change rate, total import attribute to cause inflation in Nepal. It is also claimed that there is a crucial role of Indian inflation to increase the inflation in Nepal due to open border and huge trade dependency with Indians. So, it is the next matter to know whether the Indian inflation has significant impact on inflation of Nepal or not.

## Literature Review

A variety of theoretical and empirical literatures exist on the determinants of inflation based on different techniques and time periods that attempts to identify the determinants of inflation. Classical, Neoclassical, Keynesian, Monetarist, Cost push, Rational Expectation, New Political Economy, and Structural theories of inflation are important to analyze the sources of inflation. These theories provide basic guidelines to understand the sources of inflation in an economy. Based on these theories, several empirical studies have been carried out. Lim and Papi (1997) try to shed some light on the determinants of inflation in Turkey by analyzing price determination within the framework of a multi-sector macroeconomic model during the period 1970 to 1995. They find that the monetary variables (initially money, more recently the exchange rate) play a central role in the inflationary process and also public sector deficits contribute to inflationary pressure. Al-Omar (2007) on the study for Kuwait finds that domestic inflation is influenced mainly by the development of domestic liquidity which overwhelmed the theoretically expected effect of imported inflation. Bashir and Nawaz (2011) examine demand side and supply side determinants of inflation in Pakistan using Johanson co-integration and vector error correction approach. Their study reveals that in the long-run consumer price index has found to be positively influenced by money supply, gross domestic product, imports and government expenditures on the other side government revenue is reducing overall price level in Pakistan. Kirimi (2014) analyzes the main determinants of inflation in Kenya over the period 1970-2013 by using OLS technique to explain the process of inflation causation in Kenya. He observes that money supply and ex-change rate have a positive relation while GDP growth rate and corruption perception have a negative relationship with inflation. Maryam et al (2014) empirically analyze the determinants of inflation in Malaysia by using multiple regression analysis. His finding shows that GDP, interest rate and government expenditure have negative relationship towards CPI whereas money supply (MS) is positively related and imported goods and services are not significant. Wang (2015) reveals that inflation is the largest factor can affect itself, interest rate, money supply have influence to inflation. Exchange rate has also effect to inflation but not so much.

Khatiwada (1994) investigates the magnitude and stability of relationship between money supply and inflation. He finds that Import Price Index (IPI) is consistently significant and suggested that inflation in Nepal is influenced by open economy forces. Pandey (2005) analyzes the inflation in Nepal by using econometric model. He states that $M_1$, IWPI and ex-change rate (NRS/IRS) are the main

determinants on inflation in Nepal. NRB (2006) reveals Indian inflation to have a significant and near unitary effect on inflation in Nepal. Again, NRB (2007) notes that the Nepalese inflation is mainly determined by Indian inflation with narrow money supply. Koirala (2008) finds that there is a significant positive relationship between inflation and inflation expectations in Nepal. Thapa (2010) examines the determinants of inflation in Nepal by using the data from 1977/78 to 2005/06. He finds that the Nepalese inflation is highly affected by the money supply and Indian inflation with open boarder. Paudyal (2014) finds that budget deficit, money supply and Indian prices cause inflation in the short run. Koirala (2014) examines whether inflation in Nepal is fully home-made or does Nepal borrow (Significant) portion of its inflation from India applying Co-integration and VECM approach. He states that there is a strong positive long term relationship between inflation in Nepal and trade dependency in India.

There is a large volume of published studies investigating the determinants of inflation, much of that literature pays particular attention to some explanatory variables such as broad money supply, real gross domestic product, government expenditure, exchange rate, imported price, total import, budget deficits, interest rate have influence to inflation. Among these explanatory variables, this study examines broad money supply, real GDP, government expenditure, total import, exchange rate and Indian inflation to explain the inflation in Nepal.

**Theoretical Framework**



## Methodology

This study is based on secondary data sources such as Economic survey report published by the government of Nepal, Quarterly economic bulletin published by NRB and World Bank Open Data**.** Based on economic theory and concerning the previous empirical literatures, the economic model of this study will be as follows:

$P = f(M_2, RGDP, GE, ER, M, IP)$………………….. (1)

Where:P,$M_2$, RGDP, GE, ER, IP, M are inflation rate of Nepal, broad money supply, real gross domestic product, government expenditure, exchange rate, total import and inflation rate of India.

The study uses ordinary least squares multiple regression model in order to investigate the determinants of inflation in Nepal. The study considers inflation rate of Nepal is the dependent variable regressed on the explanatory variables such as broad money supply, real GDP, government expenditure, exchange rate, total imports and inflation rate of India. The study uses natural log form of all the variables for the regression purpose. The logarithm form of the econometric model is as follows:

$$\ln P_t = \alpha + \beta_1 \ln M_{2t} + \beta_2 \ln RGDP_t + \beta_3 \ln GE_t + \beta_4 \ln ER_t + \beta_5 \ln M_t + \beta_6 \ln IP_t$$

$$+ V_t \quad .. (2)$$

Here, Pt denotes the inflation rate of Nepal at period t; $M_2$t is the broad money supply at period t; $RGDP_t$ is real GDP at period t; $GE_t$ is the government expenditure at period t; $ER_t$ is the exchange rate at period t; $M_t$ is the total import and $IP_t$ is the Inflation rate of India at period t; $\alpha, \beta_1, \beta_2, \beta_3 \& \beta_4$are regression parameters and $V_t$ is stochastic error term. Moreover, to check the reliability of the analysis coefficient of determination ($R^2$), adjusted coefficient of determination ($R^2$), t-test, F-test and D-W test are used in this study. Likewise, for the identification of the direction of causal association among the variables, and to find out directional causality between the two variables, the study uses the pair-wise Granger (1969) causality test.

## Discussion of the Results

### Unit Root Test

Augmented Dickey Fuller test is applied in this study to check the unit root of the variables. Table 1 highlights the outcome of the stationary results**.** In table 1 all the

variables exhibit unit root at level which is indicated the non-stationary of variables, while they are all become stationary at first difference at 1% level of significance, which means that the variables are integrated of order 1, i.e. I(1).

| Variables | Level Form | | First Difference | | Remarks |
|---|---|---|---|---|---|
| | Intercept | Trend and Intercept | Intercept | Trend and Intercept | |
| LnP | -0.289 (0.91) | -1.493 (0.82) | -5.348* (0.00) | -5.394* (0.00) | I (1) |
| Ln $M_2$ | -0.623 (0.85) | -2.041 (0.56) | -4.482* (0.00) | -4.463* (0.00) | I (1) |
| LnRGDP | -0.038 (0.96) | -3.066 (0.13) | -7.539* (0.00) | -6.163* (0.00) | I (1) |
| LnGE | 0.139 (0.96) | -2.036 (0.56) | -5.608* (0.00) | -5.544* (0.00) | I (1) |
| LnEr | -1.276 (0.63) | -0.712 (0.97) | -4.890* (0.00) | -4.853* (0.00) | I (1) |
| LnM | -0.289 (0.91) | -1.4934 (0.82) | -5.348* (0.00) | -5.3944* (0.00) | I (1) |
| LnIP | -1.094 (0.63) | -1.798 (0.69) | -5.121* (0.00) | -5.096* (0.00) | I (1) |

***Table 1 Augmented Dickey Fuller Tests for Unit Root***

Note: * shows 1% level of significance and numeric value in the parenthesis (….) expresses p-values. The p-values are based on MacKinnon (1996) one-sided p-values.

**Regression Analysis**

This study examines the impact of macroeconomics variables on inflation of Nepal during 1975-2016 by using Ordinary Least Square multiple regression model. When the regression equation is estimated in level form that will not free from the problem of autocorrelation as the time series data are mostly non-stationary in level form. So, to correct the problem of non-stationary and to obtain the relationship between dependent variable and explanatory variables, the regression equation is estimated in first difference. The estimated version of the equation is given below:

$$\ln P_t = 0.0125 + 0.071 \ln M_{2t} - 0.304 \ln RGDP_t + 0.013 \ln GE_t + 0.142 \ln ER_t + 0.104 \ln M_t + 0.588 \ln IP_t \dots\dots\dots\dots\dots\dots (2)$$

t-value (0.719) (0.682) (-1.672)** (0.288) (2.366)** (2.053)** (5.009) *

$R^2$ = 0.6136 Adjusted $R^2$ = 0.5454 D-W test = 2.2868 F-Statistics = 8.997 N= 41

Note: * significant at 1%

* * significant at 5%

* * * significant at 10%

The equation 2 shows the regression result between dependent variable and explanatory variables after taking their difference. The equation shows that the elasticity coefficients of inflation are very low. Even though the regression coefficients of broad money supply and government expenditure are positive, they are insignificant at the given level of significance. It means that there is no impact of broad money supply and government expenditure on Inflation in Nepal in the short run. Thus, the broad money supply and government expenditure show less impact in determining price level in the country in the short run. However, the regression coefficients of exchange rate, total imports and Indian inflation are 0.14, 0.10, and 0.59 respectively. It means that one percent increase in exchange rate, total imports, Indian inflation leads to increase 0.14, 0.10 and 0.59 in inflation in Nepal. The calculated t-statistics of these variables are significant at the given level of significance. Thus, the exchange rate, total import and Indian inflation show the impact in determining price level in the country in the short run. The negative relationship between inflation in Nepal and real gross domestic product shows that decrease in the RGDP leads to increase the inflation in the country. But the impact of decreasing RGDP on inflation in Nepal is very low in the short run.

Besides, the F-statistic shows the linearity on the regression equation because it is greater than tabulated value at the given level of significance. Likewise, the Durbin-Watson value is greater than two which shows the absence of autocorrelation in the equation. It also shows that the time series data becomes stationary in first difference.

**Heteroscedasticity Test**

Breusch-Pagan-Godfrey test is used to test the heteroscedasticity of the equation 2 by setting the following null hypothesis. The Breusch-Pagan-Godfrey test is regressed the square residuals on the original regressors.

Null hypothesis: Residuals are not heterodcedasticity.

| | | | |
|---|---|---|---|
| F-statistic | 1.018791 | Prob. F(6,34) | 0.4298 |
| Obs*R-squared | 6.247954 | Prob. Chi-Square(6) | 0.3960 |
| Scaled explained SS | 4.280951 | Prob. Chi-Square(6) | 0.6387 |

***Table 2 Heteroskedasticity Test: Breusch-Pagan-Godfrey***

In table 2 the probability value of F-statistic, Observed R-squared and Scaled explained SS is more than 5 percent. It means that the null hypothesis is not rejected. Thus, it can be concluded that the difference form equation is free form heteroscedasticity

**Serial Correlation Test**

Breusch-Godfrey Serial Correlation LM test is applied to test serial correlation by using the following null hypothesis.

Null hypothesis: There is no serial correlation

| | | | |
|---|---|---|---|
| F-statistic | 1.293974 | Prob. F(2,32) | 0.2881 |
| Obs*R-squared | 3.067713 | Prob. Chi-Square(2) | 0.2157 |

***Table 3, Breusch-Godfrey Serial Correlation LM Test***

In table 3, the p-value of both F-statistic and Observed R-squared with degree of freedom two is higher than 5 percent. It means that the null hypothesis is rejected. Then, it can be said that there is no serial correlation in the difference form equation.

**Normality Test**

The Jarque Bera test is applied to test the Normality of the residuals by setting following null hypothesis.

Null hypothesis: Residuals are normally distributed




***Figure 1, Normality of the residuals***

The figure 1 shows that the residuals are normally distributed with JB value 2.09 and P-value 0.35. Here, P-value is more than 5 percent level of significance. It reveals that the null hypothesis is not rejected. It means that the residuals are normally distributed.

## Granger Causality Test

Granger Causality test is used to test the causality between inflation and its explanatory variables. The causality between inflation and explanatory variables are presented in the following table 4.

| **Pairwise Granger Causality Tests<br>Sample: 1975-2016<br>Lags : 2** | | | |
|---|---|---|---|
| **Null Hypothesis :** | **Observations** | **F-Statistics** | **Probability Value** |
| D(LNM2) does not Granger Cause D(LNP) | 39 | 1.52487 | 0.2322 |
| D(LNP) does not Granger Cause D(LNM2) | | 4.84946 | 0.0140 |
| D(LNRGDP) does not Granger Cause D(LNP) | 39 | 1.98965 | 0.1523 |
| D(LNP) does not Granger Cause D(LNRGDP) | | 4.35100 | 0.0208 |
| D(LNGE) does not Granger Cause D(LNP) | 39 | 0.26208 | 0.7710 |
| D(LNP) does not Granger Cause D(LNGE) | | 1.71867 | 0.1945 |
| D(LNER) does not Granger Cause D(LNP) | 39 | 0.18747 | 0.8299 |
| D(LNP) does not Granger Cause D(LNER) | | 1.76994 | 0.1857 |
| D(LNIP) does not Granger Cause D(LNP) | 39 | 5.97714 | 0.0060 |
| D(LNP) does not Granger Cause D(LNIP) | | 0.25493 | 0.7764 |
| D(LNM) does not Granger Cause D(LNCPI) | 39 | 1.27879 | 0.2914 |
| D(LNCPI) does not Granger Cause D(LNM) | | 1.15920 | 0.3258 |

***Table 4 Granger Causality Test***

For the identification of the direction of causal association among the variables, and to find out directional causality between the two variables, the study has used the pair-wise Granger (1969) causality test. Table 2 shows the unidirectional causal relation

between the inflation and broad money supply in Nepal. The one way causation was established from inflation to broad money supply at 5 percent level of significance at two lags. Similarly, there is seen that the unidirectional causal relation between the inflation and real gross domestic product. The one way causation is established from inflation to real gross domestic product at 5 percent level of significance at two lags. Like that, there is also unidirectional causal relation between the inflation in Nepal and Indian Inflation. The one way causation was established from Indian inflation to Nepali inflation at 5 percent level of significance at two lags. But there no causality exists between inflation and other variables such as total imports, exchange rate, and government expenditure. Finally, it can be concluded that there is the unidirectional causality runs from LNP to $LNM_2$, LNP to LNRGDP and LNIP to LNP and no feedback relation in the short run.

## Conclusion

The main purpose of this study was to capture the major determinants of inflation in Nepal. Ordinary Least Square multiple regression model and Granger causality test were employed by using annual data over the period 1975 to 2016. Considering inflation rate of Nepal as a dependent variable and board money supply, real gross domestic product, government expenditure, exchange rate, total import and inflation rate of India as explanatory variables, empirical finding of the study highlights that the inflation rate of India plays crucial role in determining the inflation rate in Nepal in short-run. The result shows that the one percent change in Indian inflation brings 0.58 percent change in inflation of Nepal. It is due to the higher dependency on Indian trade with open border and liberalized trade regime. Further, exchange rate and total import positively affect the inflation. On the other hand, the real gross domestic product has a negative effect on inflation rate in Nepal. The negative relationship between real gross domestic product and inflation in Nepal shows that if increase in real GDP of Nepal can decrease in inflation. So, the effectiveness of RGDP could be important variable to change the level of prices in the short-run. However, the money supply and government expenditure do not seem to affect the inflation rate in the short-run as indicated by the insignificant regression coefficient.

Finally, it is concluded that the inflation in Nepal is highly influenced by the Indian inflation in the short-run. Therefore, it can be suggested that inflation in Nepal is not only a monetary phenomenon.

## References

Al-Omar, H. (2007). Determinants of inflation in Kuwait. *Journal of Economic and Administrative Sciences*, 23 (2), 1-13.

Bashir, F. & Nawaz, S. (2011). Determinants of inflation in Pakistan: An econometric Analysis using Johansen Co-integration Approach. *Australian Journal of Business and management research*, 1 (5), 71-82.

Economic, S.(2017). *Economic Survey: FY 2016/17*. Kathmandu: Government of Nepal, Ministry of Finance.

Friedman, M.(1970). A Theoretical Framework for monetary analysis. *Journal of political economics*, 78 (2), 193-238.

Frisch, H. (1983). Theories of inflation. *Cambridge Surveys of Economics Literature*. Cambridge: Cambridge University Press.

Fry. M.J. (1974). Resource mobilization and financial development in Nepal. *CEDA and NRB.*

Gupta, G.S. (2004). *Macroeconomics: Theory and application*. Tata McGraw-Hill, New Delhi.

Khatiwada, Y.R. (1981). An Econometric analysis of the determinants of inflation in Nepal. *Economic institution Committee.*

Khatiwada, Y.R. (1994). *Some aspect of monetary policy in Nepal*. South Asian Publisher, New Delhi.

Kirimi, W. N. (2014). The determinants of inflation in Kenya (1970-2013). *MA Thesis in Economics*. Nairobi: School of Economics of the University.

Koirala, S. (2014). Trade dependency-inflation relationship in Nepal (Cointegration approach). *International Journal of Scientific and Research Publications*, 4 (11).

Koirala, T. (2008). Inflation expectations in Nepal. *NRB Economic Review*, 20,74-85

Lim, C. H. &Papi, L. (1997). *An econometric analysis of the determinants of inflation in Turkey*. IMF.

Pethe, A. (1994). *Macro Modeling optimal control and inflation: An Eclectic Study*. Himalayan publishing house, Delhi.

Marahatta, D. R. (2013), Determinants of inflation in Nepal. *Unpublished M. A. thesis in Economics*. Central Department of Economics. Tribhuwan University.

Maryam, H.J., Osman, I., Mara, M. Nura & Lina, E. (2014). *The determinants of inflation in Malaysia*. Conference paper; 3A international conference on accounting, business and economics 2014, Malaysia University, Terengganu.

Mankiw, N.G. (2004). *Macroeconomics*. Worth Publisher, Madison Avenue, New York.

Nepal Rastra Bank (2006). *Inflation analysis and price situation*. Kathmandu, NRB, Price Division.

Nepal Rastra Bank (2007). *Inflation in Nepal*. Nepal Rastra Bank, Nepal.

Paudyal, S. B. (2014). Determinants of inflation in Nepal: An empirical assessment. *NRB Economic Review*, 26, 61-82.

Sharma, G. (1987). *Monetary Structure of the Nepalese Economy: Policy issues in Theory and Practice.* New Delhi, South Asian Publisher.

Sharma, V.R. (1992). Inflation in Nepal. *The Economic Journal of Nepal*, 15(4).

Wang, C. (2015). *Inflation and inflation determinants in China*. Unpublished thesis in Economics. Depart of finance and Economics. Tallinn University of technology, School of economics and Business Administration, China.

---

* Assistant lecturer, Head of Department, Extra-Curricular Activities, Kanakai Multiple Campus, Surunga, Jhapa. email: rukigautam@gmail.com

# यौनमनोविज्ञानका आधारमा श्वेतभैरवी कथाको विश्लेषण

–दिनेशकुमार तिम्सिना*

**सारकथन**

*'यौनमनोविज्ञानका आधारमा **श्वेत भैरवी** कथाको विश्लेषण' शीर्षकको यस लेखमा फ्रायडीय यौनमनोविश्लेषण सिद्धान्तका आधारमा नेपाली साहित्यका सुप्रसिद्ध मनोवैज्ञानिक आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको **श्वेतभैरवी** कथाको विश्लेषण गरिएको छ । यो लेख गुणात्मक अनुसन्धान अन्तर्गतको अध्ययन भएकाले पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी वर्णनात्मक विधिअनुसार सङ्कलित सामग्रीको व्याख्या विश्लेषण गएिको छ । मानवमनका तीन तहमध्ये अचेतन मनमा रहेको यौनाकाङ्क्षा उपयुक्त वातावरणबाट उत्पन्न भएर तज्जन्य असामान्य गतिविधिको प्रभावकारी चित्रण गरिएको पाइएकाले विवेच्य रचना विशिष्ट यौनमनोवैज्ञानक कथा भएको निष्कर्ष निकालिएको छ ।*

## विषय प्रवेश

विश्वेश्वरप्रसाद कोइराला (१९७१–२०३९) आधुनिक नेपाली आख्यान साहित्यमा चर्चित नाम हो । वि.स. १९९२ को **शारदा** पत्रिकामार्फत गुरुप्रसाद मैलालीबाट प्रारम्भ भएको आधुनिक नेपाली कथा परम्पराको पहिलो चरण यथार्थवादी धाराअन्तर्गत सोही सालको सोही पत्रिकामा **चन्द्रवदन** शीर्षकको कथा प्रकाशित गरेर कोइरालाले मनोवैज्ञानिक यथार्थवादी धाराको समेत थालनी गरेका हुन् । उनका **दोषी चश्मा** (२००६) र **श्वेत भैरवी** (२०३९) गरी दुईवटा कथासङ्ग्रहरू प्रकाशित छन् । **श्वेतभैरवी** उनको पछिल्लो कथासङ्ग्रहमा सङ्कलित निकै चर्चित मनोवैज्ञानिक कथा हो । उनको कथालेखनको पछिल्लो चरणमा लेखिएको यस कथामा उमेरमा अपरिक्व रहेको दश/एघार वर्षको सानोबाबुलाई परिपक्व बनेकी सोर वर्षकी फगुनीले एकान्तमा पाएपछि यौनाकर्षणबाट उत्पन्न यौनावेगजन्य क्रियाकलापको कथात्मक चित्रण गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाश्चात्य भौतिकवादी चिन्तन मनोविज्ञानअन्तर्गत फ्रायडको यौनमनोवैज्ञानिक सिद्धान्तका आधारमा व्यक्तिका यौनगत जीवनको चित्रण गरिएको हुन्छ । मनोविज्ञान चेकोस्लोभाकियामा जन्मेका सिग्मन्ड फ्रायड (१८५६–१९३९) द्वारा प्रतिपादित उन्नाइसौँ शताब्दीका आधुनिक नवीनतम सिद्धान्तहरूमध्ये एक हो । यस सिद्धान्तलाई फ्रायडवाद पनि भनिन्छ । विश्वेश्वरप्रसाद कोइरालालाई नेपाली साहित्यमा फ्रायडवादी कथाकार पनि भनिन्छ । उनका कथा र उपन्यासमा मनोविज्ञानका सामाजिक वा सामान्य मनोविज्ञान र विशेष गरी यौनमनोविज्ञानको प्रयोग पाइन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको **श्वेतभैरवी** कथामा यौन कुण्ठा अथवा दमित वासनाले व्यक्तिको जीवन वा क्रियाकलापमा कस्तो प्रभाव पार्छ ? भन्ने यस लेखको अनुसन्धेय समस्या रहेको छ भने विश्लेष्य

कथाको यौनमनोवैज्ञानिक पक्षको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गर्नु चाहिँ यसको उद्देश्य रहेको छ । विश्लेष्य कथा यसको प्राथमिक साग्री हो भने त्यससँग सम्बन्धित सैद्धान्तिक तथा समालोचनात्मक पुस्तकहरू यसका द्वितीयक सामग्री हुन् ।

## सैद्धान्तिक अवधारणा : फ्रायडीय यौनमनोविश्लेषण सिद्धान्त

मनको वा मनसँग सम्बन्धित शास्त्र वा विज्ञान मनोविज्ञान हो । सिग्मन्ड फ्रायडले सन् १८९६ मा प्रवर्तन गरेको मनको अध्ययन गर्ने आधुनिक एवम् नवीनतम मनोवैज्ञानिक सिद्धान्तलाई मनोविश्लेषण सिद्धान्त भनिन्छ (शर्मा, २०७२, पृ.१६१) ।

यस सिद्धान्तअनुसार अचेतन, अवचेतन र चेतन गरी मानवचेतना वा मनका तीन तह हुन्छन् । **चेतन** तहमा वर्तमान क्षणका विभिन्न संवेदना र अनुभूतिहरू हुन्छन् । चेतन मानसिक जीवनको सानो भाग र अल्प समयका लागि  हुन्छ । मानिसको ध्यान फेरिए जसरी यो छिटै अवचेतन तलमा परिवर्तित हुन्छ । **अवचेतन** तलमा न्यूनतम प्रयासद्वारा अनुभूतिहरूलाई संस्मरण गर्न सकिन्छ । यसमा रहने अनुभूतिहरूमा अतीतका स्मरणहरू संकलित रहन्छन् । मानवीय मनको तेस्रो र भित्री पत्र **अचेतन** अनुभूतिजन्य एवम् यथार्थपूर्ण हुन्छ । अचेतनका इच्छाहरू दमित हुन्छन् । मौका पाए छद्म रूप लिएर वा संकेतिक तवरले भए पनि दिवास्वप्न स्वैरकल्पना र स्वप्नका माध्यमबाट चेतनतलमा आउँछन् वा जागृत हुन्छन् । चेतन मनले मानवको व्यवहारलाई निर्धारित गर्छ (रेग्मी, २०५५, पृ.५७९) ।

फ्रायडको धारणामा मानिसको व्यक्तित्व इदम् (इद), अहम् (इगो) र पराहम् (सुपर इगो) बाट बनेको हुन्छ । व्यक्तित्वको शारीरिक आधार **इद**मा सबै जन्मजात पैतृक गुणहरू पाइन्छन् । यसभित्र यौन, आक्रामकता र अन्य मूल प्रवृत्तिहरू हुन्छन् । मानसिक शक्तिको स्रोत इदमा व्यक्तिगत अनुभूतिहरू हुन्छन् तर यसलाई वस्तुगत यथार्थको ज्ञान हुँदैन । पाशविक र अतार्किक इदमा चाहना पूरा गर्ने मानसिक विम्बहरू हुन्छन् । **इगो**ले इदका इच्छा चाहनालाई पूरा गर्छ । यसो गर्न अहम्ले बाहिरी वातावरण र पराहम्सँग तादात्म्य स्थापित गर्छ । अहम्का कार्यहरू सिक्ने, सोच्ने, कर्म गर्ने, प्रत्यक्षीकरण गर्ने, स्मरण गर्ने र निर्णय गर्ने हुन् । व्यक्तित्वको प्रशासक अहम्ले सामाजिक यथार्थको सिद्धान्तले कार्य गर्छ । **सुपर इगो**मा समाजको परम्परागत मान्यता, मूल्यहरू र आदर्शहरू हुन्छन् । व्यक्तित्वको नैतिक भाग पराहम्को विकास बाल्यावस्थामा आमाबाबुको प्रेरणा, शिक्षादीक्षा र ज्ञानबाट हुन्छ । पराहम् वा सुपर इगोले इदम्का अप्रिय चाहनाहरूलाई रोक्छ ।

मनोविज्ञानका धेरै शाखाहरूमध्ये यौन मनोविज्ञान एउटा प्रसिद्ध शाखा हो । यसले मान्छेका यौनपरक मासिकताबाट उत्पन्न सामान्य तथा असामान्य क्रियाकलापको विश्लेषण गर्दछ । मानिसको १२ वर्षदेखि जननेन्द्रिक अवस्था सुरु हुन्छ । मानिसमा १२ वर्षको उमेरदेखि विषम लिङ्गीप्रति आकर्षण वा प्रेम बढ्न थाल्छ (रेग्मी, २०५५, पृ.५८०) । फ्रायडका अनुसार प्रत्यक्ष जीवनमा जब वासनाको परितृप्ति हुदैन अनि त्यो अन्तर्मनमा गएर बस्छ र चेतन मन जागरुक नभएका अवस्थामा यसले आफूलाई परितृप्ति दिने प्रयत्न गर्दछ । यो अवस्था या त स्वप्नको अचेतन अवस्था हुन्छ या साहित्य सिर्जनाको अर्धचेतन अवस्था

अथवा तन्मयताको अवस्था हुन्छ । कला साहित्य सिर्जनामा कल्पनाशक्तिको आधिक्य रहने हुनाले कलाकारमा आफ्ना अतृप्त वासनालाई कला-साहित्यमा प्रयोग गर्ने क्षमता रहन्छ (शर्मा : २०६१ : १३) ।

यस मनोविश्लेषण सिद्धान्तको गहिरो प्रभाव कला, साहित्य, समालोचना र अन्य विविध क्षेत्रमा परेको छ (शर्मा, २०७२, पृ.१६१) । साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै मनोविज्ञानमा आधारित भएर गरिएको हुन्छ । फ्रायडीय यौनमनोविश्लेषण अनुसार मानवमनमा रहेका जैविक काम वासनाहरूको उद्घाटन गरेर काम ग्रन्थिको अवस्थालाई प्रस्तुत गरी नारी र पुरुषको रतिरागात्मक व्यवहार देखाउँदै विभिन्न प्रतीकहरूको योजनाले साहित्यमा रतिरागात्मक स्वरूपको विश्लेषण गरिएको हुन्छ ।

## श्वेतभैरवी कथाको घटनाक्रम र परिचयात्मक समीक्षा

विश्वेश्वरप्रसाद कोइरालाको **श्वेतभैरवी** कथा उनकै **श्वेतभैरवी** (२०३९) कथासङ्ग्रमा सङ्कलित छ । प्रमुख पात्र सानो बाबु र फगुनी रहेका छन् । सानो बाबु वक्ता वा म पात्रको भूमिकामा रहेको छ । लगभग पैंतीस वर्ष अगाडिको घटना स्मरणका रूपमा कथा प्रस्तुत गरिएको छ । सम्पन्न परिवारको एघार वर्षको ठिटो सानोबाबुमा पनि अज्ञात ढङ्गले यौन उत्सुकता जागृत भएको हुन्छ । उसको घरबारीको दक्षिण पूर्वको कुनामा खोलाको छेउमा एउटा सानो झुप्रामा बस्ने लेलहा नाम गरेको एउटा केवट जातिको गरिब किसानकी एकमात्र सन्तान छोरी फगुनी सानोबाबुका घरमा काम गर्छे । एक दिन सानुबाबुको घरमा काम गर्ने सोर वर्षकी फगुनीले एघार वर्षको सानुबाबुलाई एकान्त कोठामा पाउँदा उत्पन्न कामुक आवेगले आक्रमण गर्न लखेट्दाको अवस्थालाई श्वेतभैरवीको संज्ञा दिइएको छ । कथामा एउटा बाबु र फगुनी मात्र रहेको लेलहाको पारिवारिक अवस्था, धेरै जहान भएको सानु बाबुको पारिवारिक अवस्था, कोशीको छेउमा पर्ने स्थानीय परिवेश, भेलबाढी, आँपको ठिँगुरिएको रुखले पनि केही फल दिने प्रयास गरेको आदि र निकै पहिलाको समयगत वातावरणको प्रस्तुतिले तत्कालीन सामाजिक, भौगोलिक तथा परिस्थितिगत परिवेश एवम् मानवको यौनपरक मनोदशाको असामान्य अवस्थाको जीवन्त वा प्रभावाकारी चित्रण गरिएको छ ।

कथाको प्रसङ्गअनुसार एउटा मध्याह्नमा सानोबाबु आफ्नो कोठामा पल्टिरहेको हुन्छ । मध्य दिउँसो यसरी ऊ प्रायः घर बस्तैन थियो । आज कोशीको त्यो चिसो बालुवामा खेल्न मिठुलगायत कुनै साथीले पनि किन नबोलाएका होलान् भनेर सानुबाबु सोचिरहेको हुन्छ । उसको मनमा भूत-प्रेत, थरिथरीका अशरीरी जीवहरू, श्मशानमा हाडचवाउने कालो थुतुनु भएको कुकुर आउन थाल्छन् । जगत्मा कहीँ कतै शब्द नभएको अनौठो नीरव वातावरणमा घरक्क ढोका उघ्रियो र त्यस आवाजले तर्सेर झसङ्ग भई मुटु पनि ढुक-ढुक भएको थियो । त्यो बेला वाल्टीमा गोबर, पानी र माटो हालेर उसको कोठा लिप्न फगुनी आएकी थिई । फगुनी लिप्नका लागि कोठा खाली गर्न सानुबाबूलाई भन्दै थिई भने ऊ एकनासले फगुनीलाई हेरिरहेको थियो । यसरी हेर्नुको कारण फगुनीले सोध्दा उसले लाएको नयाँ धोती हेरेको भन्ने जफाव दिन्छ । तर त्यो दिन सानो बाबुले फगुनीलाई बैग्लै देखेको थियो । सानो बाबुले आज पहिलोपटक फगुनीका आँखामा दृष्टि दिएको सम्झन्छ । फगुनी आज बाचाल भएकी छे र सानोबाबुलाई साथीहरूसँग खेल्न किन नगएको ? कोठामा श्रीमती विना एक्लै बस्न मन लाग्छ ? आदि प्रश्न गर्छे । सानोबाबुको बालापनका अगाडि त्यस्ता प्रश्न अनौठो लाज लाग्दो जस्तो लाग्यो । उसका कान राता भए र उत्तरमा केवल धत् मात्र

भन्यो । फगुनीको चौमोन भएको गौना हुन बाँकी रहेको थाहा पाएपछि सानुबाबुले फगुनीको दुलाहाबारे सोध्दा फगुनीले सानोबाबुलाई आफ्नो दुलहा भएको बताउँछे ऊतिरै लम्कन थाल्छे । फगुनीको त्यो आवेगयुक्त आक्रामक रूप देखेर ऊ भाग्न थाल्छ भने फगुनी अझ द्रुत गतिमा लखेट्न थाल्दछे । साँच्चै आज फगुनीमा श्वेतभैरवी रूप आएको देखेर ऊ चिच्याउदै भाग्छ । फगुनीले लखेट्दा र सानुबाबु भाग्दा दुबैलाई चोट लागेर रगत आउँछ र मिसिन्छ । यसरी रगतमा रगत मिलेर शान्त बनेकी फगुनी पुनः सामान्य भएर सानोबाबुसँग त्योट लागेको दागल सधैँ आफ्नो स्मरण गराउने कुरा बताउँछे । सानोबाबु वा म पात्रले ३५ वर्षपछि कोशीको भेल शान्त भएको र त्यो लेलहाको आँपको रुख र कोशीको भँगालोको अवस्था सम्झेपछि कथाको अन्त्य भएको छ । यसरी एकतिर कोशीको भेल र अर्कातिर फगुनीमा चढेको उन्मादलाई कथाले देखाएको छ ।

यस कथामा सामान्य ग्रामीण जीवन यापन गरिरहेका अतिविपन्न वर्ग या सम्पन्न वर्ग सबैमा यौन चाहना हुन्छ र त्यसले कुनै न कुनै रूपमा निकास लिएरै छाड्छ भन्ने प्रसङ्गलाई मुख्य उद्देश्य बनाएको छ । दमित यौन कामनाले श्वेतभैरवीका रूपमा यौन प्रतीकको प्रयोग गरी सोही अनुरूपको शीर्षक राखिएको छ ।

## यौन मनोविश्लेषण सिद्धान्तका आधारमा श्वेतभैरवी कथाको विश्लेषण

विश्वेश्वरप्रसाद कोइरालाका 'मधेसतिर' 'कर्नेलको घोडा' 'पवित्रा', 'श्वेतभैरवी' आदि नेपाली साहित्यका चर्चित यौनमनोवैज्ञानिक कथा हुन् । यस्ता कथामा कथावस्तुको प्रधानताभन्दा चरित्रको भित्री मनका उथलपुथल र त्यसबाट उत्पन्न अनौठा क्रियाकलापको चित्रण गरिएको हुन्छ । "यौन संवेगहरू दमित यौनेच्छाका कारण पात्रको मानसिक रुग्णावस्थाको विश्लेषण, यौन अतृप्तिमा विकास जस्ता फ्रायडीय यौन सिद्धान्तको प्रयोग गरिएको छ (पौडेल, २०६६: पृष्ठ ५९) । यसै आधारमा आफ्ना कथाका पात्रमा अचेतन मनको खोजी गरी त्यसबाट चेतनमनमा कस्तो प्रकारको परिणाम देखियो भन्ने कुरा देखाउनु कोइरालाको यौनमनोविज्ञानको प्रयोगगत सफलता हो । **श्वेतभैरवी** कथामा पनि सामान्य घटना वा परिवेशले पात्रलाई पारेको प्रभाव र त्यसबाट उत्पन्न असामान्य मनोदशा वा यौनावेगजन्य घटनाको वर्णन गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको **श्वेतभैरवी** कथाको शीर्षक नै प्रतीकात्मक छ । यस कथाकी प्रमुख नारी पात्र फगुनीको यौनावेगका अवस्थामा श्वेतभैरवी भनी यौनप्रतीकात्मक नाम दिएर त्यसै नामबाट कथाको शीर्षक राखिएको छ । फ्रायडीय यौन मनोविज्ञानमा आधारित रहेर कथा सिर्जना गर्ने कोइरालाका कथाहरू विशेष गरी सामान्य यौन मनोविज्ञान र असामान्य यौन मनोविज्ञान दुवै प्रकारका छन् । विवेच्य कथामा फगुनीको सामान्य मनस्थितिबाट विशेष परिवेशले गर्दा असामान्य मनोदशा उत्पन्न भएको अवस्थालाई देखाइको छ । सोर वर्षकी फगुनीले एकान्तमा एघार वर्षको ठिटो सानुबाबूलाई पाउँदा उत्पन्न मनस्थितिको कथामा यस्तो वर्णन छ :

> *आजकी फगुनीको विनोदप्रियता पनि अनौठो थियो । जसका बारेमा विनोद, हाँसो र ठट्टाको कल्पना गर्न सकिँदैन । त्यसमा हठात् यो प्रवृत्ति देख्दा एकछिन मानव चरित्रको रहस्यका प्रति आश्चर्य लाग्छ । फगुनीलाई आज के भएको छ । एकदम वाचाल भएर उठेकी छ । भन्छे– एक्लै*

*के बसेको बाबू ! साथीहरूसँग खेल्न नगएर । र ठट्टा गरेर फेरि भन्छे– एक्लै मन लाग्छ बस्न दुलही नभएर (श्वेतभैरवी अनुच्छेद १२) ?*

यहाँ कथाको प्रसङ्गअनुसार एकान्त वातावरणमा एउटा ठिटालाई पाउँदा फगुनीका मनमा यौन भावना जागृत हुन्छ र दुलहीको प्रसङ्ग झिकेर ठिटालाई अनौठो ढङ्गले नियाल्दै जिस्क्याउन पुग्छे ।

यसरी फगुनीले एकान्तमा अनौठो किसिमले हेर्दा र दुलहीको कुरा गर्दा एघार वर्षको सानुबाबूमा पनि अचेतन मनमा सुषुप्त अवस्थामा रहेको यौन भावनाका कारणले नै उत्सुकता र लज्जा उत्पन्न हुन्छ । म पात्रका माध्यबाट सानुबाबुको अनुभव यसरी प्रस्तुत गरिएको छ :

*विवाह, दुलही, प्रेम, यस्ता सम्बन्ध हुन् जसबारे त्यस उमेरमा मलाई त्यसै लाज लाग्थ्यो । यी शब्दहरूले कुन मार्मिक सम्बन्धलाई लक्ष्य गर्छन् त्यो म राम्ररी बुझ्न सक्दिनथेँ तर यति कुरा त बुझेको थिएँ यिनले कुनै गोपनीय सम्बन्धलाई लक्ष्य गर्छन् जसमाथि सदासर्वदा लज्जाको आवरण परेको हुन्छ । यो त्यस्तो बर्जित लोक हो जसमा केवल निर्लज्जतासँग हामीभन्दा बूढापाकाहरू मात्र प्रवेश गर्छन् । मेरो कान लाजले तानो भयो । मैले भने – धत् (अनु. १३) ।*

*... ऊ मरी मरी हाँस्न थाली । मेरा कान झन् राता हुँदै गए, उसको हाँसो उतिउति बढ्दै गयो । ... मैले पौरुष झिकेर सोधेँ– तिम्रो दुलाहा खोइ नि ? ... एउटा विचित्र आकृति गरेर ऊ मुस्कुराई भनी– तिमी (अनु. १४) ।*

यसरी एकान्तमा ठिटो र ठिटी दुई जना मात्र भएर गरिएको यस किसिमको संवादमा ठिटीमा त वचन, आकृति र हाउभाउमा यौन चाहना जागृत भएको देखाइएको भने ठिटमा समेत लज्जा, कान रातो हुनु आदिका कारण यौन उत्सुकता उत्पन्न भएको देखिन्छ तर त्यो अज्ञात ढङ्गको छ । यस कुरालाई तलको संवादले अझ पुष्टि गर्छ :

*... मलाई लाग्यो – कुनै एउटा ठूलो कुराको वेगलाई उसको शरीरले सह्माल्न थालेको छ । ऊ काँप्याजस्तो गर्थी ।*

*मैले भनेँ– धत् ! तिम्रो दुलाहा छ, मलाई थाहा छ । हैं फगुनी, दुलाहासँग किन बस्दिनौ तिमी ? ...भनिहालेँ नि ! हाँसेर भनी– तिमी मेरो दुलहा ।*

*अनि हठात् कठोर मूर्तिवत् भई । उसको हाँसो एकदम बिलायो (अनु. १५) ।*

यसरी सानुबाबूको कोठा लिप्न कोठामा प्रवेश गरेकी फगुनीले एक्लो अवस्थामा मनमा विभिन्न कुरा खेलाइरहेको ठिटोलाई पाउँदा उसको मनमा एकाएक विपरीत लैङ्गक आकर्षण हुनका साथै बाहिर र भित्र अरु कोही नहुँदा र दिउँसोको सुनसान वातावरणले उसको यौनाकाङ्क्षा उद्दीप्त भएर आउँछ । ऊ एकातिर लिप्नका लागि कोठा छोड्न हतार लाउँछे भने अर्कातिर मन, वचन र चेष्टाले अर्कै कुरातर्फ प्रेरित भइरहेकी छ । यस कुरालाई तलको भनाइबाट पुष्टि मिल्छ :

*यद्यपि शब्दले मलाई हतार गराउने चेष्टा त गर्थी तर कामले भने तरखर थिएन उसमा । केवल एउटा विचित्र दृष्टिपात गरिरही मउपर । उसमा विनोदको उल्लास अब थिएन र मलाई दुलहा भनेर जिस्क्याउँदा उसका आँखा टल्किँदैनथे– केवल कालो बादलको छाया त्यसमा पर्थ्यो । शरीर र दृष्टिमा आमोदको सट्टा एउटा कठोरता आएको जस्तो मलाई लाग्यो । कोशीमा बाढीको पहिलो हूल आउँदा नदीमा जुन एक प्रकारको तनाव देखिन्थ्यो त्यस्तै तनाव उसको दृष्टि र शरीरमा आयो । कोशीको त्यस कठोर तनावले हाम्रो इलाकामा एउटा आशङ्काको लहर फैलिन्थ्यो । सानो आशङ्काको लहर मेरो शरीरमा पनि फैलियो । मैले धत् भनैं । र उठेर बसैं, र फेरि त्यसै भनैं धत् । (अनु. १६)*

यसरी एकातिर सानुबाबुमा उत्सुकता र अर्कातिर फगुनीमा कामोत्तेजना क्रमशः विकास भएर बाहिर प्रकट हुन खोजिरहेको देखिन्छ । यहाँ फगुनीको यौनावेग उर्लिन लागिरहेको कुरा कोशीको कठोर बाढीको आशङ्काका माध्यमबाट देखाइएको छ । त्यसपछि :

*उसको शरीर झन् कठोर भयो, उसको दृष्टि झन् कालिमामय । उसको वाणीमा अनायास शुष्कता आयो । धोद्रो बोलीमा उसले सोधी– यहाँ अरु त कोही छैन ? तल नि ? हठात् जुरुक्क उठेर ऊ कोठा कोठा हेर्न थाली । ...उसको व्यग्रताले यताउता गरेको भयोत्पादक थियो । ... तल हेरेर फेरि मेरो कोठामा फर्किएर आउँदा उसको अनुहारको गोरोपन कुन्नि कहाँ लुप्त भइसकेको थियो । त्यसको ठाउँमा बैगनी वर्ण पोतिएको थियो, ... दम फुलेर त्यो स्वाँ स्वाँ गरिरहेकी थिई । ... छातीमा भयङ्कर रौद्रताले कालो चोलोबाट उसको यौवनचिह्न हरिणीको टाउकोमा उम्रेको सिङजस्तो कठोर र तीक्ष्ण भए । कोशीको बिरानो बालुवाका तटमा हठात् उठ्ने हावाको भुँवरीजस्तो हुरिँदै त्यो मनिर आई । 'तिमी मेरो दुलहा !' त्यही हावाको भुँवरीजस्तै तातो निःश्वास, त्यही बिरानो ठाउँको कुनै अतृप्त अशरीरी जीवनको हृदयलाई कम्पाउने किसिमको उच्छ्वास । (अनु. १७)*

यसरी यौनावेगको गति बढ्दै गएर एउटा अनौठो रूप धारण गरेर आँधी वा बाढीका रूपमा प्रकट भएको देखाइको छ । यहाँ फगुनीको कठोरता, दृष्टिमा प्यास, बोलीमा शुष्कता, एकान्तसेवनको तीव्रता, अनुहारको रङ परिवर्तन, वक्षका शिखरयुगलको तीक्ष्णता आदि यौन चिह्न, हाउभाउ, उच्छ्वास आदिको उल्लेखबाट मान्छेको यौन चाहना र अनुकूल वातावरणमा उत्पन्न अनौठा क्रियाकलापको प्रभावकारी ढङ्गले चित्रण गरिएको छ । त्यसै गरी फगुनीको यौनावेगको चरम अवस्थालाई तलको गद्यांशमा यसरी देखाइएको छ :

*त्यस दिन फगुनी फगुनी थिइन– त्यो कोशी नदीको त्यस्तो भङ्गालो भएकी थिई जो बाढीमा प्रलयको वेग लिएर उर्लिन्छ । र उग्र, भयङ्कर प्रलयङ्कारी हुन्छ, जब त्यसले मानिसका प्रति उन्मत्त भएर सबैलाई निल्दै हिँड्छ– हाहाकार मच्चाउँदै । त्यस्तै श्वेत भैरवी जाग्रत भएकी फगुनीको जटा हावामा फैलिएको आँखा निभेको आगो, चरणमा ताण्डवको शक्ति, कालो नीलो थियो, वक्षमा शृङ्गाङ्कुर, खुलेको मुखको गुफाबाट तप्त उच्छ्वासको  बाफ । श्वेतभैरवी फगुनी । (अनु. १९)*

माथिको अभिव्यक्तिमा प्रस्तुत कथामा पात्रका माध्यमबाट व्यक्त गर्न खोजिएको यौनावेगजन्य क्रियाकलापको चरम अवस्था देखाइएको छ । सामान्य अवस्थाकी फगुनीमा निहित यौनेच्छा बाह्य रूपमा प्रकट भएर उग्र रूप धारण गरेको हुँदा फगुनी श्वेतभैरवी बन्न पुगेकी छ । मान्छेभित्र यौन वासना सुषुप्त अवस्थामा रहिरहेको हुन्छ । त्यसलाई सामाजिक बन्धनका कारण दमित गरिएको हुन्छ । जब त्यसले उपयुक्त वातावरण पाउँछ तब त्यो जागृत भएर बाहिर प्रकट हुन्छ । त्यस बेला विभिन्न रूपमा कोमल वा कठोर अथवा सृजनात्मक वा कलात्मक ढङ्गले वा विध्वंसात्मक ढङ्गले पनि प्रकट हुन सक्छ । उक्त प्रसङ्गमा फगुनीको यौन चाहना कठोर रूपमा प्रकट भएको छ । यहाँ फगुनी यौनावेगले लगभग बेहोस भएर सानुबाबूमाथि जाइलागेकी छ ।

कथामा कुनै एउटा घटना वा पात्रको खास मनोदशा प्रकट गर्न खोजिएको हुन्छ । यहाँ खास गरी फगुनीको खास मनोदशा वा यौनावेगयुक्त मनोदशालाई प्रकट गरिएको छ । जसरी भेलपछि वा आँधीपछि वातावरण शान्त भए पनि त्यसले केही वा धेरै पछिसम्म प्रभाव पारेको हुन्छ, त्यसै गरी यौनावेग शान्त भएपछि पनि तज्जन्य प्रभाव पछिसम्म रहिरहन्छ भन्ने कुरा तलको गद्यांशमा प्रस्तुत छ :

> *एउटा ठूलो हुरी त बग्यो केही छिनपहिले । हामी दुबैलाई अज्ञात रूपबाट वृक्षलाई हल्लाएको झैँ गरेर उत्ताउने गरेर सेलाएर गयो । के त्यो बिर्सिने कुरा थियो ? जुन तूफान र आँधी बेहरीको एकान्त अनुभव केवल हामी दुबैलाई मात्र भयो । ... के त्यसले एउटा रहस्यमय सम्बन्धमा एउटा गोपनीयताभित्र हामीलाई बाँधेर गएन ? यो भर्खरैको अनुभव हाम्रो आफ्नो निजी कोष हो, त्यसमा अरु कसैलाई साझेदार गराउन उचित हुने छैन । अरुले यो कुरा थाहा पाए भने– मेरो बालक मनमा लाज होला भन्ने कुरा मात्र आइरह्यो । ... किन लाज होला, यसको विवेचना गर्ने बुद्धि ममा पलाइसकेको थिएन । लाज होला, कसैले थाहा नपाऊन् भनेर मैले भनेँ– मलाई ठीक छ, फगुनी !(अनु. २३)*

एघार वर्षको सानुबाबुमा परेका घटनाको प्रभाव, त्यसप्रति गोप्यता र लाजले गर्दा उसमा अज्ञात रूपमा भए पनि यौन भावना जागेको वा त्यसप्रति उत्सुकता लागेको देखिन्छ र यो स्वाभाविक नै हो । यदि यौन चतनाको अनुभूति नभइसकेको बालक भए त घटना गोप्य राख्ने प्रयासै गर्दैन नि । त्यस्ता आक्रमणका बारेमा हल्ला मच्चाएर फगुनीसँग विद्रोह गर्थ्यो वा डराउँथ्यो ।

फ्रायडीय मनोविश्लेषणका आधरमा मान्छेका सारा उन्नति र अवनतिको कारण यौन वासना नै हो पनि भनिएको छ । मान्छेले आफ्ना यौनजन्य चाहना परिपूर्तिकै लागि सृजनात्मक कार्य पनि गर्छ भने यौन कुण्ठाका कारण हत्या र आत्महत्यासम्मका कार्य पनि गर्न पुग्छ भनिएको छ । त्यस्तै हिस्टेरिया, डिप्रेसनजस्ता रोगहरू पनि यौन कुण्ठाबाट हुन सक्छ भनिएको छ । यस्तै कारणले सायद कतिपय अवस्थामा मान्छे बलात्कारी बन्छ भने बलात्कारको सिकार पनि बन्न पुग्छ । यौन वासना विकृत बन्यो भने विनाशकारी हुन्छ र सदुपयोग भयो भने सृजना, प्रेम तथा सन्तानोत्पादनको मूल कारण पनि बन्छ ।

बाह्र वर्षदेखि मान्छेको यौनेन्द्रिइक अवस्था सुरु हुन्छ भएको भए पनि प्रस्तुत कथामा एघार वर्षको सानुबाबुको मनमा रहेको यौन वासना मनमा विभिन्न कुरा खेल्नु, उत्सुकता, लज्जा र सङ्कोचका रूपमा

प्रकट भएको छ भने फगुनीभित्रको यौनवासना असामान्य भएर उर्लिएको छ । कथामा कोइरालाले म पात्रका माध्यमबाट फगुनीको शरीरिक वर्णन गर्ने क्रममा उसको असाधारण मानिने खैरो आँखा र केश राशि, अन्य शारीरिक बर्णन गर्नु पनि यौन मनोविज्ञानपरक प्रस्तुति नै हो ।

## उपसंहार

माथिको विश्लेषणबाट मानव मन तथा शरीरमा उमेरको वृद्धि र विकाससँगै यौन अवयवहरू सक्रिय बन्न पुग्छन् भन्ने मनोवैज्ञानिक तथ्य विवेच्य कथामा पुष्टि गरिएको देखिन्छ भने कथाकार कोइरालाको यौनमनोवैज्ञानिक कथाकारिताको सफलता पनि स्पष्ट देखिएको छ । मान्छे आर्थिक रूपबाट धनी वा गरिब बन्न सक्छ तर यौन कुण्ठा एकै प्रकारले सञ्चरण हुन्छ भन्ने यथार्थता समेत कथाका दुबै प्रमुख पात्रको मनोदशा र त्यसबाट उत्पन्न घटनाबाट देखाइएको छ । समयले प्राप्त गर्ने चाहे खोलाको भेल होस् या मानिसमा उत्पन्न हुने यौन चाहना होस्, आखिर कुनै न कुनै रूपमा निकास प्राप्त गरेर छोड्छ भन्ने फ्रायड तथा युङ्गको विचारलाई कथाकार कोइरालाले आफ्ना कथाबाट प्रस्तुत गरेका छन् ।

मानिसले उमेरगत रूपमा प्राप्त गरेको यौनजन्य विशेषतालाई कोइरालाले **श्वेतभैरवी** कथामा यौन मनेवैज्ञानिक तथा कलात्मक पाराले देखाएका छन् । यस कथाका पात्रहरूको असामान्य स्थितिको मनोदशा सिर्जना गराएर यौन मनोवैज्ञानिक संवेगहरूको समेत व्याख्या गरिएको छ । ठिँगुरिएको आँपले जस्तो भएपनि फल दिएको, कोशीको भेल र शान्त अवस्था, चुमौनको प्रसङ्ग आदि प्रतीकको प्रयोगले कथालाई असामान्य यौन मानसिकतामा अझ बढी सहयोग पुऱ्याएको छ । जसरी कोशी नदीमा समयको क्रमसँगै एक दिन भेल आउँछ, त्यसरी नै उमेरको विकाससँगै मानिसमा पनि यौन चाहना पलाएरै छोड्छ भन्ने श्वेतभैरवी कथाको मुख्य बिषय वस्तु रहेको छ । त्यसैले **श्वेतभैरवी** यौन मनोवैज्ञानिक दृष्टिले एउटा विशिष्ट कथा हो ।

## सन्दर्भ सामग्री-सूची

कोइराला, विश्वेश्वरप्रसाद, (२०५४), *श्वेतभैरवी* (तृतीय संस्क.), काठमाडौं : साझा प्रकाशन ।

गौतम, कृष्ण, (२०५९), *आधुनिक आलोचना : अलेक रूप अनेक पठन,.* ललितपुर : साझा प्रकाशन ।

पौड्याल, कृष्णविलास, (२०६६), *आधुनिक नेपाली आख्यान र नाटक,* काठमाडौं : नवीन प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद, (२०५६), *फ्रायड र मनोविश्लेषण,* काठमाडौं : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद, (२०५५), 'मनोविश्लेषण' *नेपाली साहित्यकोश* (सम्पा. ईश्वर बराल र अन्य), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद, (२०६१), *विश्वेश्वर प्रसाद कोइरालाका कथा,* काठमाडौं : साझा प्रकाशन ।

* सहायक प्राध्यापक, नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।
email: timsinadinesh33@gmail.com

# आधारभूत तहका बालबालिकाको चिठीलेखन

- अरुण बाँस्तोला*


## सारकथन

***आधारभूत तहका बालबालिकाको चिठीलेखन*** *शीर्षकको यस लेखमा झापाको अर्जुनधारा नगरपालिकाका छ वटा विद्यालयका साठीजना विद्यार्थीलाई नमुना जनसङ्ख्याका रूपमा लिएर चिठी लेख्न लगाई सामग्री सङ्कलन गरी त्यसको विश्लेषण गरिएको छ । सङ्कलित सामग्रीलाई तालिकीकरण गरेर विश्लेषण गरी प्रतिशतमा नतिजा निकालिएको छ । सामुदायिक र संस्थागत विद्यालय, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थी तथा छात्र र छात्राको चिठीलेखन क्षमताको तुलना गरी समग्रमा ५४.५% प्राप्ताङ्क आएकाले वद्यार्थीहरूको चिठीलेखन क्षमता मध्यम स्तरको रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट विद्यार्थीको चिठीलेखन क्षता सन्तोषजनक नदेखिएकाले सम्बन्धित पक्षलाई सुधारका लागि सुझाव दिइएको छ ।*


**मुख्य शब्द :** चिठी, आधारभूत, कक्षा, भाषा, अभ्यास, यान्त्रिक, सिप, प्राप्ताङ्क

## विषय परिचय

### विषयप्रवेश

मानिसका अनुभव तथा ज्ञानलाई पुस्तौं पुस्तासम्म संरक्षित गरी राख्न तथा सञ्चय गर्न लेखन कला नै एक मात्र भरपर्दो र महत्त्वपूर्ण माध्यम रहन्छ जसमा चिठी पनि पर्दछ । "चिठी मुख्यतया (१) घरायसी चिठी, (२) कार्यालयीय चिठी र (३) व्यावसायिक चिठी गरी तीन प्रकारका हुन्छन् ।" (भण्डारी र अन्य, २०६४, पृ. १८७) । यी तीन प्रकारकै चिठी शैक्षिक, वैयक्तिक, व्यापारिक लगायत जुनसुकै स्थान र गतिविधिमा आवश्यकतानुसार औचित्यपूर्ण रहन्छन् । विशेष गरी शैक्षिक क्षेत्रमा र अझ आधारभूत तहअन्तर्गत चिठीलेखनको महत्त्वपूर्ण स्थान रहेको छ । घर, कार्यालय, व्यापार, व्यवसाय सर्वत्र यसको महत्त्व रहन्छ । अर्थात् भाषामा लिखितम् व्यवस्थाअर्न्तगत चिठीको महत्त्व र गरिमा आज पनि उत्तिकै रहेको छ ।

नेपाली विषयका पाठ्यपुस्तकमा प्रारम्भिक, आधारभूत लगायत माध्यमिक र उच्च तहमा समेत चिठी लेखन प्रक्रियालाई हालसमेत निकै नै जोड दिइएको पाइन्छ । यसअनुसार आधारभूत तहको कक्षा आठको नेपाली (२०७४, पृ. ७९) पाठ्यपुस्तकमा 'दाजुलाई चिठी' शीर्षकमा एउटा चिठी विधा राखिएको छ । सोअन्तर्गत विभिन्न चिठीसम्बन्धी कार्यमूलक अभ्यासहरूको व्यवस्था गरिएको छ । उक्त पाठका आधारमा "आफूले जाडो बिदाको छुट्टीमा भ्रमण गरेको कुनै रमणीय ठाउँको वर्णन गरी आफ्ना साथीलाई चिठी लेख ।" लगायत चिठीलेखन सम्बन्धी सिर्जनशील अभ्यासमा आधारभूत तह कक्षा आठमा अध्ययनरत विद्यार्थीलाई प्रेरित गरिएको छ । यी र यति अभ्यासले मात्र विद्यार्थीहरू चिठीलेखन क्षमतामा अब्बल छन्

त ? यदि छन् भने के कति अब्बल छन् ? भन्ने सवालको यो खोजमूलक लेखबाट स्पष्ट खाका प्रस्तुत गरिएको छ । यसबाट प्रस्तुत अध्ययनको औचित्यसमेत स्पष्ट हुन जान्छ । विभिन्न तहमा लेखन सिप सम्बन्धी यसअघि धेरै अध्ययन, लेखन र खोजमूलक कार्यहरू भएतापनि झापा जिल्लाका कुनै पनि आधारभूत तह र कक्षामा चिठी लेखनसम्बन्धी अध्ययन गरिएको नपाइएकाले र यस विषयमा अध्ययन गर्न आफ्नै रुचिसमेत भएकाले यो लेख लेखिएको हो । आधारभूत तहमा चिठीलेखन क्षमता अध्ययनको यो लेखन झापा जिल्लामा पहिलो भएको छ । आधारभूत तहको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू चिठीलेखन सिपमा कतिको सक्षम वा अक्षम छन् त ? भन्ने तथ्य बाहिर ल्याउनसमेत प्रस्तुत लेखको भूमिका महत्त्वपूर्ण रहेको छ ।

प्रस्तुत लेखमा विद्यार्थीको लेखन सिप बुझ्न चिठीलेखन क्षमताको अध्ययनबाट निश्चय नै ठूलो सघाउ पुग्नेछ । लेखाइसम्बन्धी ढङ्गढाँचा पहिचान गर्न, लेखाइ क्षमताको तथ्यगत अध्ययन गर्न, विश्लेषण गर्न, विद्यार्थीको क्षमताका आधारमा भाषिक सिप सम्बन्धी पाठ्यक्रम र पाठ्यांश निर्माणका साथै अध्ययनमूलक, खोजमूलक पाठ्यपुस्तक निर्माणमा छनौट र स्तरण गर्नसमेत यो लेखले सहयोग पुर्याउने छ । त्यसैगरी लेखक तथा अनुसन्धाताले यसलाई अनुसन्धेय पूर्वसामग्रीका रूपमा समेत प्रयोग गर्न सक्नेछन् ।

## समस्याकथन र उद्देश्य

चिठीलेखन क्षमता लेखाइ सिपअन्तर्गत सिर्जनात्मक लेखनको निकै महत्त्वपूर्ण अभिलेखीकरण भएता पनि विद्यालय शिक्षाको आधारभूत कक्षामा समेत यस सम्बन्धी केही न केही समस्याहरू पाइन्छन् । यसलाई यी अनुसन्धानात्मक सवालहरूले अझ प्रस्ट पार्दछन् । समग्रमा आधारभूत तहका विद्यार्थीको चिठी लेखन क्षमता के-कस्तो छ ? सामुदायिक र निजी विद्यालयका विद्यार्थीको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति, छात्रा/छात्रको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो देखिन्छ ? र विद्यार्थीहरूमा चिठी लेखन सम्बन्धी के कस्ता कमि-कमजोरीहरू रहेका छन् ? यस लेखका समस्या हुन् । अतः यी सवालहरू अनुसन्धेय समस्याका रूपमा यहाँ रहेका छन् ।

उक्त समस्याको समाधानका रूपमा अनुसन्धानात्मक खोजी गर्ने कार्य प्रस्तुत लेखमा गरिएको छ । आधारभूत तहअन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूका भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा चिठी लेखन क्षमताको अवस्था निर्क्योल गर्नु र चिठी लेखनका क्रममा देखिएका समस्या खोजी गरी सुझाव प्रस्तुत गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनको सीमा र विधि

प्रस्तुत लेखमा नेपालको झापा जिल्लाको अर्जुनधारा नगरपालिका तीनवटा सामुदायिक विद्यालय श्री अर्जुनधारा मा.वि., श्री शनिश्चरे मा.वि. र श्री नवदुर्गा आधारभूत विद्यालय तथा तीनवटा संस्थागत विद्यालय रूपरत्न मेमोरियल बोर्डिङ स्कुल, एम्स एकाडेमी र स्वस्तिका शिशु सदनका कक्षा आठमा अध्ययनरत १०, १० जना गरी जम्मा ६० जना विद्यार्थीलाई नमूना जनसङ्ख्याका रूपमा लिइएको छ ।

तिनमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी २४ र विमातृभाषी ३६ जना विद्यार्थी, विद्यालयको प्रकृतिका आधारमा ३ निजी र ३ सरकारी विद्यालय, लैङ्गिकताका आधारमा ३० छात्रा र ३० जना छात्रहरूलाई लिई उनीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययनमा यो लेख सीमित छ ।

**आधारभूत तहका बालबालिकाहरूको चिठी लेखन** शीर्षक विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई यो लेख प्रस्तुत गरिएको छ । यसका लागि प्राथमिक स्रोतका सामग्रीका रूपमा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनौट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणत्मक विधिको उपयोग गरिएको छ । प्रतिनिधि नमूना छनोटका क्रममा झापा जिल्लाभित्र पर्ने अर्जुनधारा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट फरक फरक भाषिक पृष्ठभूमि भएका साथै छात्रा र छात्र पर्ने गरी प्रत्येक विद्यालयबाट दश दश जनाका दरले जम्मा तीसजना विद्यार्थीहरू लिइएको छ । सोही प्रक्रिया अवलम्बन गरी तीनवटा निजी विद्यालयहरूबाट तीस जनाकै सङ्ख्यामा विद्यार्थीहरूको छनोट गरिएको छ । यहाँ अध्ययनको प्रकृतिअनुसार विद्यार्थीहरूको लेखन सिप परीक्षण गरी तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले तथ्य सङ्कलनका लागि छनोट गरिएका विद्यार्थीहरूलाई अलग्गै कोठामा राखी विद्यालयका प्रधानाध्यापक र प्रतिनिधि शिक्षकको उपस्थितिमा आवश्यक निर्देशन दिएर निर्धारित चिठीलेखन शीर्षकमा २० मिनेट समय सीमाभित्र चिठीमूलक प्रश्नको उत्तर तयार गर्न लगाइएको छ । त्यसैगरी द्वितीयक स्रोतका सामग्रीका रूपमा विभिन्न पुस्तक, जर्नल, शोधपत्रहरू, आलेख, अनुसन्धानात्मक लेखरचना आदि सन्दर्भसामग्रीको उपयोग गरी विश्लेषणात्मक र व्याख्यात्मक पद्धतिद्वारा लेख तयार पारिएको छ ।

## सैद्धान्तिक पर्याधार र पूर्वाध्ययन

### सैद्धान्तिक पर्याधार

मौखिक र लिखित गरी भाषाका दुई रूप हुन्छन् । मनका अन्तर भावनालाई ध्वनि सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा र ध्वनि सङ्केतलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसक्ने स्थितिमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्ति आफूले अनुभव र ज्ञान गरेका कुरालाई अरूसमक्ष प्रस्तुत गर्न, सम्झनामा साँची राख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्छ (शर्मा र पौडेल २०७०, पृ. १४४) । भाषा मानवीय विचार विनिमयको सशक्त माध्यम हो । अतः भाषिक अभिव्यक्तिमा लेखाइ सिपको महत्त्व रहेको छ । “जोसँग बोलेर विचार विनिमय गर्न अप्ठ्यारो हुन्छ, ऊसँग लेखेर विचार विनिमय गर्न सकिन्छ । लेखाइमा अभिव्यक्तिकर्ताको अभिव्यक्ति देश र कालको सीमित चौघेराभित्र रहँदैन । आफूले अनुभव एवम् ज्ञानसँग र स्थानको सीमाभित्र नरही आफूलाई नै भागिदार बनाउने माध्यम एकमात्र लेखाइ भएकाले यसको महत्त्व विशेषतः शिक्षित वर्गमा अझै बढ्दै गइरहेछ । आफूले अनुभव एवम् ज्ञान गरेका कुरा सम्झनका लागि सञ्चित एवम् सङ्गठित राखी भविष्यमा आफ्ना लागि उपयोगी बनाउन पनि यसलाई प्रयोगमा ल्याउन सकिन्छ” ( अधिकारी २०६५, पृ ११०) । चिठीलेखन लेखन सिपअन्तर्गतकै महत्त्वपूर्ण र सधैँका लागि उत्तिकै सान्दर्भिक

लेखाइ विधा हो । आफ्ना विचार अरूसमक्ष पुर्याउनका कुनै व्यक्ति वा संस्थाले तयार पारेको लिखित सन्देशलाई चिठी भनिन्छ । चिठीको लेखन सूचना, मनको भावना, सन्देश, समाचार आदि पठाउनका लागि गरिन्छ । सबै किसिमका पत्रहरू, निवेदन, निमन्त्रणापत्र, विज्ञापन आदि चिठीका प्रकारका नै हुन् (बराल र एटम २०५९, पृ. २६६) । चिठीलेखन एउटा महत्त्वपूर्ण भाषिक कार्यकलाप हो । मुख्य रूपमा लिखित अभिव्यक्ति सिप विकासका लागि र समग्र भाषिक सिप विकासका लागि पनि चिठी लेखनको कार्यकलाप गराउन सकिन्छ । चिठी लेखनको कार्यकलाप गराउँदा विद्यार्थीहरूको स्तर, क्षमता, रुचि र अनुभवलाई ध्यान दिनुपर्दछ । "तीन कक्षाबाट माथि घरायसी र कार्यालयीय मध्येको विद्यालयीय चिठीको सामान्य अभ्यास गराउन सकिन्छ । आधारभूत तहमा प्राथमिक स्तरीय चिठी लेखन अभ्यासलाई अझ विस्तार गरी सामान्य व्यापारिक चिठीको पनि अभ्यास गराउन सकिन्छ । माध्यमिक तहमा पुग्दा घरायसी, व्यापारिक र कार्यालयीय (विद्यालयीय र प्रशासनिक निवेदन मात्र) सबै प्रकारका चिठी लेखनको अभ्यास गराउन सकिन्छ" (शर्मा र पौडेल २०७०, पृ. १५३) । यसप्रकारले चिठी लेखन सिप हासिल गरिसकेपछि विद्यार्थीहरू क्रमशः घरायसी चिठी, व्यापारिक चिठी तथा आवाश्यकतानुसार कार्यालायीय ढाँचाका चिठी तथा निवेदन लेखनको सिपमा निखार ल्याउँदै लिखित अभिव्यक्ति सिप र सिर्जनात्मक कौशलको विकासमा समेत दक्षता हासिल गर्न सक्षम हुनेछन् ।

## पूर्वाध्ययन

अधिकारी (२०६५) ले नेपाली **भाषाशिक्षण** पुस्तकमा भाषाशिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ सिप विकास गर्न जोड दिइएका छन् । उक्त पुस्तकमा लेखाइ सिपको महत्त्व, आवश्यकता, औचित्य, लेखाइको प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी, त्रुटिका क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखनबारेमा स्पष्ट पारएको छ । त्यसैगरी शर्मा र पौडेल (२०७०) को **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तकमा पनि भाषिक कलाका विभिन्न रूपहरूको चर्चा गर्ने क्रममा लेखाइ सिपसँग सम्बन्धित कार्यकलापहरूमा यान्त्रिक, निर्देशित, स्वतन्त्र वा सिर्जनात्मक चिठी, पत्र वा निवेदन लेखन सम्बन्धी विशेष चर्चा भएको देखिन्छ । चिठी शिक्षण शीर्षकभित्र चिठी शिक्षणको प्रयोजन, प्रक्रिया, शिक्षणक्रम आदिजस्ता पक्षहरूलाई समेटिएको छ । चिठी शिक्षणको प्रमुख प्रयोजन कक्षाअनुसार चिठीपत्र रचनाको आवश्यकता र  महत्त्वबारे जानकारी गराउनु, स्तरयुक्त नमूनाहरू पढेर सुनाउनु, सम्बोधन, अभिवादन, विषय, समापन, मिति, ठेगाना आदि कहाँ कसरी लेख्ने र प्रेषक तथा प्रापकका नाम, ठेगाना कहाँ लेख्ने, टिकट कहाँ टाँस्ने, खामको नमुना लगायत सम्पूर्ण व्यावहारिक पक्षबारे रोचक ढङ्गले चर्चा गरिएको छ । त्यसैगरी भण्डारी, लामिछाने र घिमिर ( २०६४) द्वारा **साधारण नेपाली-व्याकरण, पठनबोध र अभिव्यक्ति तथा कृति समीक्षा**मा घरायसी, कार्यालयीय र व्यावसायिक चिठी गरी मुख्यतः चिठीलेखन तीन प्रकारका हुन्छन् भन्दै चिठीका प्रकार र यिनको संरचनाबारे स्पष्ट पारिएको छ । यसमा चिठी, निवेदन, निमन्त्रणापत्र, सूचना आदिका नमुनाहरू तथा निर्देशित रूपमा चिठी लेखन सम्बन्धी पर्याप्त अभ्यासहरू प्रस्तुत गरिएको छ ।

लेखन सिप सम्बन्धमा ओडारी (२०७२) बाट **कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन** शीर्षकमा आफ्नो अध्ययनका लागि भोजपुर जिल्लाका साठी जना विद्यार्थीलाई अनुच्छेद लेख्न लगाएर

विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति सन्तोषजनक नरहेको, निदानात्मक वा निराकरणात्मक शिक्षणको खाँचो रहेको, निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको स्थिति राम्रो नरहेको, विमातृभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमताको स्थिति राम्रो साथै छात्राको भन्दा छात्रको अनुच्छेद लेखनको स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ । त्यस्तै कार्की (२०७०) बाट **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन** अध्ययनमा झापा जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीको लेखन क्षमता पत्ता लगाउने क्रममा समग्र विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर, सरकारी र निजी दुवै विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर, लैङ्गिक आधारमा मध्यमानभन्दा माथि छात्रहरूको क्षमता ३६.६७ प्रतिशत र छात्राहरू ४३.३३ प्रतिशत देखाउँदै दुबैको क्षमता सन्तोषजनक नभएपनि छात्रहरूभन्दा छात्राहरू बढी सक्षम, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी इतर विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरू क्षमतावान रहेको देखिएको छ । अतः आधारभूत तहको चिठीलेखनको अवस्था पहिचानका लागि माथिका अध्ययनहरू महत्त्वपूर्ण मार्गदर्शक बनेका छन् ।

## लेखाइ सिपको विकासमा चिठी लेखनको भूमिका

अभिव्यक्तिका दुई माध्यम बोलाइ र लेखाइमध्ये लेखाइ सिपका लागि अलिक बढी नै अभ्यासको आवश्यकता पर्दछ । लेखाइ मूलतः यान्त्रिक, निर्देशित, स्वतन्त्र वा सिर्जनात्मक गरी तीन प्रकारका रहेका छन् । लेखनकला शिक्षणका कार्यकलापहरू यान्त्रिक, निर्देशित र स्वतन्त्र वा सिर्जनात्मक ढङ्गमा आधारित हुन्छन् । यस्ता कार्यकलापहरूलाई प्रारम्भिक र उत्तरवर्ती कार्यकलाप गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । प्रारम्भिक कार्यकलापलाई प्राथमिक तहदेखि स्तरीकृत गर्दै माध्यमिक तहसम्म लैजान सकिन्छ । उत्तरवर्ती कार्यकलापहरू माध्यमिक तहदेखि उच्च कक्षासम्मका लागि उपयोग गर्न सकिने खालका हुन्छन् (शर्मा र पौडेल २०७०, पृ. १४७) । प्रारम्भिक कार्यकलाप अन्तर्गत हस्तलेखन, अनुलेखन, श्रुतिलेखन, श्रुतिरचना, प्रश्नोत्तरलेखन, वस्तु तथा चित्रवर्णन, अनुभव, घटना तथा यात्रावर्णन, चिठीपत्र लेखन, दैनिकी लेखन र भावविस्तार, भावव्याख्या वा प्रसङ्ग व्याख्या आदि पर्दछन् । अर्थात् चिठीलेखन प्रारम्भिक कार्यकलापकै उपज हो । माथि उल्लेख गरिएका तीन प्रकारका लेखन कला शिक्षणका कार्यकलापहरू यान्त्रिक, निर्देशित, स्वतन्त्र वा सिर्जनात्मकमध्ये स्वतन्त्र वा सिर्जनात्क र निर्देशित किसिमबाट चिठी लेखनको शिक्षण गराउनु लिखित अभिव्यक्ति सिप विकासका दृष्टिले उपयुक्त मानिन्छ । यदाकदा सुरु सुरुका कक्षाहरूमा यान्त्रिक लेखाइको कार्यकलापसमेत प्रयोगमा ल्याउन सकिन्छ । घरायसी चिठी व्यक्तिगत किसिमको हुने हुनाले अन्यभन्दा स्वतन्त्र किसिमको हुन्छ तर अन्य सबै चिठीपत्रहरू निर्देशित किसिमका ढङ्गढाँचामा बाँधिएका हुन्छन् । प्रारम्भिक तहमा घरायसी चिठी पनि निर्देशित किसिमकै हुन्छ तर त्यसभन्दा माथि पुग्दा क्रमशः व्यक्तिगत, भावात्मक आदि दृष्टिले पनि त्यसको प्रस्तुति मौलिक किसिमको हुँदै जान्छ । अन्य प्रकारका चिठीहरू व्यक्तिगत भावना विचार र दृष्टिकोणभन्दा आवश्यकता र विषयजनित वस्तुगत कुरासित मात्र सम्बन्धित हुन्छन् । व्यावहारिक जीवनका सन्दर्भमा अत्यावश्यक पर्ने चिठीपत्रहरूले विद्यार्थीहरूको वैयक्तिक र सामाजिक जीवनका व्यावहारिक समस्या समाधान गर्न सहयोग पुर्याउने हुँदा सानै कक्षादेखि स्तरणीकृत ढङ्गले अभ्यास गराउँदै लैजान आवश्यक मानिन्छ (शर्मा र पौडेल २०७०, पृ. १५४) । यस्ता अभ्यासहरूले चिठीको आदि, मध्य र अन्त्यको सङ्गठन उचित हुनुपर्ने मान्यता बमोजिम विद्यार्थीहरू आफ्ना अन्तर्मनका अथाह विचार र भावनालाई सबैले बुझ्नेगरी चिटिक्क अक्षरमा क्रमबद्ध

सिलसिलेवर ढङ्गले अभिव्यक्त गर्न सक्षम हुँदै जान्छन् । यसप्रकार लिखित अभिव्यक्ति सिप विकासका लागि चिठीलेखनको भूमिका धेरै रहेको छ । क्रमबद्ध लेख्ने, स्पष्ट लेख्ने, अरूलाई आकर्षित गरेर लेख्ने, सिर्जनशीलताको प्रयोगगरी लेख्ने, व्यावसायिक वा व्यापारिक प्रयोजनका लागि लेख्ने, जीविकोर्पाजन गर्न लेख्ने, कार्यालयीय प्रयोजनका लागि लेख्ने, तार्किक र कल्पनाशील विचार अभिव्यक्तिका लागि लेख्ने साथै शैक्षिक प्राज्ञिक व्यक्तित्व विकास गर्न लेख्ने जस्ता कुराको विकासका लागि कक्षा आठको जिल्लास्तरीय परीक्षामा पनि चिठी तथा निवेदन शीर्षक राखेर दश प्रतिशत अर्थात् दश अङ्कको चिठी वा निवेदन लेख्न दिइन्छ । कक्षा नौ र दशको वार्षिक तथा एस.ई.ई. परीक्षामा समेत चिठी लेखनको मूल्याङ्कनात्मक प्रश्नलाई दश अङ्क छुट्याइएको छ भने उच्च तहमा पनि १० प्रतिशताङ्क चिठीलेखन मूल्याङ्कनलाई दिइएको छ । अर्थात् चिठीलेखन सम्बन्धी अध्ययन अध्यापनलाई विशेष महत्त्वका साथ आजको अत्याधुनिक ईमेल र जीमेलको युगमा पनि प्राथमिकताकै क्रममा राखिएको पाइन्छ । चिठीलेखन कार्यकलापले विद्यार्थीहरूमा नेपाली भाषाको मानक लेखनक्षमता बढाउन सिर्जनशीलता वृद्धि गर्न सकारात्मक भूमिका खेल्ने हुनाले प्रारम्भिक तह पार गरेर कक्षा आठको आधारभूत तहका पाठ्यक्रममा चिठी विधा शिक्षण तथा चिठीलेखन शिक्षण दुईवटै पक्षमा विशेष रूपले ध्यान दिँदै चिठी विधा समाविष्ट गरिएको पाइन्छ । साथै लिखित अभिव्यक्ति सिप विकासमा चिठीलेखनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## आधारभूत तहका बालबालिकाको चिठी लेखन क्षमताको विश्लेषण

प्रस्तुत लेखमा झापा जिल्लाको अर्जुनधारा नगरपालिकाका तीन सामुदयिक र तीन संस्थागत विद्यालयका कक्षा ८ मा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई चिठी लेख्न लगाएर सामग्री सङ्कलन गरी प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । त्यस क्रममा हरेक प्राप्ताङ्कलाई एउटा मानक निर्धारण गरी अङ्कन गरिएको छ । सो अङ्कलाई तालिकीकरण गर्दै प्रतिशताङ्कमा उतारेर छुट्टाछुट्टै रूपमा विद्यालय प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा व्याख्या र विश्लेषण गरी आधारभूत तहका बालबालिकाको चिठीलेखन सिपगत दक्षतालाई केलाइएको छ । विद्यार्थीको चिठी लेखन क्षमता मापनका क्रममा चिठीको आदि, मध्य र अन्त्यको स्थान निर्धारण, उपयुक्त शैली, भाषा र त्यसको चयन, शीर्षक र विषयवस्तुमा केन्द्रित भए/नभएको, क्रमबद्ध र पूर्ण लेखन भए/नभएको आदि पक्षबारेको अध्ययन, मापन, अङ्कनका आधारमा राखेर छानिएका विद्यालयमा गई प्राथमिक तथ्याङ्कीय विवरण प्राप्त गरी सो विवरणलाई निम्न शीर्षक र उपशीर्षकमा व्याख्या र विश्लेषण गरिएको छ :

### समग्र विद्यार्थीहरूको चिठी लेखन

आधारभूत तह अन्तर्गत कक्षा आठमा अध्ययनरत बालबालिकाहरूको चिठीलेखनको समग्र अवस्था र उनीहरूको समूहगत अवस्था विशेषको तथ्यपरक विश्लेषण निम्नबमोजिम प्रस्तुत गरिएको छ :

#### *विद्यार्थीहरूको चिठी लेखन : समग्र अवस्था*

नमुना छनोट गरिएका जम्मा ६० जना विद्यार्थीमध्ये उत्तरपुस्तिका परीक्षण गरी चिठी लेखन क्षमताका आधारमा २५ प्रतिशतभन्दा कम, ५० प्रतिशत भन्दाकम, ५० प्रतिशतभन्दा बढी, ७५ प्रतिशत भन्दा बढी चिठी लेखन क्षमता भएका विद्यार्थीको विभाजन तालिकाबद्ध गरी तल प्रस्तुत गरिएको छ :

तालिका १

*प्रतिशतका आधारमा चिठी लेखनको अवस्था*

| जम्मा सङ्ख्या | २५ प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा बढी | | ७५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | २ | ३.३ | १२ | २० | ४२ | ७० | ४ | ६.७० |

उपर्युक्त तालिका अनुसार प्रतिनिधी नमुना छनोटमा परेका जम्मा ६० जना विद्यार्थीमध्ये २५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३.३ प्रतिशत तथा २५ प्रतिशतभन्दा बढी ५० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या २० प्रतिशत देखिन्छ । त्यसैगरी ५० प्रतिशतभन्दा माथि ७५ प्रतिशतभन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७० प्रतिशत रहेको माथिको तालिकाबाट प्रमाणित हुन्छ । ७५ प्रतिशतभन्दा बढी चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६.७० प्रतिशत देखिन्छ । उक्त तालिका अनुसार ५० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७० प्रतिशत देखिनुले समग्रमा हाल विद्यार्थीको चिठी लेखन क्षमता त्यति सन्तोषजनक नभएको पुष्टि हुन्छ ।

### ***विद्यार्थीहरूको चिठी लेखन : समूहगत स्थिति***

यसअन्तर्गत अध्ययनका निमित्त छनोटमा परेका विद्यालय र तिनको प्रकृतिका आधारमा संस्थागत र सामुदायिक, लिङ्गका आधारमा छात्रा र छात्र तथा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी गरी जम्मा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूको समूहगत अवस्थाको पहिचान गरिएको छ । त्यसको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २

समूहगत वर्गीकरण

| जम्मा सङ्ख्या | समूह वर्गीकरण: आधार | समूह | विद्यार्थी सङ्ख्या | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६० | विद्यालयको प्रकृति | निजी | ३० | ६०० | ३१९ | ५३.१७ |
| | | सरकारी | ३० | ६०० | ३३५ | ५५.८४ |
| | लैङ्गिकता | छात्रा | ३० | ६०० | ३४९ | ५८.१७ |
| | | छात्र | ३० | ६०० | ३०५ | ५०.८४ |
| | भाषिक पृष्ठभूमि | नेपाली मातृभाषी | २४ | ४८० | २८२ | ४७ |
| | | दोस्रो मातृभाषी | ३६ | ७२० | ३७२ | ६२ |

उपर्युक्त तालिकामा अध्ययनका निमित्त छनोटमा परेका तीन संस्थागत र तीन सामुदायिक गरी जम्मा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ । यीमध्ये विद्यालय प्रकृतिका आधारमा संस्थागत र सामुदायिक, लिङ्गका आधारमा छात्रा र छात्र तथा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी अर्थात् दोस्रो भाषाका रूपमा मात्र नेपाली भाषालाई बोली व्यवहारमा प्रयोग गर्ने विद्यार्थीलाई भिन्नाभिन्नै समूहमा विभाजन गरी तथ्याङ्कीय विश्लेषण गरिएको छ । सोही विभाजन उक्त तालिकाले स्पष्ट रूपमा व्याख्या तथा चित्रण गरेको देखिन्छ । विद्यालयको प्रकृतिका आधारमा दुई वर्गमा ३०/३० जनाका दरले विद्यार्थी विभाजन गरी अध्ययनलाई समावेशी बनाइएको छ । निजी क्षेत्रबाट सञ्चालित र सामुदायिक वा सरकारी क्षेत्रबाट सञ्चालित विद्यालयहरूमा प्रस्तुत अध्ययन केन्द्रित गरिएको छ ।

निजी र सामुदायिक विद्यालयको समग्र चिठी लेखन क्षमता हेर्दा निजी विद्यालयका विद्यार्थीहरूको कूल प्राप्ताङ्क प्रतिशत ५३.३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सामुदायिक वा सरकारी विद्यालयका विद्यार्थीहरूको कूल प्राप्ताङ्क प्रतिशत ५५.८४ प्रतिशत देखिन्छ । यस तथ्याङ्कलाई गहिरिएर हेर्दा नेपाली भाषा विषयअन्तर्गतको चिठी लेखन क्षमतामा निजीका तुलनामा सामुदायिक विद्यालयको प्राप्ताङ्क प्रतिशत उच्च देखिन्छ । यद्यपि समग्रमा भने निजी र सरकारी दुबै विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क अवलोकन गर्दा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च स्तरको नभई मध्यम स्तरको देखिन्छ । अर्थात् निजी र सामुदायिक विद्यालयको प्रतिशत अन्तर त्यति धेरै देखिँदैन । २.६७ प्रतिशतको भिनो अन्तरले मात्र निजी विद्यालयभन्दा सरकारी विद्यालय चिठी लेखन क्षमतामा आफ्ना विद्यार्थीलाई अग्रस्थानमा राख्न सफल देखिन्छ । यो खासै ठूलो अन्तर भने मानिदैन ।

तालिका २ अनुसार विद्यार्थीहरूको समूहलाई लिङ्गका आधारमा मूल्याङ्कन गर्दा छात्रातर्फ ३० जना र छात्रातर्फसमेत ३० जना विद्यार्थीहरू प्रस्तुत अध्ययनमा समावेश छन् । जम्मा छात्राहरूको चिठी लेखनको कूल प्राप्ताङ्क प्रतिशत ५८.१७ रहेको पाइन्छ । त्यसैगरी छात्रहरूको प्राप्ताङ्क प्रतिशत ५०.८४ रहेको देखिन्छ । समग्रमा छात्रा र छात्रको प्रतिशताङ्क तुलना गर्दा छात्रहरू भन्दा छात्राहरू ७.३३ प्रतिशत अङ्कले चिठी लेखन क्षमतामा अग्र भागमा रहेको देखिन्छ ।

अध्ययनको अर्को महत्त्वपूर्ण आधार भाषिक पृष्ठभूमि समेत हो । यस आधारमा हेर्दा नेपाली मातृभाषीतर्फ २४ जना र विमातृभाषीतर्फ ३६ जना विद्यार्थीहरू प्रस्तुत अध्ययनमा समावेश गरिएका छन् । नेपाली मातृभाषी विद्यार्थीको जम्मा प्राप्ताङ्क प्रतिशत ४७ र नेपाली विमातृभाषी विद्यार्थीको कूल प्राप्ताङ्क प्रतिशत ६२ प्रतिशत देखिन्छ । नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीको चिठीलेखन क्षमतामा निकै ठूलो अन्तर देखिन्छ । अर्थात् अनपेक्षित रूपमा १५ प्रतिशतको स्पष्ट अन्तर नेपाली र विमातृभाषी विद्यार्थीको चिठी लेखन क्षमताको प्राप्ताङ्क प्रतिशतमा देखिन्छ । यति ठूलो अन्तरको प्रमुख कारण नै झापा जिल्लामा दोस्रो भाषी विद्यार्थीको बाहुल्य देखिनुलाई लिन सकिन्छ ।

## चिठी लेखन क्षमतामा विभिन्न समूहहरूको तुलनात्मक स्थिति

यस अन्तर्गत लैङ्गिक आधारमा छात्रा र छात्र बिचको तुलना गर्न दुई समूहमा विभाजन गरी विद्यार्थीको कुल प्राप्ताङ्क र प्रतिशत निकालेर तिनको तुलनात्मक तथ्यगत विश्लेषण गरिएको छ ।

***चिठी लेखन क्षमतामा लिङ्गगत आधारमा छात्रा र छात्रबिचको तुलना***

तालिका ३

लिङ्गगत आधारमा प्राप्ताङ्क प्रतिशत

| लैङ्गिकता | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| छात्रा | ३० | ६०० | ३४९ | ५८.१७ |
| छात्र | ३० | ६०० | ३०५ | ५०.८४ |

उपर्युक्त तालिकामा लैङ्गिक आधारमा विभाजन गरी विद्यार्थीको कुल प्राप्ताङ्क र प्रतिशत निकालिएको छ । ३० जना छात्रा र ३० जना छात्र गरी जम्मा ६० जनाको सङ्ख्यामा समूह बनाई चिठी लेखन क्षमता परीक्षण गरिएको छ । २० पूर्णाङ्कको उक्त परीक्षणमा ३० जना छात्राहरूको कूल प्राप्ताङ्क प्रतिशत ५८.१७ अर्थात ३४९ अङ्क ल्याएको देखिन्छ । त्यसैगरी छात्रको प्राप्ताङ्क प्रतिशत ५०.८४ अर्थात कूल प्राप्ताङ्क ३०५ अङ्क रहेको देखिन्छ । छात्रा छात्र दुबैको प्राप्ताङ्क प्रतिशत हेर्दा दुबैको प्राप्ताङ्क मध्यम स्तरको देखिन्छ । यहाँ दुई बिचमा तुलना गर्दा भने छात्राहरूको चिठी लेखन क्षमता छात्रहरूको तुलनामा उच्च नै देखिन्छ । अर्थात् यसका आधारमा आधारभूत तहमा अध्ययनरत छात्राहरूको चिठी लेखन क्षमता छात्रहरूको भन्दा राम्रो रहेको छ भन्ने स्पष्ट हुन्छ ।

***विद्यालयको प्रकृतिका आधारमा चिठी लेखन क्षमताको तुलना***

यहाँ आधारभूत तहअन्तर्गत कक्षा ८ मा अध्ययनरत निजी र सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक बिश्लेषण प्रस्तुत गरिएको छ । त्यसलाई तलको तालिकामा देखाइएको छ :

तालिका ४

*विद्यालयको प्रकृतिका आधारमा प्राप्ताङ्क प्रतिशत*

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| निजी | ३० | ६०० | ३१९ | ५३.१७ |
| सामुदायिक | ३० | ६०० | ३३५ | ५५.८४ |

उपर्युक्त तालिकामा निजी र सामुदायिक विद्यालयबाट ३० ३० जनाका दरले जम्मा ६० जना विद्यार्थीहरू अध्ययनमा समावेश देखिन्छन् । यहाँ निजी विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता ५३.१७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालका विद्यार्थीहरूको चिठी लेखन क्षमता ५५.८४ प्रतिशत देखिन्छ । अर्थाथ तुलनात्मक रूपमा निजी विद्यालयका विद्यार्थीहरू भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता केही बढी नै देखिन्छ । दुई विद्यालयका बिचमा २.६७ प्रतिशतको अन्तर देखिन्छ । दुबैको प्राप्ताङ्क प्रतिशत हेर्दा त्यति सन्तोषजनक अवस्था देखिन्न । अत: विद्यालय प्रकृति अनुसार चिठी लेखन क्षमतामा सामान्य अन्तर देखिन्छ ।

### ***भाषिक पृष्ठभूमिका आधारमा चिठी लेखन क्षमताको तुलना***

यहाँ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थी तथा विमातृभाषी विद्याथीको चिठी लेखन क्षमताको तुलनात्मक विश्लेषणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५

*भाषिक पृष्ठभूमिका आधारमा प्राप्ताङ्क प्रतिशत*

| कुल सङ्ख्या | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|
| ६० | नेपाली मातृभाषी | २४ | ४८० | २८२ | ४७ |
| | दोस्रो भाषी | ३६ | ७२० | ३७२ | ६२ |

माथि उल्लेख गरिएको तालिकाको विवरणअनुसार भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूतर्फ २४ जना र विमातृभाषी विद्यार्थीतर्फ ३६ जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई अध्ययनमा समावेश गरिएको छ । नेपाली मातृभाषी विद्यार्थीको चिठी लेखन क्षमताको कुल पूर्णाङ्क ४८० मध्ये प्राप्ताङ्क २८२ अर्थात् ४७ प्रतिशत देखिन्छ भने दोस्रोभाषीको चिठी लेखन क्षमताको कुल पूर्णाङ्क ७२० मध्ये प्राप्ताङ्क ३७२ अर्थात् प्राप्ताङ्क प्रतिशत ६२ रहेको देखिन्छ । अर्थात् नेपाली मातृभाषी विद्यार्थीको तुलनामा विमातृभाषी विद्यार्थीको चिठी लेखन क्षमता १५ प्रतिशत अङ्कले उच्च रहेको देखिन्छ । समग्रमा विमातृभाषीको सङ्ख्या समेत धेरै र प्राप्ताङ्क प्रतिशत समेत स्वभाविक रूपमा धेरै देखिन्छ । अतः चिठी लेखन क्षमतामा दोस्रोभाषी विद्यार्थीहरू नै अब्बल छन् भन्ने पुष्टि माथिको स्थलगत अध्ययन तालिकाले गरेको देखिन्छ ।

## उपसंहार

### निष्कर्ष

झापा जिल्ला स्वाभाविक रूपमा विमातृभाषी विद्याथीको केन्द्र भएकाले यहाँका प्रायः विद्यालयहरूमा विमातृभाषी विद्यार्थीको बाहुल्य देखिने गर्दछ । प्रस्तुत अध्ययनानुसार आधारभूत तहको कक्षा ८ मा १५% अन्तरका साथ नेपाली मातृभाषीभन्दा विमातृभाषी विद्यार्थीको चिठीलेखनमा प्राप्ताङ्क प्रतिशत बढी देखिएको छ । लैङ्गिक दृष्टिले नियाल्दा छात्राहरूको चिठीलेखन छात्रको तुलनामा राम्रो देखिन्छ । निजी विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता अन्तर २.६७ प्रतिशतले बढी देखिन्छ । आधारभूत तहको कक्षा ८ माथि गरिएको यस अध्ययनमा प्राप्त तथ्याङ्क तालिकाबाट केही विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता औसत र केहीको सन्तोषजनक नै देखिएको छ । विद्यार्थीको चिठीलेखन क्षमताको नतिजा हेर्दा सर्वोत्कृष्ट अङ्क ल्याउनेले ८०% सम्म र कम ल्याउने बालबालिकाले १५% मात्र पनि ल्याएको देखिन्छ । यो निकै ठूलो अन्तर हो । विद्यालयको समग्र चिठी लेखन क्षमता अवलोकन गर्दा झापा अर्जुनधारा मा.वि.मा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमता निकै राम्रो देखिएको छ भने समग्र विद्यार्थीहरूको चिठीलेखन क्षमताको प्राप्ताङ्क प्रतिशत ५४.५% अर्थात् मध्यम स्तरको रहेकाले विद्यार्थीहरूको चिठीलेखन क्षमता त्यति सन्तोषजनक भने पाइएन ।

## समस्या

आधारभूत तहअन्तर्गत कक्षा ८ का विद्यार्थीहरूले भाषिक सिप अन्तर्गत लेखन र यसको गति नमिलाइकन तोकेको समयभन्दा ढिलो र सुस्त गतिमा चाहिनेभन्दा थोरै वा धेरै विषयवस्तु आफ्नो उत्तरपुस्तिकामा लेखेको पाइयो । अझ केही विद्यार्थीहरूको चिठीलेखन क्षमता ज्यादै नै कमजोर देखिएकाले उनीहरूमा पूर्वज्ञान र चिठीलेखनसम्बन्धी पर्याप्त अभ्यासको कमीसमेत देखिएको छ । धेरै विद्यार्थीहरू लेखनमा निकै अन्योल र अलमलको स्थितिमा देखिन्छन् । विद्यालयहरूले लेखन सम्बन्धी पर्याप्त अभ्यासहरू निकै कम मात्रामा गराइरहेका कारण यस्तो भएको हुनसक्छ । निजी विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको चिठीलेखन क्षमता मौलिक तथा सिर्जनात्मक देखिएको छ । छात्राको तुलनामा छात्रहरूले प्रश्नको उत्तर समयभित्र सही ढङ्गले दिन सकेका छैनन् भने तुलनात्मक रूपमा छात्राहरूको चिठीलेखन क्षमता उच्च देखिन्छ । प्रश्नको उत्तर दिँदा विद्यार्थीहरू प्रायः हडबडाएको, समयको उचित पालना नगरी उत्तर दिएको कुरा उनीहरूको चिठीलेखन उपलब्धिको नतिजामा देखिएको छ । विद्यार्थीको लेखनमा प्रयोग भएको भाषा अर्थात् विद्यार्थीको नेपाली भाषिक क्षमता तहगत आधारमा उक्सिएको देखिँदैन । चिठीको आकारप्रकार र सामान्य प्राविधिक कुरामा समेत विद्यार्थीमा अन्योल रहेको देखिन्छ । अतः "नेपाली विषय त हो नि अभ्यास बिना नै सहजै लेखिहालिन्छ नि" भन्ने नेपाली भाषाप्रतिको बढ्दो बेवास्ताले गर्दा अधिकांश विद्यार्थीहरूको नेपाली भाषिक लेखन र भाषाको व्यवहारिक प्रयोग खस्किँदै गएको कुरा यस अध्ययनबाट पनि देखिएको छ ।

## सुझाव

विद्यालयहरूले भाषिक सिपसँग सम्बन्धित अभ्यासहरू, विभिन्न व्यावहारिक लेखन प्रतियोगिताहरू, हिज्जे प्रतियोगिताहरू, भाषिक खेलहरू समय समयमा गराउँदै लैजानुपर्ने देखिन्छ । त्यसैगरी विद्यार्थीहरूमा यान्त्रिकसँगै मौलिक तथा सिर्जनात्मक लेखनसिप विकासका प्रयोगात्मक अभ्यासहरू तर्फ जोड दिनुपर्ने देखिन्छ । झापा भाषिक विविधतायुक्त क्षेत्र भएकाले पनि यहाँका विद्यालयहरूमा अनेक भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूको जमघट छ । अतः विद्यार्थीको भाषिक पृष्ठभूमि पहिचान गरी विद्यालयका प्रारम्भिक कक्षाहरूबाट नै नेपाली भाषिक क्षमता अभिवृद्धिका अतिरिक्त कक्षा सञ्चालनमा ल्याइनुपर्दछ । मुलुकको सङ्घीय, प्रादेशिक र स्थानीय सरकार, सरोकारवाला निकाय, पाठ्यक्रम विकास केन्द्र, पाठ्यक्रमविद्, भाषाविद्, मनोवैज्ञानिक,विद्यालय प्रशासन, भाषाका शिक्षक सबैले नेपाली भाषा र भाषिक सिप विकास, विस्तारका कार्यक्रमसहित व्यावहारिक किसिमका लेखन सिप वृद्धि गराउँदै त्यसप्रति प्रेरणा जगाउन नीतिगत प्रावधानबाट दीर्घकालीन, व्यवहारिक र कार्यान्वयनका तहमा उत्साहजनक कार्यक्रम लिएर जान सक्दा निकट भविष्यमा नै गुणात्मक नतिजा प्राप्त गर्न सकिन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, रामकुमार, (२०७३), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस् प्रा.लि. ।

अधिकारी, विष्णुप्रसाद, (२०७३), *निम्नमाध्यमिक शिक्षक स्रोत सामग्री-नेपाली,* काठमाडौँ : आशिष बुक हाउस् प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज, (२०६५), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्री विशाल, (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँः विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, सुजता, (२०७२), *कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्यामपस, सुरुङ्गा, झापा ।

ओडारी, राजकुमार, (२०७२), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवनविश्वविद्यालय, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

कार्की, मित्रजङ्ग, (२०७०), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

घिमिरे, ईश्वरकुमार, (२०७४), *प्रयोगमूलक माध्यमिक नेपाली व्याकरण र अभ्यासपुस्तक,* काठमाडौँ : रिडमोर पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

न्यौपाने, मोहनप्रसाद, (२०७२), *झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वर्णविन्यास क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

पौडेल, नवराज, (२०७१), कक्षा *सात पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय,कनकाई बहुमुखी क्यामपस, सुरुङ्गा, झापा ।

बराल, कृष्णहरि र एटम, नेत्र, (२०५९), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौँः तलेजु प्रकाशन ।

भट्टराई, रामप्रसाद, (सं.)(२०७३), *भाषिक अनुसन्धान विधि* (दो.सं.), काठमाडौँ : शुभकामना प्रकाशन प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि, लामिछाने, यादवप्रसाद, र घिमिरे, तुलसीराम, (२०६५), *साधारण नेपाली व्याकरण पठनबोध र अभिव्यक्ति कृतिसमीक्षा,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र ज्ञवाली, रामप्रसाद, (२०७४), *नेपाली कक्षा ८* (ते.सं.), सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकासकेन्द्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, क्षितिज, (२०७४), *झापा जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीको निवन्ध लेखन क्षमता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

---

* सहायक प्राध्यापक, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।
email: bastolaarun2020@gmail.com

# Reflection of Fishermen Community in Bikal's *Abiral Bagdachha Indrawoti*

- Durga Kafle*

**Abstract**

*This is a small attempt to analyze the canonical novel Abiral Bagdachha Indrawoti from the perspective of realism. This study seeks to explore the picture of fishermen community depicted in the novel. The fishermen community are living their lives under the utter poverty with suppression and domination upon them by the so-called ruling class people of the society. The fisherwomen are sexually exploited and the so-called ruling class has turned indifference to them. The novel not only reflects the picture of suppression and domination but also the uniqueness of their culture and tradition which makes them different to other communities.*

K**eywords:** Suppression and domination, reflection, unique culture, ignorance and poverty

## Introduction

The novel *Abiral Bagdachha Indrawoti* is written by Ramesh Bikal, a Nepali writer. He was born in 1985 B.S. in a Chalise family in Aarubari, Kathmandu. His real name was Rameshwor Prasad Chalise. Later on, he was known as Ramesh Bikal, one of the finest fiction writers in the modern and post-modern era of the Nepali literature. Bikal was born as an eldest child of Chandra Sekhar and Chhaya Devi Chalise. He was deprived of his mother's love because his mother died when he was just two years old. He was brought up by his grandparents but they too died early. As a result, Baikal's childhood was full of difficulties and miseries. Bikal faced all the problems that came across him. At one-point, Bikal was even known as a naughty boy and blame would usually fall upon him when anything went wrong in the neighbor-hood and he had even to flee home on numbers of occasions.

## Summary of the Novel

Ghimire (2040) writes about the novel that, the novel *Abiral Bagdachha Indrawoti* is the story of the Fishermen community living in the bank of Indrawoti river in Sagarmatha, the then zone in the central part of Nepal. The location of the

novel is hilly area and the whole novel reflects the actual life style of Fishermen communityand their struggles. This novel is the real picturization of the contemporary Fishermen community. The main characters in the novel are Bhuma, Budakaji, Sanokaji, Sovite, Jaimane, Bhime, Khinauri, Lalgedi etc. Bhuma is the oldest man in the whole community and also the chairperson of fishermen and danuwar community. Bhime and Jaimane are his two sons and Lalgedi is his only daughter. Triochankaji (Sano Kaji) and Chaturbhuj Kaji (Buda Kaji) are the characters of high-class society.

In the Novel, we can get the clear reflection of the Nepalese Fishermen community and their lifestyle, culture and the painful condition in which they are living. The Fishermen community lives in the bank of Indrawati river and they are suffering from the harsh situation created by the so-called rich class people of the society. The novel reflects the economic social and political aspects of the Fishermen community. The novel talks about the little wage given to the Fishermen in spite of their hard work. Not only that if they refuse to do the work, they have to suffer from different physical punishment. The people from high class family treat them as an object. Bhuma becomes very old and he respects high class people and works under them according to their order. He is of opinion that his ancestors had done the same thing and they also worked for Kaji family. So, the youngsters also have to follow the same tradition. But Sovite who is the protagonist of the novel stands against the opinion of Bhuma. He has an opinion that they need to live the life freely without domination and suppression of so called ruling rich class people of the society. He says that now they have to become free from the cage of boundaries of norms and values created by the rich class people of society which makes him the hero of the novel. These different thoughts represent the generation gap between the old and the youngest members of Fishermen community which is the social aspect of the novel. In the same manner, another important character in the novel is Lalgedi who is the daughter of Bhuma and beloved of Sovite. The main characters belonging to high class are BudhaKaji and Trilochhan Kaji (SanoKaji). Buda Kaji is the father of Sanokaji and he views that they have to suppress the poor class fishermen without giving chance to understand the suppression and domination. He is also the ruler but he rules differently or liberally and no one can stand against him due to respect paid upon him. But Trilochhankaji is different to his father. Suppression and domination are his nature. He enjoys torturing the poor fishermen. He exploits the females and forcefully uses them for his sexual pleasure. He also wants Lalgedi to fulfill his sexual desire but when Lalgedi refuses, it hurts his ego and becomes crueler than before. When Sovite comes to know it that all through Lalgedi, Sovite’s hatred towards Sanokaji increases to its extreme. With the

development of the plot in the novel we can clearly understand the innocence of fishermen and cruelty of rich class people.

In this way, each and every event of the novel actually presents the pain and suffering, domination and suppression upon the Fishermen community by the ruling class. The fishermen are poor and they have to depend upon their landlord to join their hands and mouth. The novel gives the reflection of the condition of Fishermen communitywhere the members of that community are physically, mentally, socially and economically exploited. In spite of their hard labor, they do not get their wage properly. Their wives and daughters are sexually exploited. It also depicts the suppressed voices of the community through the character Sovite. The novel represents the miserable condition of the poor farmers, women and the children of the Nepalese Fishermen community. The ending of the novel makes us understand that it is not the ending but the beginning of the revolution against suppression and domination. *Abiral Bagdachha Indrawati* is the novel where we can see the real picture of exploitation and domination upon the under-class people by ruling class.

**Objectives**

The main objective of this study is to analyze how the contemporary Fishermen community has been reflected in the novel and thereby to find out the domination and suppression upon them by the so-called ruling class people.

**Review of literature**

Essential books, articles, handouts and the materials concerning with this novel, *Abiral Bagdachha Indrawati* as well were studied to analyze the novel. The novel depicts the picture of Nepalese fishermen community lives in the bank of Indrawati River with the utter suppression upon them by the ruling class or rich class family of society (Bikal, 2040 B.S.). Many critics have overviewed the novel from their own perspectives. As mentioned in Investopedia (2011), this novel can be studied from Marxist point of view as there is the domination of bourgeoisies upon the proletarian and unequal distribution of rights among the people (p. 4).

Tufan (2013) writes that *Abiral Bagdachha Indrawoti* is the voice of Suppressed people who try to raise, however, they are tormented by the people of high-class society.(p. 54). From his opinion we understand that Bikal tries to raise the voice of suppressed people in the novel and reflect the actual reality of the society where their voices are hidden by the high -class people of the society. In the same manner, Singh

(2014) argues that this novel is written by flowing features of the river and in the same river, the sweat of the fishermen and danuwars has been flowing for centuries (p. 51). Here she has the opinion that the Fishermen communityare living in the bank of Indrawoti river by doing hard work since many years. Likewise, Lamichhane (2010) writes about the novel:

> *Bikal has used the subject matter of common people and their lifestyle in his novel, Abiral Bagdachha Indrawoti. He motivates them through his writing to get their rights which was snatched by existing ruling class of the society. In the same way, in this novel, he also motivates the victimized character to raise the voice against the existing norms, values and tradition made by so-called ruling class of the society.* (p. 69*)*

Abiral (2013), writes about the novel that, this novel is based on Nepali scenario and lifestyle of the Nepalese working class society. It depicts the culture and lifestyle regarding fishermen community. It shows the particular Nepalese fishermen community through characters and it gives actual reality of socio-cultural lifestyle of this community.

This novel is the reflection of Nepalese scenario and the lifestyle of the fishermen and women and their hard work is similar with the working and low class of people. By supporting his view, Ghimire (2040) writes about the novel:

> *In the novel, members of rich class are Sanokaji and Budhakaji, who are the landlords and theymake the poor Fishermen work in their lands without paying them wages. These fishermen are poor and uneducated and by this reason they are economically backward. They always suffer from the domination of rich class people. They have to work hard to join their hands and mouth but without doing hard work the rich people are enjoying their luxurious life.*

In the novel, landlords and feudal exploit the fishermen physically. The reason of their suffering is not only the domination but also due to their ignorance and illiteracy. The novel not only explores the pain and suffering of fishermen community rather it talks about the norms and values which make them different. Joshi (2011) expresses his view about the different norms and values of fishermen community reflect in the novel as:

> *In this novel we can get the free sexual culture of the Fishermen community. Unlike communities of the society which takes sex as an important thing for the girls before marriage. And if the girl has sexual intercourse before marriage, she*

*is regarded characterless in other communities. But in this novel, the Fishermen community takes it easily. They take physical relation as normal thing and if a male and female have sexual intercourse as per their wish before marriage, that is acceptable for them. In the same manner, it shows the cruelty and artificiality of rich class people. Sanokaji dominates people for his pleasure and his domination is open for poor Fishermen where as Budhakaji dominates them in different way that the fishermen are ignorant about the domination upon them. (p. 153)*

This statement explores the idea that this novel not only shows the suppression and domination upon the fishermen but also their unique lifestyle which reflects the clear picture of the fishermen community. The rituals, custom and tradition followed by them are their identity and reality. Generally, in other communities, there is a belief that physical intimacy before marriage is a sinful act and only married couple are permitted for that. But in the novel fishermen communities people easily take sexual intercourse which does not need a marital approval. Hutt (2011) writes about the novel that:

*In the context of Nepalese Literature, Nepali novel and stories have achieved its present state of development in shorter time than another genre. This area of literature has already been enriched by a number of classic and world class level novels and stories. The contribution of the figure such as Guru Prasad Mainali, Bhimnidhi Tiwari, Parijat as well as Ramesh Bikal can hardly be exaggerated. Nepali novelists are attempting to explore and establish new center. They no longer depict the stereotypic character such as idle protagonist. The famous novel and the stories are those where the writer uses the realism as literary tool. The setting is remote and generally protagonist of the novel suppressed and dominated through the high-class society and the novel written by Ramesh Bikal is the finest example of its.(p. 5)*

This statement makes clear that many Nepalese writer attemps to depic the real picture of the society in their writings. In the novel, Bikal shows the actual reality of the fishermen communities with their miseries. Like that the novel presents the reality of the fishermen community.

## Methodology

Although the novel has been observed from several other perspectives, the present research attempts to analyze it through the tool of realism. Abraham (2011) writes about realism that:

> *The term realism is derived from the Latin word realis which means belonging to the things itself. Realism in literature is the representation of objects, action and social condition as they are without presenting them in an abstract form. The use of realism in literature makes us to understand the actual reality and condition of the society as it is and very clearly. (p.269)*

This statement gives the idea that realism is a literary tool that create the literary work of art full of life. It not only gives life to the works and character but also makes the reader to feel oneself within the characters. In the same manner, 'In the Dictionary of Realism', realism is defined as the representation of how things really are, or being practical and facing facts. Likewise, literary devices.net defines realism as:

> *It focuses in the actuality of life, and truthfully treats the commonplace characters of everyday life. The purpose of using realism is to emphasize the reality and morality that is usually relativistic and intrinsic for the people as well as the society. (p. 327)*

Thus, realism is a literary tool to create reality in literature. The research attempts to explore the reality of the fishermen community in Bikal's novel *Abiral Bagdachha Indrawoti*.

## Critical Analysis/ Findings

After studying and analyzing the novel from the perspective of realism, the discussion has been presented under the following headings which describe how the real picture of the fishermen community reflects in the Bikal's novel *Abiral Bagdachha Indrawoti*.

i) Unique culture and tradition of fishermen community
ii) Miserable and painful life of fishermen due to ignorance and poverty
iii) Differences in the thoughts of two generations
iv) Suppression and domination upon them from so-called high-class people
v) Sexual harassment and molestation upon fisherwomen
vi) Political autocracy and beginning of the new journey

### Unique culture and tradition of Fishermen community

In this novel Bikal has presented unique culture of fishermen community. Among them a traditional way of marrying forcefully in the special occasion of fair is one. When Bhuma is worrying how to get Milauti because her father is richer than him,

Budakaji says "Why are you frightened Bhuma, if you love Milauti, then get her in Maghe Fair" (p. 5, translated). Thus, they have the tradition that if they like or love any fisherwoman, they forcefully get her as a wife in the special occasions and festivals. This culture of marriage makes them different and unique to other community's people.

In the same manner, the physical relationship between man and women before marriage is acceptable in this fishermen community. When Lalgedi suggests Khinauri not to make physical relation with many boys, Khinauri replies "Don't curse me Lali, it is my compulsion to have intercourse with them to fulfill my basic needs" (p. 37, translated). Likewise, when Bhuma hears the affair about Sovite and Lalgedi, he asks his daughter, "Lali, have you been pregnant with the baby of Sovite?" (p. 167, translated). In Bhuma's question we can understand that how easily a father asks her daughter about her premarital pregnancy. These examples point out that the sexual intercourse between unmarried people is easily accepted in fishermen community while it is a sinful act in other communities.

Likewise, another unique tradition of fishermen community presented in the novel is ceremony of *"Pitri Utarne Parba*" (p. 124, para. 2). Generally, in other communities the rituals relating to death are taken as seriously and they are performed by showing the sad emotion for the dead one. But in the novel fishermen community celebrates it with singing, dancing, drinking and eating feast which makes them unique than other (Bikal, p. 125). Another aspect which makes it unique is, they celebrate a death ritual during the time of Dashain for three days (p. 125). They sing a song happily and called their ancestors like:

*"come to wear, come to eat,*
*Come to enjoy come,*
*Come all dead soul,*
*Come to wear, come to eat.* (song, p. 125).

The ritual and ceremony are the source of entertainment for the young men of the community. They enjoy it. Here Jaibire says to Sovite, "Let's go Jogitar, Sovite, to observe *Pitri Parva*, we will have fun." (p. 127, translated)

**Miserable and painful lives of fishermen due to ignorance and poverty**

In the novel the condition of the fishermen is very pathetic and painful. They need to do hard work to fulfill their everyday needs and after doing the hard work also, they remain poor because they don't get the proper wage of their work (p. 27).

They don’t have their own lands and need to work in the land of landlords, after working very hard in the field, the large portion of productivity goes to the landlords as the rent of the land and they still remain poor. When Lalgedi and Khinauri talks about Sanokaji and Lalgedi advices Khinauri not to follow Sanokaji’s order, Khinauri replies, "I am sorry Lali, I don’t have anything to fulfill my hunger so I have work according to the desire of Sanokaji." ( p. 203, translated). They have to do hard work with many difficulties. As Lalgedi says with her friend while cutting grass, "In this hot sun also, we have to work, we need to cut grass, row boat and work in the field, but difficult to get the food twice a day." (p. 202, translated). But the painful situation of the fisherman makes no difference to Sanokaji. He views they need to serve their master at any cost. When he hears some young man of Fishermen community are not going to build a damp, he says, "Why these sons of pig need wage to work for me, these are our slaves and to serve us is their duty". (Sanokaji, p. 37, translated)

